PRABAHA

# प्रवाह

स्मारिका

अङ्क १५ भदौ - २०६९


भूमे थान, सल्लेरी, सोलुखुम्बु


अक्षयकोष दाता



विशेष भेला २०६९



क्षेत्रीय कार्यसमिति, धरान

**यस भित्र :**

विशेष भेला २०६९
स्थानीय, क्षेत्रीय तथा केन्द्रीय समितिको आर्थिक प्रतिवेदन २०६८
विविध साहित्यिक सामाग्रीहरू

जिमी (राई) उत्थान समाज, सोलु
केन्द्रीय कार्यसमिति, काठमाण्डौ

**<u>मुल्य रू</u>**

व्यक्तिगत : ५१/-

संस्थागत : १०१/-

**प्रकाशन समिति**:
जसिहाङ राई
कृष्णकुमार राई
थिरराज राई
उदास राई
अबि राई
बबिता राई
भीम कुलुङ
मुगा राई

**विशेष सहयोगी**:
बखत बहादुर राई
भोजानन्द राई
जे.बी. माइला

**प्रकाशक**:
**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

**Designers**
Raman Rai
Tilak 'Laka' Khaling
s u r a j r a i

मुद्रणः

UniTech MEDIA & ENTERTAINMENT (P.) Ltd.
BRINGING YOUR IDEAS IN REALITY

UNITECH MEDIA & ENTERTAINMENT PVT. LTD
Chabahil, Kathmandu
Ph.: 4468111
media.production@gmail.com
www.unitechmedia.com.np

# प्रकाशकीय

विश्वको सर्वोच्च-शिखर सगरमाथा अवस्थित जिल्ला सोलुखुम्बू स्वदेशमा मात्र होइन, विदेशसम्म पनि परिचित जिल्ला हो । सगरमाथासँगै Nuptse, Lhotse जस्ता अग्ला टाकुराको साथै दुधकुण्ड (नुम्बुर, कारेलुङ), आमाडब्लम्, मेरापिक, पुमोरी लगायत धेरै-धेरै हिमश्रृङ्खलाहरू समेत सोलुखुम्बूको परिचयभित्र अटाउँदछन् । उच्च हिमशिखर आरोही शेर्पा बन्धुहरू तथा हिमाली क्षेत्रका शेर्पा संस्कृति एवम् तिनका Lifestyle जससँग विश्वका कुनै पनि कुनाबाट उक्त क्षेत्र भ्रमणमा आएका व्यक्ति या भनौं पर्यटक चिरपरिचित छन् । यस कुरामा सोलुखुम्बु जिल्लाबासीलाई गौरव महसुस हुनु स्वाभाविक छ ।

उच्च हिमाली क्षेत्रका कारण देशी विदेशी सबैको नजरमा पर्न सफल सोलुखुम्बुका लागि यति नै पर्याप्त भने मान्न सकिन्न । सो लुखुम्बूको साख बढाउनमा विभिन्न समयमा केन्द्रसम्म नै पहुँच बनाउन सफल राजनीतिक व्यक्तित्वहरूसँगै विद्धान लेखक/साहित्यकार, शिक्षाविद, पर्यटनकर्मी, व्यवसायी, कलाकार, खेलकुदकर्मी, पत्रकार, सरकारी/ गैरसरकारी कर्मचारी, विकासे कार्यकर्ता, विदेशी सेवामा अझ भनौ सेनामा संलग्नहरू, संस्कृतिविद् लगायत सबै-सबैको यथेष्ट योगदान छ भन्नेमा शंका छैन ।

उल्लेखित तथ्यहरूसँगै यो जिल्लासित जोडिने अर्को महत्वपूर्ण पक्ष के हो भने आदिवासी किरात (जिमी) हरूको मूलथलो (बस्ती) पनि हो सोलुखुम्बु । अन्य विभिन्न जातजातिहरूसँग अत्यन्तै सौहार्द्र एवं सद्भावपूर्ण सबन्धका साथ रहँदै-बस्दै आएका किरात (जिमी) राईहरूसँग आफ्नै प्राचीन किरात सभ्यता छ, सस्कृति र परम्परा छ, भाषा र भेषभूषा छ, अझ खुलेर भनौं जुगौंदेखि सृष्टिको गाथा गाउँदै र सुनाउँदै आइरहेको यस किरात (जिमी) समुदायसँग आफ्ना आराध्यदेवको सुन्दर रचना प्रकृतिसँग अत्यन्त पवित्र सम्बन्ध/नाता छ ।

जिल्लाको दक्षिणतर्फ खासगरी तल्लो पहाडी भू-भागमा पशुपालन तथा खेतीपातीसँगै

शिक्षा, राजनीति, सेना प्रहरी लगायत सरकारी एवं गैंर-सरकारी, निजी क्षेत्रमा कार्यरत जिमी (राई) अन्तर्गत खास गरी उल्लेख्य संख्यामा थुलुङ, खालिङ, कुलुङ, नाछिरिङ, वाहिङ, भाषीहरू रहे तापनि अन्य भाषी किरात जिमीहरू पनि यस जिल्लामा रहेका छन् । यी हरेक भाषी जिमी (राई) हरूसँग आफ्नै भाषामा भनिने मुन्धुम तथा फरक-फरक संस्कार-संस्कृतिहरू छन्, पूजा विधिहरू छन्, आफन्त-पाहुना सत्कारका परम्परा छन् । जंगली कन्दमूलदेखि सिस्नो-ढिंडोसम्मका पुराना खानाका परिकार छन् । अल्लोदेखि घरबुना खाँडीका कपडा एवम् सुनाखरी लगायतका वनस्पति प्रयोग गरी बुनिने कलापूर्ण भेषभूषाका सामग्रीहरू साथै छन् ।

यिनै जिमीहरूसँग सृष्टिको गाथाले भरिएको मीठो लयको मुन्धुमी परम्परा छ । शास्त्रीय महत्वका मारुनी भाकाहरू छन् । ढोल, झ्याम्टा, शंख बिनायो, मुर्चुङ्गा लगायतका सांस्कृतिक बाजाहरू छन् । हरेकको मन-मुटु छुने मीठा लोक धूनहरू छन् । प्रकृतिको पूजक हुनुका नाताले प्रकृतिसँगै सम्बद्ध अनेकन् किवंदन्तीहरू/प्रसँगहरू एवम् पवित्र देवस्थलहरू छन् ,जसले प्रचुर मात्रामा रहेका प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धनमा समेत जागरूक बनाउँदछन् ।

वास्तवमा यी उल्लेखित सांस्कृतिक लगायतका सम्पदाहरू आदिवासी किरात समुदायका अमूल्य निधि हुँदै हुन्, त्यसमाथि समग्र राष्ट्रकै निधि समेत हुन् । युगौं अघिबाट संरक्षण सम्बर्द्धन सहित व्यवहारगत प्रयोग हुँदै आएका यी विधिहरूलाई कसरी जोगाउने हो, चुनौतिको विषय रहेको छ । हो, हामी एक्काइसौं शताब्दीमा छौं । आधुनिक विज्ञान र प्रविधिले संसारलाई अत्यन्त गतिशील बनाएको छ । समय अत्यन्त छिटो र महंगो भएको छ । भौतिक विकास र परिवर्तनले मानव जीवन नै यान्त्रिक बन्दै गएको छ । निश्चय नै यस्तै फरक-फरक अवस्थाहरूबीच हामीले सामञ्जस्यताको खोजी गर्दै अघि बढ्नु आजको आवश्यकता हो ।

हामीले हालको प्रतिष्पर्धात्मक जमानामा जुझारू भएर प्रस्तुत हुन अवश्य सक्नुपर्दछ । सँगसँगै आफ्ना प्राचीन सांस्कृतिक धरोहरहरूलाई समेत बचाउँदै जानु जरूरी यसर्थमा छ कि ती हाम्रा पहिचान हुन् । हाम्रा फरक-फरक मातृभाषाहरूमा सुन्दर साहित्य सिर्जिनु पर्दछ।हरेक फरक भाषीहरूबीच संस्कृति आदानप्रदान गरिनु पर्दछ । किरातजन्य लगायत अन्य जातिहरू हुँदै राष्ट्रिय र अर्न्तराष्ट्रिय तहसम्म हाम्रा सांस्कृतिक विविधताहरूलाई पुऱ्याउन सकेमा आन्तरिक र बाह्य दुवै रूपमा सांस्कृतिक, ऐतिहासिक, धार्मिक पर्यटन फस्टाउँदै जानेछ । आफू जन्मे-हुर्केको माटोलाई अत्यन्त माया र श्रद्धा गर्ने हामी किरात जिमीहरूले आफ्नै क्षेत्रमा रहेका प्राकृतिक स्रोत-साधनको दोहन गरी फाइदा लिंदै तिनको संरक्षण र प्रबर्द्धनमा समेत कसैको भर नपरी आफैं सक्रिय भूमिका खेल्नु जरूरी छ । किन कि ती स्रोत साधनमाथि हाम्रो अधिकारसँगै तिनको संरक्षण र विकास गर्नुपर्ने कर्तव्य पनि हाम्रै हो ।

जिमी (राई) उत्थान समाज सोलु स्थापनाको प्रथम वार्षिकीदेखि नै संस्थाले किरात जिमी समुदायको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक विकास गर्दै स्वस्थ समाज एवम् स्वच्छ वातावरण कायम गर्नका लागि माथि उल्लेख गरिए जस्तै विविध कार्यहरूमा सतर्कताका साथ सक्रिय भइ लाग्नुपर्ने दृष्टिकोण/विचार 'प्रवाह' मार्फत् राख्दै आएको छ । प्रकाशनको १५औं अंक मार्फत् हाम्रो सामूहिक लक्ष्य प्राप्तिका निम्ति संस्था र समुदाय उत्तिकै विश्वास र सौहार्द्रपूर्ण रूपमा प्रस्तुत हुन जरुरी रहेको व्यहोरा अनुरोध गर्दै सबै-सबैमा सफलताको शुभकामना व्यक्त गर्दछौं ।



यस बहादुर राई
अध्यक्ष

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

जिमी (राई) उत्थान समाजको १४औँ वार्षिकोत्सवको सुखद उपलक्ष्यमा नियमित प्रकाशन हुने 'प्रवाह' स्मारिकाको १४ औँ अंकमा अध्यक्षको हैसियतले खुशीका खबर लेख्न नपाउँदा दुःख लाग्नु स्वभाविकै हो । दश वर्षे जनयुद्ध पश्चात् बाह्रबुदे सहमति हुँदै राजनीतिको मूलधारमा प्रवेशपछि २०६२/२०६३ को १९ दिने जनआन्दोलनले निरंकुश राजतन्त्रको अन्त्य गरेपछि देशमा शान्ति बहाली हुनेछ, नागरिकको बाँच्न पाउने हकअधिकारको सुनिश्चितता हुन्छ भन्ने आम नेपालीको अपेक्षा र आकांक्षा थियो तर विडम्बना नै भन्नुपर्छ "मृग तृष्णा"मा परिणत भएको छ । नेपाल आमाका हजारौँ सन्तानले देश र जनताको खातिर बलिदान दिएका थिए त्यसले खोजेको परिणाम यति हो त ? पहिचान सहितको गणतन्त्र र गणतन्त्र सहितको संविधान लेखनको लागि ६०१ जनाको भीमकाय सभासद्हरू २ वर्षको म्याण्डेट दिएर पठाइयो । दुई वर्ष त के पटक पटक म्याद थप्दै ४ वर्षको बीचमा पनि नेपाली जनताले चाहेको संविधान जारी गर्न पूर्ण असफल भए । राष्ट्रको ढुकुटी रित्याउने काम सिवाय अरू केही भएन ।

वर्तमान राजनीति अत्यन्त तरल र अन्योलपूर्ण अवस्थामा छ । अब राजनीतिले कस्तो मोड लिने हो चिन्ताको विषय बनेको छ । देशको अर्थतन्त्र बजार व्यवसाय खस्कँदो अवस्थामा छ । महंगीले सर्वसाधारण नागरिकको ढाड सेक्ने काम भएको छ ।

जेहोस् यस्तो विषम् परिस्थितिको बाबजुद पनि समाजले भने आफ्नो नियमित कार्यहरू सम्पादन गर्दै आएको छ । विभिन्न भाषिक संस्थाहरू माझ सुमधुर सम्बन्ध कायम राख्न अहम् भूमिका निर्वाह गरेको छ । हामी जिमीहरूको चौतर्फी विकास र आमूल परिवर्तन ल्याउन शिक्षामा जोड दिनु नितान्त आवश्यक छ । शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपको कारण पठनपाठनमा शिथिलता आउनको साथै शिक्षास्तर गिर्दो अवस्थामा छ । शिक्षा क्षेत्रलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्छ भन्ने नारामा सीमित भएको छ । आफ्नो स्वार्थ पूरा गराउन विद्यालय बन्द गराउने र विद्यार्थीहरूलाई भऱ्याङ बनाएर स्वार्थ पूरा गर्ने जुन परिपाटी छ, त्यसलाई जबसम्म निस्तेज पार्न सकिँदैन तबसम्म देशलाई आवश्यक जनशक्ति उत्पादन गर्न सम्भव हुँदैन ।

आदरणीय अग्रज व्यक्तित्वहरू, हामीले टड्कारो रूपमा उठान गर्नैपर्ने विषय हो "साइनो" । हामी सबैले अनुभूत गरेकै कुरो हो कि दोस्रो पुस्ताका युवायुवतीहरू आजकाल नामबाट मात्रै बोलचाल गर्ने हुँदा साइनो के पर्ने हो थाहा नहुनु आश्चर्यको विषय होइन । दिदीबहिनी, भान्जी, दाजु, मामा के भन्नुपर्ने हो थाहा नभएकाले आफ्नै दर-सन्तानभित्र विवाह यदाकदा हुन लागेकाले यसलाई रोक्न तदारूकताका साथ साइनो केलाउने अनि साइनो ले बोल्ने प्रचलन बसाऔँ आफ्नो संस्कार संस्कृतिको जगेर्ना गरौँ ।

अन्त्यमा, १४ औँ वार्षिकोत्सवको सुखद उपलक्ष्यमा "रक्तदान जीवनदान" भन्ने नारालाई आत्मसात् गर्दै आफ्नो अमूल्य रक्तदान गर्नुहुने सम्पूर्ण दिदीबहिनीहरू तथा दाजुभाइहरूलाई बधाई तथा धन्यवाद दिन चाहन्छु । साथै सदा झैँ निःशुल्क लेख/रचना स्मारिका 'प्रवाह' प्रकाशनको निमित्त उपलब्ध गराउनुहुने सबै महानुभावहरूप्रति आभार व्यक्त गर्दछु । विज्ञापन दिएर आर्थिक सहयोग पुऱ्याउनु हुने मनका धनी व्यक्तिहरूलाई मुरी-मुरी धन्यवाद । 'प्रवाह' स्मारिका प्रकाशन संयोजक र उहाँको सहयोगीहरूलाई हार्दिक धन्यवाद !

जय ! जिमी समाज !

# सचिवको प्रतिवेदन



भोजानन्द राई
सचिव

मुलुक वर्तमान अस्थिर राजनीति, संविधान विहीनता, अशान्ति र संक्रमणकालबाट गुज्रिरहेको घडीमा समाजमा अराजकत्ता, असुरक्षा र दण्डहीनताले प्रश्रय पाउँदै आएको आभाष तपाई हाम्रो सामु छर्लङ्ग रहेको छ । यस विषम् परिस्थितिका बावजुद पनि यस जिमी (राई ) उत्थान समाज, सोलुले आफ्नो स्थायी पहिचान बनाउन सफल हुदै सिंगो समाज र सोलुबासी किरात राईहरूको भाषा, धर्म, कला, संस्कृति र इतिहासको संरक्षण, सम्वर्द्धन र विकासमा सहयोग पुऱ्याउने मुलभूत उद्देश्य लिएर वि.सं. २०५५ सालमा स्थापित यस जिमी (राई) उत्थान समाजले आज १४औं वर्ष पार गरी सकेको छ । यसै क्रममा समाजले गरेका कार्य योजनाहरू, सामाजिक कार्यहरू, संस्थाले वर्ष भरीमा गरेका उपलब्धिहरू समेतका बारेमा समय–समयमा यहाँहरू समक्ष वार्षिक साधारण सभा मार्फत प्रस्तुत गर्दै आइरहेका छौं भने संस्थाको वार्षिक रूपमा प्रकाशन हुने यसै 'प्रवाह' स्मारिका मार्फत पनि हामीले लिखित दस्तावेजको रूपमा जानकारी दिने जमर्को गर्दै आएका छौं । त्यसै अनुरूप विगत एक वर्षभित्र संस्थाले सामाजिक रूपमा गरेका उपलब्धि मूलक कार्यहरूको समीक्षा गर्दै उल्लेखनीय कामहरूको सम्बन्धमा छोटकरीमा प्रस्तुत गर्ने प्रयास गरेको छु ।

जिमी (राई) उत्थान समाज, स्थानीय समिति, सोलुको सक्रियतामा सोलुखुम्बूको सदरमुकाम सल्लेरीमा किरात संग्रहालय भवनको निर्माण २०६७ मा सम्पन्न भई हाल स्थानीय समितिको कार्यालय सोही भवनमा रही दैनिक कार्यसञ्चालन हुँदै आईरहेको छ भने स्थानीय समितिवाट गरिने किरात राईहरूको महान चाड मानिने उद्यौली–उभौली पर्वको कार्यक्रम, समितिको वार्षिकोत्सवलगायत स्थानीयस्तरमा गरिने सबै खालका कार्यक्रमहरू समेत सोही भवनमा गरिदैं आईरहेका कुरा अवगत गराउँदछु।२०६८ मा भएको महत्वपूर्ण चाड उद्यौली पर्वको अवसरमा स्थानीय समितिको बिषेश निमन्त्रणामा केन्द्रीय समितिका अध्यक्ष यस बहादुर राईज्यूको प्रमुख आतिथ्य र केन्द्रीय महासचिव केशर राईको उपस्थितिमा उक्त उद्यौली पर्वको कार्यक्रम विशेष रूपमा सम्पन्न भएको थियो भने सोही अवसरमा स्थानीय समितिलाई कार्यक्रम सञ्चालन गर्न अति आवश्यक एक सेट Sound System समेत केन्द्रीय समितिले उपलब्ध गराएको थियो ।

त्यसैगरी सुनसरीको धरानमा जिमी (राई) उत्थान समाज, सोलुको क्षेत्रीय समिति गठन भएपछिको केही समय सक्रिय रूपमा कार्य गर्दै आएको थियो, भने विविध कारणबस केही समय यता क्षेत्रीय समिति धरान निष्कृय रहेको अवस्थामा जिमी (राई) उत्थान समाजका केन्द्रीय अध्यक्ष यस बहादुर राईको नेतृत्वमा केन्द्रीय महासचिव सहितको उपस्थितिमा २०६८ फागुन १४ गते सुनसरीको धरानमा बसेको भेलाले पुर्ख्यौली घर सोलु भै हाल सुनसरी, धरान निबासी भूतपूर्व गोर्खा सैनिक श्री पुण्य बहादुर राईको अध्यक्षतामा १३ सदस्यीय क्षेत्रीय तदर्थ समिति गठन भएको थियो, भने उक्त क्षेत्रीय समितिले सक्रिय रूपमा कार्य गर्दै हाल सम्म आईपुग्दा संस्थाको विशिष्ट र

आजीवन सदस्यताको विस्तारले क्षेत्रीय समितिको कोषमा जम्मा हुन आएको रकमबाट तत्कालै धरान न.पा. भित्र १२ कठ्ठा जग्गा संस्थाको नाममा खरिद गर्न सफल भएको छ । त्यसैगरी क्षेत्रीय समितिले आफ्नो मातहत विविध शीर्षकमा अक्षय कोषको स्थापना गर्न लागिरहेको कुरा समेत जानकारी गराउन चाहन्छु । साथै क्षेत्रीय समितिले पुर्ख्यौली घर सोलु भई नेपालको पूर्वी भागमा रहनु भएका जिमी राई दिदीबहिनी एवं दाजुभाईहरूलाई समेटेर संस्थाको सदस्य बनाउने कार्य सक्रिय रूपमा अघि बढाइराख्नु भएको छ ।

वास्तवमै यस जिमी (राई) उत्थान समाज, सोलु स्थानीय जिल्लाभित्र बसोबास गरेका तमाम हामी किरात भाषी राईहरू समेटिएर एकआपसमा गरिएको आर्थिक, शैक्षिक, सामाजिक र नैतिक सहयोगबाट स्थानीय किरात राईहरूको भाषा, धर्म, कला, संस्कृति र परम्पराको संरक्षण, सम्बर्द्धन र विकास गरी राष्ट्रको सर्वाङ्गीण विकासमा एउटा ईटा थप्ने उद्देश्यले सामाजिक संस्थाको रूपमा स्थापना भएको यथार्थता भएता पनि स्थानीय सोलुबासी पाँच भाषिक किरात राई समुदाय मध्ये सबै समुदयलाई एकैसाथ संस्थामा आबद्ध गर्न सकिएको अवस्था थिएन । संस्थामा आवद्ध नभएतापनि हाम्रो भावनात्मक सम्बन्धमा निरन्तरता नभएको भने होइन, त्यसै क्रममा बारम्बारको छलफल र बहसवाट सहकार्य गर्ने उद्देश्यले जिमी (राई) उत्थान समाज, सोलु केन्द्रीय समितिको मिति २०६९ असार ३० गते बसेको बिशेष भेलाको निर्णयबाट स्थानीय सोलुबासी-५, किरात भाषिक समूदायवाट जिमी (राई) उत्थान समाजको केन्द्रीय कार्य समितिमा समेटिनु भएको छ ।

यस समाजको महत्वपूर्ण भूमिका भनेको स्थानीय किरात राईहरूको भाषा, धर्म, कला, संस्कृति र परम्पराहरूको संरक्षण र सम्वर्द्धन गर्नु नै रहेको भएतापनि व्यक्तिको आर्थिक, शैक्षिक प्रगतिबाट मात्र सामाजिक योगदान गर्न सकिन्छ भन्ने कुरालाई समेत प्राथमिकताका साथ अघि सारेको छ । संस्थाले आफ्नो स्थापना कालदेखि नै स्थानीय दाजुभाई तथा दिदीबहिनीहरूको जीवनस्तर उकास्नका लागि कृषि कार्यक्रमलाई आफ्नो नीति तथा कार्यक्रम भित्र समेटी "सोलखुम्बु अर्गानिक तरकारी कृषक समूह" नामक संस्था स्थापना गरी ललितपुरको हरिसिद्धि स्थित १०औं रोपनी क्षेत्रफल जग्गामा अर्गानिक तरकारीको व्यवसाय शुरू गरेको छ । स्थानीय जिल्ला सोलुखुम्बूमा रहेका मूल्यवान जग्गाको सही रूपमा सदुपयोग गरी स्वरोजगार र आय आर्जन वृद्धि गर्ने उद्देश्य रहेकोले यसलाई जातीय संस्था भन्दा वृहत रूपमा अगाडि बढाउन सोलुबासीलाई समेट्ने काम गरिएको छ । यस समूहमा सोलुखुम्बूकै आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू सहभागी रहनुभएको छ भने हाल दैनिक उपभोगमा रहेका आलु, टमाटर, सिमी, बोडी, डल्ले खुर्सानी, काउली, बन्दा लगायतका अर्गानिक तरकारी उत्पादन र बिक्री-वतरणमा आइसकेका छन् भने आगामी वर्षमा सोलुका कृषि प्रेमीहरूलाई अध्ययन भ्रमण र तालिम दिइने लक्ष्य रहेको छ ।

अन्त्यमा जिमी (राई) उत्थान समाजले आफ्नो दैनिक कृयाकलापको अलाबा राष्ट्रिय राजनीतिमा उठेका जातीय सवालको सम्बन्धमा किरात राईहरूप्रतिको आफ्नो धारणा स्पष्ट राख्दै आएको छ । मुलुकमा भएका आदिबासी किरात राईहरूको गतिविधिमा प्रत्यक्ष सहभागी हुँदै आएको छ । त्यसै अनुरूप आदिबासी जनजातिको हक, अधिकारको सवालमा नेपाल आदिबासी जनजाति महासंघबाट आयोजित विभिन्न कार्यक्रममा जिमी (राई) उत्थान समाजले सशक्त रूपमा सहभागीता देखाएको थियो भने आगामी दिनमा पनि आफ्नो हकअधिकारको सुनिश्चितताको लागि जिमी (राई) उत्थान समाज लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।



# हार्दिक शुभकामना

सोलुखुम्बु जिल्ला नेचा वेतघारी -१, यदेम निवासी स्व. पृथीबहादुर थुलुङ राई तथा स्व. शिव लक्ष्मी थुलुङ राईका सुपुत्र एवं यस समाजका केन्द्रीय सदस्य **जसिहाङ राई** तथा उदयपुर जिल्ला शिवाङ -९ निवासी सहरमान चाम्लिङ राई तथा मीठू थुलुङ राईका सुपुत्री **मुना चाम्लिङ राई** विवाह-बन्धनमा बाँधिनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल दाम्पत्य जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**

केन्द्रीय समिति, काठमाडौं



# हार्दिक शुभकामना

देउसा-६, सोलुखुम्बु निवासी श्री भक्त कुमार राई तथा नजुरमाया राईका सुपुत्र एवं यस समाजका केन्द्रीय समिति सल्लाहकार श्री केशव कुमार राई तथा देउसा-१, सोलुखुम्बु निवासी कर्माछिरी राई तथा सुनमाया राईका सुपुत्री सुमित्रा राई विवाह वन्धनमा बाँधिनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल दाम्पत्य जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**

केन्द्रीय समिति, काठमाडौं

## साधारण बचत (General Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू १००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५००- हुनै पर्नेछ । |
| ब्याजदर | ९.५०% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

## संस्थागत बचत (Corporate Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू ५०००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५,०००- हुनै पर्नेछ । |
| ब्याजदर | ९.५०% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| ब्याज गणना | दैनिक ब्याज गणना |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

## विशेष बचत (Special Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू ५०००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५,०००- |
| ब्याजदर | १०.००% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| ब्याज गणना | दैनिक ब्याज गणना |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

## गृहिणी बचत (Grihini Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू ५०००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५,०००- |
| ब्याजदर | १०.००% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| ब्याज गणना | दैनिक ब्याज गणना |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

## बृद्धा बचत (Briddha Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू ५०००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५,०००- |
| ब्याजदर | १०.००% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| ब्याज गणना | दैनिक ब्याज गणना |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

## बाल विकास बचत (Child Develop Saving)

| | |
|---|---|
| खाता खोल्न सकिने | रू ५०००-बाट |
| न्यूनतम ब्यालेन्स | रू ५,०००- |
| ब्याजदर | १०.००% मासिक न्युनतम बचतमा |
| समयावधि | खुल्ला |
| ब्याज गणना | दैनिक ब्याज गणना |
| विशेषता | जतिपनि रकम राख्न र झिक्न सकिने साथै कर्जाको सुविधा दिने |

**"माथि उल्लेखित विशेष बचत, गृहिणी बचत र वाल विकास बचतमा निम्न रकमको आधारमा ब्याजदर वृद्धि हुनेछ"**

| खातामा रहेको रकम | ब्याजदर |
|---|---|
| ५,००,०००- सम्म | १०.००% |
| ५,००,००१- देखि ५०,००,००० सम्म | १०.५०% |
| ५,००,००१- देखि माथि | ११.००% |

## आवधिक बचतमा पाईने ब्याजदर :

| अवधि | ब्याजदर | अवधि | ब्याजदर |
|---|---|---|---|
| ६ महिना | १०.००% | ३ महिना | १३.००% |
| १ वर्ष | ११.००% | ४ वर्ष | १४.००% |
| २ वर्ष | १२.००% | ५ वर्ष | १५.००% |

## मुद्दति बचतमा पाइने ब्याजदर :

| अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
|---|---|---|---|---|---|
| ३ महिना | १०.०५% | ११.५०% | - | - | १३% |
| ६ महिना | ११.००% | १२.००% | १२.२५% | - | १४% |
| १ वर्ष | १२.००% | १३.००% | १३.२५% | १३.७५% | १६% |
| २ वर्ष | १२.२५% | १३.२५% | १३.५०% | १३.७५% | १७% |
| ३ वर्ष | १२.५०% | १३.५०% | १३.७५% | १४.००% | १८% |
| ४ वर्ष | १३.००% | १४.००% | १४.५०% | १५.००% | १९% |
| ५ वर्ष | १३.७५% | १४.७५% | १५.००% | १५.५०% | २०% |

## कर्जा लगानी (Loan Investment)

| क्र.स. | कर्जा शीर्षक | ब्याजदर |
|---|---|---|
| १ | धितो कर्जा प्रवाह | २०% |
| | (क) उद्यमी कर्जा | २०% |
| | (ख) व्यवसायिक/व्यापारिक कर्जा | २०% |
| | (ग) शैक्षिक कर्जा | २०% |
| | (घ) भवन निर्माण कर्जा | २०% |
| | (ङ) वैदेशिक रोजगार कर्जा | २०% |
| | (च) घरेलु कर्जा | २०% |
| | (छ) हायर पर्चेन कर्जा | २०% |
| २. | विना धितो (सामूहिक जमानी) | |
| | (क) उद्यमी कर्जा | १८% |
| | (ख) व्यवसायिक/व्यापारिक कर्जा | १८% |
| | (ग) शैक्षिक कर्जा | १८% |
| | (घ) वैदेशिक रोजगार कर्जा | १८% |


# जनमुक्ति बहुउद्देश्यीय सहहकारी संस्था लि.
**JANAMUKTI MULTIPURPOSE CO-OPERATIVE LTD.**

Tamu Plaza, Sukedhara, Kathmandu
Phone: 4378621, 4370555, Fax: 977-1-4374532
E-mail: janamukti2056@gmail.com

# कोषाध्यक्षको प्रतिवेदन



बखत बहादुर राई
कोषाध्यष

आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ,

जिमी (राई) उत्थान समाज, सोलुको स्थापना कालदेखि नै हरेक वर्ष भव्य रूपले मनाउँदै आएको बार्षिकोत्सव लगायत बिभिन्न कार्यक्रमहरू तपाइँ सम्पूर्ण शुभचिन्तक तथा शुभेच्छुकहरूको सहयोग, सद्भाव र प्रेरणाकै कारण यस संस्था आज पनि जीवन्त रहन सफल भएको छ ।

जिमी (राई) उत्थान समाज, सोलुको १४औं वार्षिक साधारणसभा तथा 'प्रवाह' स्मारिका -को १५ औं अंक प्रकाशनको सु-अवसरमा यस समाजको आर्थिक वर्ष २०६८/०६९ को आर्थिक प्रतिवेदन पेश गरेको सादर अनुरोध गर्दछु । हरेक सामाजिक संघ संस्थाको मेरूदण्ड भनेको उसको सबल आर्थिक पक्ष हो। हरेक आर्थिक पक्षदेखि लिएर विभिन्न कारोबारहरू पारदर्शिताको निम्ति जिमी (राई) उत्थान समाज, सोलु स्थापना कालदेखि नै कठोर आर्थिक अनुशासन कायम राख्दै, निरन्तर सहयोग, सम्मान तथा अवसरहरू प्रदान गर्दै आर्थिक अवस्थामा सुधार ल्याउने निरन्तर प्रयास गरिरहेको सम्पूर्ण जनसमुदायहरूलाई सर्ब विदितै छ । समाजको आर्थिक सम्बन्धिको हिसाब-किताब हरेक वर्ष प्रकाशित हुने "प्रवाह" स्मारिकामा प्रकाशन गरिँदै आएको छ । आर्थिक पक्षको पारदर्शिता, जीवन्तता र निरन्तरताको निम्ति हरेक आर्थिक वर्ष सकिना साथ नेपाल सरकार द्वारा मान्यता प्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गरेर आर्थिक सम्बन्धि हिसाब किताबहरू दुरूस्त पार्ने काम भईरहेको कुरा अवगत गराउन चाहन्छु । सदा झैँ यसपटक पनि यस समाजको आर्थिक देखि लिएर विविध कार्यहरू सम्बन्धिको पूर्ण विवरणहरू "प्रवाह" स्मारिकामा प्रकाशन गरिएको छ । समाजको आर्थिक आय-ब्यय सम्बन्धिको श्रोतहरू केलाउनु पर्दा, आम्दानीको श्रोतमा, सदस्यता वितरण, प्रवाह स्मारिका बिक्री, सि.डी. बिक्री, देउसी/भैलो, चन्दा सहयोग लगायत यहाँहरूको सहयोग, सद्भाव र आदरणीय अक्षय कोष दाताहरूको सहयोग महत्वपूर्ण रहेको छ । प्रवाह स्मारिका छपाई, रक्तदान कार्यक्रम, उपचार सहयोग, मान-सम्मान र छात्रबृत्ति प्रदान इत्यादिमा भने ब्यय ब्यहोर्नु परेको छ ।

**यस आर्थिक वर्ष २०६८/२०६९ को केन्द्रीय आर्थिक प्रतिवेदन निम्नअनुसार रहेको जानकारी गराउन चाहन्छु ।**

# जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं
२०६९ आषाढ मसान्तको
वासलात

| गतवर्ष | पूंजी तथा दायित्व | अनुसूचि | चालूवर्ष | गतवर्ष | सम्पति तथा जायजेथा | अनुसूचि | चालूवर्ष |
|---|---|---|---|---|---|---|---|
| १,८४५,९९७०९ | वचत (चालू वर्ष सम्मको) | ९ | १,८६६,६८३८७ | [illegible]४,७९१९५ | स्थिर सम्पति | १ | २,०२२,५०३९६ |
| | कोष: | | | १३,७००००० | लगानी (लुम्बिनी फाइनान्स) | | १३,७००००० |
| ३३३,०००००० | विविष्ट सदस्यता | | ३३३,०००००० | | चालू सम्पति: | | |
| १७५,९००००० | आजिवन सदस्यता | | १७५,९००००० | ७५,२५८८८ | लिन बाकि हिसाव | ४ | ७९,३३१४४ |
| ४,३८०००० | साधारण सदस्यता | | ४,३८०००० | | पेश्की/सापटी/धरौटी | | |
| १,८८०,३०२०० | अक्षय कोष | ७ | १,९०१,०८७०० | | अन्तिम मौज्दात | | |
| | स्थिर सम्पति कोष | | | | अग्रिम खर्च भूक्तानी | | |
| | ऋण: | | | १,८८०,३०२०० | बैंक मौज्दात (अक्षय कोष) | ७ | १,९०१,०८७०० |
| | सूरक्षित ऋण | | | २५०,५२६२६ | नगद तथा बैंक मौज्दात | ३ | २६९,४२८४७ |
| | असूरक्षित ऋण | | | | लगानी (सुम्नीमा ब.तथा ऋ. स.) | | |
| ५,००००० | चालू दायित्व तथा व्यवस्था: | ५ | ५,००००० | | | | |
| ( | विविध साहू | | | | घाटा (आम्दानी भन्दा खर्चे बढि) | | |
| ४,२४४,५७९०९ | | | ४,२८६,०५०८७ | ४,२४४,५७९०९ | | | ४,२८६,०५०८७ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| बखत ब. राई | भोजानन्द राई | यस बहादुर राई | शुरेश प्रसाद शाह |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

# जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

२०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्त सम्मको

आम्दानी तथा खर्च हिसाब

| गतवर्ष | खर्च | अनुसूचि | चालूवर्ष | गतवर्ष | आम्दानी | अनुसूचि | चालूवर्ष |
|---|---|---|---|---|---|---|---|
| ( | कार्यक्रम | | ( | ( | साधारण सदस्यता | | ९००।०० |
| ४४,९७५।०० | कार्यक्रम (वार्षिक साधारण सभा) | | २६,७०९।०० | ५,०००।०० | आजिवन सदस्यता | | ३५,०००।०० |
| १०७,०४३।०० | कार्यक्रम (चौसि भैलो) | | ८१,७०४।०० | ( | सहयोग (श्रद्धाञ्जली) | | ९,५००।०० |
| ( | कार्यक्रम (बनभोज) | | | ( | सहयोग (केशव कुमार, सुमित्रा राई शुभसगुन) | | ५०,०००।०० |
| ५४,३७०।०० | प्रकाशन (स्मारिका) | | ९७,८३३।०० | ( | अन्य (लाभांस, लुम्बिनी फाईनान्स) | | |
| ४,४६०।०० | कार्यक्रम (रक्तदान) | | ५,१३०।०० | ( | कार्यक्रम (प्रीमीयम शो) | | १२,५९०।०० |
| ८,४६०।०० | कार्यक्रम (आन्तरीक, बैठक तथा बिविध) | | ३३,४६६।०० | १५,०००।०० | बिशिष्ट सदस्यता | | ७२,०००।०० |
| ५१,३२५।०० | कार्यक्रम (सहयोग) | | | १६१,९३५।१७ | ब्याज (अक्षयकोष) | | २३८,४८९।७४ |
| ४०९,६३७०० | अन्य खर्च | २ | ५८८,५२६।३२ | ५९,४५५।०० | बिबिध आम्दानी | ६ | ७७,८२०।०० |
| २२,६९७।३२ | ह्रासकट्टी | १ | २५,६४७९९ | १४,४१३।०० | वनभोज | | ७,४१४।०० |
| ८४,६०५।०० | कार्यक्रम खर्च (किरात राई अ.सम्मेलन तथा महोत्सव) | | | २८,३८४।४० | ब्याज (बैंक जम्मा) | | २६,३२२।३५ |
| | | | | ९६,६१२।०० | कार्यक्रम(कि.रा.या.) | | ८०,०२०।०० |
| | | | | ११,१३०।०० | बिक्री (स्मारीका) | | ३५,९८०।०० |
| | | | | २९१,६६४।०० | चौसि भैलो | | २३३,६६७।०० |
| | वचत (खर्च भन्दा आम्दानी बढि) | | २०,६८६।७८ | १०३,९७८।७५ | घाटा (आम्दानी भन्दा खर्च बढि)) | | |
| ७८७,५७२।३२ | | | ८७९,७०३।०९ | ७८७,५७२।३२ | | | ८७९,७०३।०९ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| बखत ब. राई | भोजानन्द राई | यस बहादुर राई | शुरेश प्रसाद शाह |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

# जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

आ. व. २०६८/०६९

अन्य खर्चको विवरण: अनुसुचि २

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | छपाई तथा मसलन्द | १२,४१०।०० | |
| २ | शुल्क तथा दस्तुर | ५,३३१।३२ | |
| ३ | सम्मान कार्यक्रम | २६,२३०।०० | |
| ४ | स्थानीय समिति सहयोग (किरात संग्रहलय भवन, भुमेस्थान तथा अन्य | २६२,०२०।०० | |
| ५ | कार्यलय खर्च (वेवसाइड) | २०,०००।०० | |
| ६ | छात्रबृति, पुरस्कार | ४६,०००।०० | |
| ७ | स्थानीय समिति सहयोग (बाद्याबादन र पुस्तक) | ७५,१५०।०० | |
| ८ | स्थानीय साधारण सभा खर्च | २६,६००।०० | |
| ९ | कार्यलय खर्च (अक्षयकोषदाता) | २०,७८५।०० | |
| १० | सहयोग खर्च (बिरामी) | २९,५००।०० | |
| ११ | स्थानीय कार्यक्रम (सचेतना तथा अभिमुखि, उभौली र बि.भेटघाट) | ५९,५००।०० | |
| १२ | लेखापरीक्षण | ५,०००।०० | |
| | जम्मा: | ५८८,५२६।३२ | |

नगद तथा बैंक मौज्दातको विवरण: अनुसुचि ३

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सगरमाथा मचेण्ट एण्ड बै. फाइनेन्स लि. | १७,१८०।०४ | |
| २ | किस्ट मर्चेन्ट बैंक (८६०३) | | |
| ३ | हिमालयन बैंक लिमिटेड | ३,७४४।१७ | |
| ४ | जनमुक्ति को अपरेटिभ | १२६,६०३।६६ | |
| ५ | किस्ट मर्चेन्ट बैंक (७२०३) | | |
| ६ | आई.सि.एफ.सि.बित्तिय संस्था लिमिटेड | १२१,९००।६० | |
| | जम्मा: | २६९,४२८।४७ | |

लिन बाकि हिसावको विवरण: अनुसुचि ४

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | राई बहादुर राई | १७,०००।०० | |
| २ | इन्द्र कुमार राई | १२,५६०।०० | |
| ३ | अन्य आसामी | ४९,७७१।४४ | |
| | जम्मा: | ७९,३३१।४४ | |

चालु दायित्वको विवरण: अनुसुचि ५

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | लेखापरीक्षण | ५,०००।०० | |
| | जम्मा: | ५,०००।०० | |

बिविध आम्दानीको विवरण: अनुसुचि ६

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | २,५२०।०० | |
| २ | बिज्ञापन आय | ७५,३००।०० | |
| | जम्मा: | ७७,८२०।०० | |

बैंक मौज्दात (अक्षय कोषको विवरण): अनुसुचि ७

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स | ८६३,२३९।०० | |
| २ | जनमुक्ति मल्टिपर्पोज को अपरेटिभ | ९०४,८४८।०० | |
| ३ | आई. सि. एफ सि. वित्तिय संस्था | १३३,०००।०० | |
| | जम्मा: | १,९०१,०८७।०० | |

अक्षय कोषको विवरण: अनुसुचि ८

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | दौलत बहादुर राई माध्यमिक शिक्षा छात्रवृति कोष | ५४,८६८।०० | |
| २ | जिमी राई उत्थान समाज माध्यमिक शिक्षा छात्रवृति कोष | ८३,५२२।०० | |
| ३ | गोकर्ण राई उच्च शिक्षा छात्रवृति कोष | १११,६१५।०० | |
| ४ | विष्णु चन्द्र उच्च शिक्षा छात्रवृति कोष | १५९,८९५।०० | |
| ५ | छितु नैनाशुभा राई स्मृति शिक्षा कोष | २०४,६००।०० | |
| ६ | धनवीर राई स्मृति छात्रवृति कोष | १६४,६२३।०० | |
| ७ | बैशा खालिङ्ग स्मृति मेडिकल ट्रष्ट | ५५,७५०।०० | |
| ८ | धनशुभा राई स्मृति मेडिकल ट्रष्ट | ५५,९७७।०० | |
| ९ | दाजु भाई मेडिकल ट्रष्ट | २०६,०१५।०० | |
| १० | फुरदिकी शेर्पा (राई) स्मृति मेडिकल ट्रष्ट | ५१,१४०।०० | |
| ११ | इश्वरी राई स्मृति मेडिकल ट्रष्ट | ५७,५३०।०० | |
| १२ | बाकधन राई स्मृति मेडिकल ट्रष्ट | १३३,०००।०० | |
| १३ | प्रेकुरा स्मृति क्यान्सर मेडिकल ट्रष्ट | ८२,९००।०० | |
| १४ | निम्ठुले विष्णुमाया राई स्मृति मेडिकल ट्रष्ट | ५१,६२५।०० | |
| १५ | राजवीर राई स्मृति कला तथा साहित्य कोष | ११०,१८५।०० | |
| १६ | सूर्य बहादुर / असारमाया राई स्मृति पत्रकारिता कोष | ५१,०००।०० | |
| १७ | मन लक्की उद्यमी कोष | ११३,०९१।०० | |
| १८ | श्री नौबहादुर राई स्मृति खेलकुद कोष | ५२,५६१।०० | |
| १९ | मदन कुमार राई परिवर्तन अभियान कोष | १०१,१९०।०० | |
| | जम्मा: | १,९०१,०८७।०० | |

वचत कोषको विवरण: अनुसुचि ९

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | वचत (गत वर्ष सम्मको) | १,८४५,९९७।०९ | |
| २ | वचत (चालू वर्ष) | २०,६८६।७८ | |
| | जम्मा | १,८६६,६८३।८७ | |

# जिमी (राई) उत्थान समाज

*नया बानेश्वर, काठमाडौं*

आ. व. २०६८/०६९

वासलातसँग सम्बन्धित अनुसूचिहरु

*स्थिर सम्पनतिको विवरण:*

*अनूसुचि १*

| समुह | विवरण | विवरण | परिमाण | गतवर्षको जम्मा | चालू वर्षमा थप रकम | मिति | जम्मा मूल्य | ह्रासदर प्रतिशत | ह्रासकट्टी रकम | बाकि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | जग्गा | जग्गा | | १,९२२,२००।०० | ( | | १,९२२,२००।०० | | ( | १,९२२,२००।०० | |
| | | जम्मा: | | १,९२२,२००।०० | ( | | १,९२२,२००।०० | | ( | १,९२२,२००।०० | |
| ख | अफिस सामान | अफिस सामान | | ४६,०७७।४३ | ( | | ४६,०७७।४३ | २५ | ११,५१९।३६ | ३४,५५८।०७ | |
| | | जम्मा: | | ४६,०७७।४३ | ( | | ४६,०७७।४३ | | ११,५१९।३६ | ३४,५५८।०७ | |
| ख | फर्निचर | फर्निचर | | ९,२८६।०१ | ( | | ९,२८६।०१ | २५ | २,३२१।५० | ६,९६४।५१ | |
| | | जम्मा: | | ९,२८६।०१ | ( | | ९,२८६।०१ | | २,३२१।५० | ६,९६४।५१ | |
| ख | वाद्यवादन सामाग्रि | वाद्यवादन सामाग्रि | | ४७,२२८।५१ | २३,३६०।०० | | ७०,५८८।५१ | २५ | ११,८०७।१३ | ५८,७८१।३८ | |
| | | जम्मा: | | ४७,२२८।५१ | २३,३६०।०० | | ७०,५८८।५१ | | ११,८०७।१३ | ५८,७८१।३८ | |
| | समरी | जग्गा | | १,९२२,२००।०० | ( | | १,९२२,२००।०० | | ( | १,९२२,२००।०० | |
| | | अफिस सामान | | ४६,०७७।४३ | ( | | ४६,०७७।४३ | | ११,५१९।३६ | ३४,५५८।०७ | |
| | | फर्निचर | | ९,२८६।०१ | ( | | ९,२८६।०१ | | २,३२१।५० | ६,९६४।५१ | |
| | | वाद्यवादन सामाग्रि | | ४७,२२८।५१ | २३,३६०।०० | | ७०,५८८।५१ | | ११,८०७।१३ | ५८,७८१।३८ | |
| | | जम्मा: | | २,०२४,७९१।९५ | २३,३६०।०० | | २,०४८,१५१।९५ | | २५,६४७।९९ | २,०२२,५०३।९६ | |

# जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं
२०६९ असार मसान्तको
**नगद प्रवाह विवरण**

| सि. नं. | कोषको श्रोत | अनुसूचि | रकम | रकम |
|---|---|---|---|---|
| १ | शूरु मौज्दात | | | २५०,५२६।२६ |
| २ | आयकर पुर्वको खूद नाफा/(नोक्सान) | | २०,६८६।७८ | ४६,३३४।७७ |
| | **समायोजन:** | | | |
| | ह्रासकट्टी | | २५,६४७।९९ | ( |
| | अपलेखन | | ( | ( |
| | ब्याज खर्च | | ( | ( |
| | प्रोभिजन | | ( | ( |
| | स्थिर सम्पति विक्रीमा नोक्सान | | ( | ( |
| | अन्य खर्चहरु (नन् क्यास) | | ( | ( |
| | स्थिर सम्पति विक्रीमा नाफा | | ( | ( |
| ३ | पूंजी | | | ( |
| ४ | ऋण | | | ( |
| | जम्मा: | | | २९६,८६१।०३ |
| | | | | |
| | **कोषको उपयोग:** | | | |
| १ | चालू पूंजीमा बृद्धि | | | |
| | अन्तिम मौज्दात | | ( | |
| | लिन बाकि हिसाव | | ( | ४,०७२।५६ |
| | पेश्की/सापटी/धरौटी | | ( | ( |
| | अन्य | | ( | २०,७८५।०० |
| | चालू दायित्व | | | (२०,७८५।००) |
| | | | | ४,०७२।५६ |
| २ | अचल सम्पति | | | २३,३६०।०० |
| ३ | भूक्तानी (आयकर तथा अन्य) | | | ( |
| ४ | ब्याज खर्च | | | ( |
| ५ | अन्तिम मौज्दात | | | २६९,४२८।४७ |
| | जम्मा: | | | २९६,८६१।०३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| बखत ब. राई | भोजानन्द राई | यस बहादुर राई | शुरेश प्रसाद शाह |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

**अक्षयकोष**:

एक समुदायको मुली भै यस जिमी (राई) उत्थान समाज, सोलुको पनि आदरणीय अक्षय कोष दाताहरूको सहयोग, सद्भाव र प्रेरणा उच्चतम रहेको छ । हालै मात्र सोलुखुम्बु जिल्ला, सल्यान गा.बि.स. वडा नं. १ जन्मस्थल भई हाल यु.के.मा रहनुभएका श्री जीत बहादुर राई र श्रीमती बी.बी. राईद्वारा पूज्यनीय माता धनसरी राईको स्मृतिमा “धनसरी राई स्मृति मेडिकल ट्रष्ट” को स्थपना गर्नु भएको छ । जो असक्षम, असफल, दु:खी र पीडादायी नाजुक अवस्थामा छन् जसलाई हाम्रो आमालाई भै अर्थात् आमा जस्तै बिरामी हुन सक्छन् जसलाई केही मात्र, अलिकति भए पनि राहत् अर्थात् थप सहयोग मिलोस् भनी जिमी (राई) उत्थान समाज, सोलुको मातहतमा अन्य अक्षयकोषहरू भै सञ्चालन हुने गरी रू.१००,२००|०० (अक्षेरूपी एक लाख दुई सय) मूलधन राशीको अक्षयकोष (धनसरी राई स्मृति मेडिकल ट्रष्ट)को स्थापना गर्नुभएको छ । उहाँहरू लगायत अन्य अक्षयको षदाताहरू प्रति समाज उच्च कदर गर्दै अभार प्रकट गर्दछ । हालसम्म यस संस्थाको अक्षयकोषहरू: स्वास्थ्य तर्फ ९ वटा (रू.७९४,१३७), शिक्षा तर्फ ६ वटा (रू. ७७९,१२३), उद्यमी तर्फ २ वटा (२१४,२८१), पत्रकारिता तर्फ १ वटा (५१,०००), खेलकुद तर्फ १ वटा (५२,५६०), र कला तथा साहित्य तर्फ १ वटा गरी जम्मा २० वटा रू.२०,०१,२८६ |०० मूलधन राशीको स्थापना भईसकेको कुरा पनि अवगत गराउन चहान्छु ।

## हाल सम्मको अक्षयकोषका विवरणहरू यसप्रकार रहेका छन् ।

| अक्षयकोषको शिर्षक | अक्षयकोष दाता/संस्थापक | उद्देश्य | शुरूको मूलधन | हाल सम्मको मौज्दात रू.मा |
|---|---|---|---|---|
| दौलत बहादुर राई माध्यमिक शिक्षा छात्रबृत्ति | श्री स्व. दौलत बहदुर राई, कागेल-१ | शिक्षा | ५०,०००.०० | ५४,८६८.०० |
| जिमी (राई) माध्यमिक शिक्षा छात्रवृत्ति | जिमी (राई) उत्थान समाज, काठमाण्डौं | शिक्षा | ७५,०००.०० | ८३,५२२.०० |
| गोकर्ण राई उच्च शिक्षा छात्रबृत्ति | श्री गोकर्ण राई, मुक्ली-४, | | १००,०००.०० | १११,६१५.०० |
| छिते नैनशुभा राई स्मृति शिक्षाकोष | श्री तेज बहादुर/चन्द्र ब./ शिर विर/ शेर ब. राई ,नेचा बतासे-९ | शिक्षा | २००,११५.०० | २०४,६००.०० |
| विष्णु चन्द्र उच्च शिक्षा छात्रवृत्ति कोष | बिष्णु, चन्द्र राई, नेचा बतासे | शिक्षा | १५५,५५५.०० | १५९,८९५.०० |
| धनविर राई स्मृति छात्रवृत्ति कोष, | श्री कृष्ण बहादुर/बसन्त राई नेचा बतासे, | शिक्षा | १५०,०००.०० | १६४,६२३.०० |
| निम्ठुले विष्णुमाया राई स्मृति कोष, | श्रीमती सुन्दरी राई, नेचा बतासे -९ | स्वास्थ्य | ५०,०००.०० | ५१,६२५.०० |
| बैश खालिं मेडिकल ट्रष्ट | श्रीमती राधा देवी राई, सल्यान-१, | स्वास्थ्य | ५०,०००.०० | ५५,७५०.०० |

| | | | | |
|---|---|---|---|---|
| धनसुभा राई स्मृति मेडिकल ट्रष्ट | श्री यस वहादुर राई, सल्यान-१, | स्वास्थ्य | ५०,०००.०० | ५५,९७७.०० |
| ईश्वरी राई स्मृति मेडिकल ट्रष्ट | श्री तुल बहादुर राई, सल्यान-६, | स्वास्थ्य | ५५,५५५.०० | ५७,५३०.०० |
| फुर्दिकि राई (शेर्पा) स्मृति मेडिकल ट्रष्ट | श्री पुर्णदास राई, देउसा -१ | स्वास्थ्य | ५०,०००.०० | ५१,१८०.०० |
| दाजु भाइ मेडिकल ट्रष्ट | श्री जसु राई/पर्खि राई/ मानवीर राई, बासा-७ | स्वास्थ्य | २००,०००.०० | २०६,०१५.०० |
| प्रेकुरा स्मृति मेडिकल क्यान्सर ट्रष्ट, | श्री नन्दराज राई, नेचा, बतासे-६ | स्वास्थ्य | ६०,६१५.०० | ८२,९००.०० |
| धनसरी राई स्मृति मेडिकल ट्रष्ट | श्री जीत बहादुर राई/ बी.बी. राई सल्यान-१ | स्वास्थ्य | १००,२००.०० | १००२०० |
| राजवीर राई स्मृति कला तथा साहित्यकोष | श्रीमती बिद्य देवी राई, सल्यान-१ | कला तथा साहित्य | १००,०००.०० | ११०,१८५.०० |
| सूर्याबहादुर/आसमाया राई स्मृति कोष (पत्रकारिता) | श्री लइन्द्र कुमार राई, रूगा-७, सल्यान, | पत्रकारिता | ५०,०००.०० | ५१,०००.०० |
| नं मन लक्की उद्यम कोष | श्री मन बहादुर वाहिँ राई, दूइघरे-६, नेचा बतासे, | उद्यमी | १११,१११.०० | ११३,०९१.०० |
| नौबहादुर राई स्मृति खेलकुद कोष | श्री धन कुमार राई, माँफगाऊ-६, जुभिँ | खेलकुद | ५१,१११.०० | ५२,५६१.०० |
| मदन कुमार राई परवर्तन अभियान कोष - | श्री मदन कुमार राई सुनाकोठी, ललितपुर | उद्यमी/बानी परिवर्तन | १००,०००.०० | १०१,१९०.०० |

**छात्रबृत्ति प्रदान, सम्मान तथा आर्थिक सहयोग**ः

हरेक वर्ष भै यस आर्थिक २०६८/०६९ मा पनि जिमी (राई) उत्थान समाज, सोलुद्वारा निम्नबमोजिम छात्रबृत्ति प्रदान, सम्मान र आर्थिक सहयोग गरिएको छ ।

१) गोकर्ण राई उच्च शिक्षा छात्रवृत्तिः
   २ जना (रू. ९,०००।००)
२) जिमी (राई) माध्यमिक शिक्षा छात्रबृत्तिः
   २ जना (रू. ७,०००।००),
३) दौलत ब. राई माध्यमिक शिक्षा छात्रबृत्ति
   २ जना (रू. ४,०००।००),
४) नौबहादुर राई स्मृति खेलकुद कोषः
   १ जना (रू. ५,०००।००)
५) मन लक्की उद्यम कोषः
   १ जना (रू. ५,०००।००),
६) मदन राई परिवर्तन अभियान कोषः
   १ जना (रू. ५,०००।००)
७) सूर्यबहादुर/असारमाया राई स्मृति कोषः
   १ जना (रू. ४,०००।००),
८) राजबीर राई स्मृति कला तथा साहित्य कोष
   १ जना (रू. ७,०००।००)
९) आर्थिक सहयोगः अविन नाछिरिङ सोताङ,

सोलुः रू. ५,०००, गीता राई, नेचा बतासे, सोलुः रू. १०,०००, ममता राई, जुबु-५, सोलुः रू. ७,००० र मन बहादुर राई, पावै-५, सोलुः रू. ७,५०० इत्यादि छात्रबृत्ति प्रदान, सम्मान र आर्थिक सहयोग यस संस्थाद्वारा प्रदान गरिएको छ ।

**क्षेत्रीय समितिः**

व्यक्ति, समुदाय अनि समाजले चाह्यो भने जे, जस्तो उपलब्धि पनि हासिल गर्न सकिन्छ । सफलताको शिखर चुम्न सकिदो रहेछ । हालै मात्र श्री पूण्यबहादुर राईको अध्यक्षतामा केन्द्रीय अध्यक्ष, महासचिव, सदस्य, विशिष्ट ब्यक्तित्व, बुद्धिजिबी लगायत शुभेच्छुकहरूको माभ्फ एक तदर्थ समितिको गठन धरान सुनसरीमा भयो । उक्त समितिद्वारा उत्साहजनक रूपले विशिष्ट, आजीवन र साधारण सदस्यहरू बनाई करिब रू.२१०,०००|००(अक्षेरूपी दुई लाख दशजार) मूलधन राशीको धरान, सुनसरीमा करिब साढे बाह्र कठ्ठा जमीन (जग्गा)यस समाजको नाममा खरिद गरिएको छ । क्षेत्रीय रूपमा, क्षेत्रीय समितिको मातहतमा सञ्चालन हुने गरी क्षेत्रीय समितिद्वारा नै करीब १००,०००|०० मूलधन राशी बराबरको अक्षयकोष पनि स्थापना भएको छ ।

यस समाजको स्थानीय समिति, सोलुखुम्बुबाट पनि आर्थिक गतिविधिदेखि लिएर अन्य विविध कारोबारहरूको प्रतिवेदन प्राप्त भएको छ । जसलाई दुरूस्तै गरी यस प्रवाह स्मारिकामा प्रकाशन गरिएको छ । यसै गरी क्षेत्रीय समिति धरानबाट पनि त्यहाका विविध जानकारीहरू प्राप्त भएको छ । जुन स्थानीय समिति र क्षेत्रीय समिति धरानको गतिविधिहरू मध्य नजर गर्दा बडो उत्साहजनक र उपलब्धि मूलक रहेको छ । उहाँहरू प्रति मेरो व्यक्तिगत अनि केन्द्रीय समिति पुनः यसैगरी अव आउने दिनहरूमा पनि अभ्फ सफलता र उपलब्धिको अपेक्षा गर्दै हार्दिक अभार प्रकट गर्दछ ।

अन्तमा यस संस्थालाई गति प्रदान गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइँ दिनुहुने सम्पूर्ण महानुभावहरू, विशिष्ट, आजीवन र साधारण सदस्यहरू, अक्षयकोषदाताहरू एवं शुभेच्छुक सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी अब आउने दिनहरूमा पनि निरन्तर पारस्परिक सहयोग र सदभावको अपेक्षा राख्दै, आर्थिक प्रतिबेदन सम्बन्धी लगायत विविध गतिविधि सम्बन्धि यहाँहरूको अमूल्य सल्लाह, सुभ्फाव र प्रतिक्रियाको लागि हार्दिक अनुरोध गर्दै केन्द्रीय आर्थिक प्रतिबेदन २०६८/०६९ यही अन्त गर्न अनुमति चहान्छु । धन्यवाद ! जय जिमी !

# भाग्य मेरो



लक्ष्मी खालिङ राई
बासा-६, सोलुखुम्बु

छल्किएर आँखाबाट आशु भैं बग्यो जिन्दगी
सम्हाल्न नपाउँदै ऐना सरी फुट्यो जिन्दगी

कल-कलाउँदो जिन्दगी तिम्लाई नै सुम्पिएँ
कैयौं खुशी पाउने आशामा तिम्रै सामू आएँ
न मैले बुभ्फे न तिम्ले बुझ्यौ अहिले चाल पाएँ
फाटी गा'को तिम्रो माया बल्ल थाहा पाएँ

गन्तव्यमा नपुग्दै दोबाटोमै छुट्यो जिन्दगी
टुक्रिएर फाटी जाने अभागी नै भो जिन्दगी

जिन्दगीको यात्रा मेरो तिम्रै लागि सुम्पेथें
बुझ्ने प्रयाससम्म गरेनौं बेहाल भो यो जिन्दगी
लुट्नै लुट्यौं स्वार्थी तिमी रूवायौं धरधरी
चिनो नै भो आखिरी सिसा सरी फुट्यो जिन्दगी

# ऐतिहासिक विशेष भेला-२०६९

"जातीय अस्तित्व, उच्च स्वाभिमान, किरात संस्कृति हाम्रो पहिचान" भन्ने नारालाई २०५५ चैत्रमा सम्पन्न प्रथम केन्द्रीय सम्मेलनद्वारा पारित गर्दै अघि बढेको जिमी (राई) उत्थान समाज-सोलु आफ्नो लक्ष्यतर्फ लम्कँदो छ । सोलुखुम्बु जिल्लाका सम्पूर्ण किरात (राई)हरूको साझा एवम् नेतृत्वदायी भूमिका निर्वाह गर्दै जिमी समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक उत्थान र विकासका लागि यस संस्थाले प्रयास गरिरहेको र गरिरहनेमा दृढ रहेको छ । समाज स्थापनाको प्रारम्भमै सोलुखुम्बुमा ठुलो सङ्ख्यामा रहेका किरात जिमी (राई) अन्तरगत विशेष गरी थुलुङ, खालिङ, वाहिङ, नाछिरिङ, कुलुङ आदि भाषिक समुदायबाट आधिकारिक रूपमै संस्थामा प्रतिनिधित्व गराउने परम् लक्ष्य रहे तापनि बेग्लै भाषिक समुदाय (थरी) भित्रका अगुवाहरूको कार्य व्यस्तता, अन्तरसम्वादमा यथेष्ठताको कमी, राज्यमा छुट्टै अस्तित्व एवम् पहिचान सहितको सूचीकरण प्रक्रिया तथा प्राविधिक लगायत अन्य विविध कारणवश संस्थाले बनाएको सोच अनुरूप एकै समयमा सबै पक्षको प्रतिनिधित्व भने रहन सकेन । भनाइको मतलव कुनै पनि समुदायको प्रतिनिधित्व नभएको भन्ने चाहिँ हो । संस्था स्थापनाको यति लामो कालखण्डमा सबै समुदायबाट फरक-फरक समयमा नै सही संस्थाको कार्यसमितिमा सक्रिय संलग्नता रहेको यथार्थ हो ।

सुरूदेखि नै यस समाजले नियमित रूपमा सम्मेलन, वार्षिकोत्सव, रक्तदान, देउसी-भैलो, वनभोज, आन्तरिक प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ भने अन्य विभिन्न संघसंस्थाहरूसँग अन्तर सवांद लगायत साझेदारीमा विभिन्न कार्यक्रमहरू समेत गर्दै आएको छ । २०६६ चैत्रमा भएको चौथो केन्द्रीय सम्मेलनले पदाधिकारी तथा कार्यसमितिमा हेरफेर गर्दै विशेष रूपमा युवा पङ्क्तिलाई समेट्ने प्रयास गऱ्यो । 'रात रहे अग्राख पलाउँछ' भने जस्तै जिमी (राई) उत्थान समाजले गरेका प्रयास निरर्थक भने बनेन । केन्द्रीय समितिले पहिलेदेखि जारी राखेको संस्थामा पाँचै थरी (भाषिक समुदाय) को प्रतिनिधित्वमूलक उपस्थिति गराउने प्रयास स्वरूप सबै थरीका अगुवाहरूसँगको सौहार्द्र सवांद, आवश्यक गृहकार्य लगायतका कार्य गर्दै रहेर गएको आषाढ ३०/०६९ मा कुपण्डोलमा एक 'ऐतिहासिक विशेष भेला-२०६९' कार्यक्रम सम्पन्न गऱ्यो । विचार गोष्ठीकै रूपमा आयोजित उक्त भेलामा सबै थरी (भाषिक समुदाय) का अगुवाहरू गहन विचार सहित अन्तरक्रियात्मक रूपमा कार्यक्रम सञ्चालन भएको थियो । यही महत्वपूर्ण भेलाको उपलब्धी स्वरूप समाजको केन्द्रीय समितिमा नाछिरिङ, खालिङ, कुलुङ, बाहिङ, थुलुङ लगायतको सम्मानजनक प्रतिनिधित्व स्थापित हुन गयो ।

जिमी (राई) उत्थान समाजले पत्राचार गरी आमन्त्रित गरेका विभिन्न ५ थरी (भाषिक समुदाय) का अगुवाहरूले "जिमी समाजसँगको अन्तरंग सम्बन्ध तथा संघीयताका बारेमा धारणा/विचार" शीर्षकमा आ-आफ्ना धारणा राख्नु भएको थियो । अतिथि वक्ता कुलुङ उत्थान संघका उपाध्यक्ष दिलीप सिं कुलुङले विश्लेषणयुक्त मन्तव्य राख्दै हरेक जातिको भाषा-लिपी संरक्षण तथा अस्तित्व रक्षा गरिनुपर्ने बताउनु भयो । सम्पूर्ण किरात राईहरूको छाता संस्था किरात राई यायोक्खाको क्रियाकलाप सबै जाति समुदायका लागि समान हुनुपर्ने भन्दै अष्ट्रेलिया, जापान लगायतका देशका सरकारले आदिवासी




जनजातिको विकासमा भूमिका खेलेको उदाहरण प्रस्तुत गर्नुभयो । सबै जाति आफ्ना सांस्कृतिक सम्पदाको संरक्षणमा लाग्नु पर्ने भन्दै सामाजिक न्यायको लागि संसारभरकै आदिवासीसँग सहकार्य गर्न जरूरी रहेको उहाँको कथन थियो । कुलुङ पहिचानका लागि १२ वर्ष आन्दोलन गरिएको स्मरण गर्दै कुलुङ भाषा शिक्षा सुरू गर्नमा यायोक्खाबाट अवरोध गरी बान्तावा भाषामा शिक्षा दिन थालेकोमा गुनासो समेत राख्नुभयो । किरातहरू बीच बान्तावा भाषाको उपनिवेशवाद अन्त गरिनुपर्ने, कुलुङ आन्दोलनको सम्मान गरिनु पर्ने, संघ निर्माण गर्दा खम्बुहरूको क्षेत्रमा शेर्पा राज्य बनाउन नहुने, यायोक्खासँग जिमी लगायतको सम्बन्ध सह-अस्तित्वको रहनुपर्ने, ओम गुरूङको भाषिक अधिकारको प्रस्तावलाई कार्यान्वयन गरिनुपर्ने धारणा राख्दै यायोक्खाको अगुवाइमा पशुपति क्षेत्रमा किरातहरूको सामूहिक चिहानको आन्दोलनको भने उहाँले प्रशंसा गर्नुभयो ।

कार्यक्रमका अर्का अतिथि वक्ता किरात खालिङ राई उत्थान संघका अध्यक्ष राम रतन खालिङले जिमी समाज सोलुखुम्बुको अविभावकका रूपमा स्थापित एवम् सम्मानित भएको धारणा राख्दै समस्याग्रस्त सोलुबासीहरूको लागि Charity Programmes सञ्चालन गर्नमा लागी पर्नु जरूरी भएको कुरा राख्नु भयो । जिमी समुदायका सन्ततिहरूको शैक्षिक नतिजा उकास्न प्रयास गरिनुपर्ने विचारसँगै रक्तदान लगायत सम्बन्धि चेतना विस्तार गर्न सुझाव दिनुभयो । उहाँले भाषा-लिपी, धर्म संस्कार रक्षा गर्ने ध्येयले किरात राई यायोक्खा स्थापित भएपछि मात्र अन्य जातीय संस्था स्थापित भएको भए पनि यायोक्खाले सबै थरीलाई केही अधिकार दिएर अभिभावकीय भूमिका लिनुपर्ने पनि बताउनु भयो । प्रत्येक किरात जातिले 'राई' सहितको सूचीकरणमा लाग्न उचित हुने राय पेश गर्दै संघीयतामा जाँदा Mt.Everest सहित हाल कायम जिल्लाको सिमाना किरात राज्यमा पारिनु पर्ने धारणा राख्नु भयो । खालिङहरूको पवित्र स्थल Mt Everest भएकाले पाङबोचेमा जग्गा व्यवस्था गरिएको बताउँदै आफ्नै खुम्बु क्षेत्रमा किरातहरू हेपिनु परेकोमा दुखेसो समेत पोख्नुभयो ।

त्यस्तै किरात नाछिरिङ साखाम सस्थाका प्रतिनिधि वक्ता भद्रगोल किरातीले सोलुखुम्बुका ५ थरी बीच शक्ति केन्द्रिकृत गर्नेमा जिमी समाज लागेकोमा सकारात्मक भनी बताउनुभयो । सूचीकरणकाबारे जिमी समाजको मूर्त धारणाको अपेक्षा जनस्तरमा भएको कुरा राख्दै सदरमुकाम केन्द्रित जिल्लाका गतिविधि स्थानीय तहसम्म पुऱ्याउनुपर्ने भनी बताउनु भयो । समाजले युवा शक्तिलाई एकत्रित रूपमा परिचालन गर्नु आवश्यक रहेको भन्दै समय र परिस्थिति अनुकूल हुने गरी संस्थाको विधानका आवश्यक बुँदाहरू संशोधन समेत गर्दै जान सुझाउनुभयो ।

बाहिङ किरात मुलिखीमको प्रतिनिधित्व गर्दै वक्ता थीरराज राईले किरात जातिहरूका भाषा, धर्म-संस्कृति रीतिरिवाज हराउँदै जान थालेको तर्फ सचेत रहनुपर्ने कुरा राख्नुभयो । हामी जिमी (राई) हरूले गर्ने कुनै पनि संस्कारगत कार्यहरूमा जाँड, रक्सीको अत्याधिक प्रयोगलाई निरूत्साहित गर्दै जान जरूरी भएको भन्दै मुन्धुम लगायत संस्कृतिका ज्ञाता अग्रजहरूको सम्मान गरिनुपर्ने बताउनुभयो । सोलुखुम्बुका ५ थरी (जाति) हरूका आ-आफ्नै संस्था क्रियाशील हुँदा जिमी (राई) उत्थान समाजलाई सहयोग पुग्न गई समाजको भारी हलुका भएको उहाँको भनाइ थियो । यी पाँचै थरीहरू बीच समन्वयकारी भूमिका जिमी समाजले नै गर्नुपर्ने र सोलुखुम्बुका सम्पूर्ण जिमी किरातहरू एकताबद्ध रूपमा अघि बढ्नुपर्ने धारणा उहाँको थियो ।

थुलुङ सामाका प्रतिनिधि तथा लाली गुराँस क्लब लोखिमका अध्यक्ष समेत रहनुभएका भलाकाजी थुलुङले हराउँदै जान थालेको भाषा उत्थान गर्ने उद्देश्य सबै जातीय संघ-संस्थाले राख्नुपर्ने बताउनुभयो । थुलुङ सामाबाट थुलुङभाषा डायरी तयार गरिएको जानकारी राख्दै लोखिमको पहिचान स्थापनार्थ क्लब गठन गरिएको बताउनुभयो । अशक्त विरामीहरूको सहयोगार्थ हातेमालो कार्यक्रम गर्दै आएको भन्दै उहाँले भाषा, लिपी, धर्म संस्कार लगायतको संरक्षण गर्दै जानका लागि थुलुङ प्रतिष्ठान समेत स्थापना गरिएको उल्लेख गर्नुभयो । जिमी (राई) उत्थान समाजका क्रियाकलापहरूप्रति सकारात्मक मूल्याङ्कन उहाँको थियो ।

कार्यक्रममा आमन्त्रित विद्यार्थी नेता सूर्य कुलुङले राजनीतिक दलहरूमा भ्रष्टहरू बढ्दै गएको कुरा बताउनुभयो । गाउँ, शहर सबै तिर विकृति फैलिएको भन्दै किरातहरूले आफ्ना सन्ततिलाई सजग बनाउँदै लानुपर्नेमा उहाँले जोड दिनु भयो । सोलुखुम्बुमा जिमी समाजपछि कुलुङ संस्था बलियो रूपमा स्थापित भएको उहाँको तर्क थियो । आदिबासी जनजातिका नेताहरू NGO भित्र फस्दै गएको र यायोक्खाभित्र ब्राम्हण प्रवृत्तिको बाहुल्यता बढ्न गएकाले किरातहरूको समस्याले निकास पाउन नसकेको भनी उहाँले बताउनु भयो । कुलुङहरू देशका २२ जिल्लामा रहेको जानकारी पस्कँदै सोलुमा जिमीले निर्माण गरेको सङ्ग्रहलाई KIRAT MUSEUM भनिनुपर्ने, सोलुका सबै समुदाय उकास्न जिमी समाजले पहल गर्नुपर्ने कुरा पनि उहाँले राख्नुभयो । साथै जिमीसँग सहकार्यका लागि कुलुङ समुदाय तयार रहेको पनि उहाँले बताउनुभयो ।

'हिमालय' पत्रिका सम्पादक रहिसकेका एवम् संस्कृतिका जानकार माओ येलुङ राईले भने किरात जातिको प्राचीनताका बारेमा ऐतिहासिक पक्षलाई खुलाउँदै विभिन्न जानकारीमूलक तथ्यहरू भेलामा प्रस्तुत गर्नुभयो । वक्ताहरूले जिमी समाज लगायत सम्पूर्ण संघ-संस्थाबीच सुमधुर सम्बन्ध रहेको र यसलाई अझ मजबुत बनाउदै जाने अभिप्रायका भनाइ व्यक्त गर्नुभएको थियो ।

यसरी वृहत रूपमा सम्पन्न भएको उक्त भेलामा जिमी (राई) उत्थान समाजका सल्लाहकार एवम् बौद्धिक व्यक्तित्व केशव कुमार राईले पनि समाजका बारेमा गहन एवम् तथ्यपरक विचार राख्नुभएको थियो ।

दुई शत्रमा विभाजित उक्त दिनको कार्यक्रममा पहिलो शत्रलाई सम्बोधन गर्दै समाजका केन्द्रीय सदस्य जे.वी.माइलाले स्वागत मन्तव्य राख्नुभएको थियो । कोषाध्यक्ष बखत खालिङ राईले संस्थाको आर्थिक अवस्थाबारे जानकारी गराउनुभएको उक्त कार्यक्रममा संस्थाका महासचिव केशर राईले साङ्गठनिक स्थितिका बारेमा वर्णनात्मक भनाइ राख्दै किरात राई याायेक्खा लगायत अन्य विभिन्न संघ-संस्थाहरूसँगको सम्बन्धका बारेमा समेत उत्साहपूर्ण अवस्था रहेको कुरा राख्नु भयो । त्यस्तै गरी संस्थाका केन्द्रीय सदस्य विक्रम बाबु राईले संस्था स्थापनादेखि वर्तमानसम्मको

मूल्याङ्कन गर्दै आफ्नो अनुभवलाई सबैका सामु विश्लेषण सहित प्रस्तुत गर्नु भएको थियो ।

उक्त बृहत भेलामा सहभागी बन्न धरानदेखि आउनुभएका जिमी समाज क्षेत्रीय समिति धरान, सुनसरी तदर्थ समितिका अध्यक्ष पुण्य बहादुर राईले छोटो समय बीचमा उक्त समिति मार्फत सम्पन्न गरिएका उपलब्धिपूर्ण कार्यलाई अत्यन्त उत्साहित रूपमा प्रस्तुत गर्नुभएको थियो ।

संस्थाका केन्द्रीय सदस्य एवम् संस्कृति, युवा तथा विद्यार्थी विभागका संयोजक जसिहाङ राई र केन्द्रीय सदस्य कृष्णकुमार राईद्वारा टिप्पणी गरिएको उक्त वृहत भेलालाई समापन गर्दै समाजका केन्द्रीय अध्यक्ष यश बहादुर राईले यस समाजले सुरूका दिनदेखि वर्तमानसम्म पनि विभिन्न आरोह–अवरोह पार गर्दै सफलतातर्फ लम्किरहेको बताउँदै सोलुखुम्बुका हरेक किरात जिमी सन्ततिहरूका बीच समन्वयकारी भूमिका निर्वाहका निम्ति जुनसुकै अवस्थामा पनि तम्तयार रहेको र सबै समुदाय बीच सौहार्द सम्बन्धका निम्ति सबै पक्ष साँच्चिकै खुल्ला रूपमा प्रस्तुत हुनका लागि अनुरोध समेत गर्नुभयो ।

-प्रस्तुतिः जसिहाङ राई

# गीत

-विष्णु राई (मणि)

खहरे तरी जाउँ हजुर सुन्दर नेचा गाउँ
भावनामा रम्ने ठाउँ
शीतल मनको चौतारी हो हाम्रो नेचा गाउँ

काखमा हजारौ जनता नेचा गाउँको ममता
हाँसि राख्ने हिमाल झैं भविष्य निर्माता
भञ्ज्याङ्ग भई झरौं हजुर सुन्दर नेचा गाउँ
भावनामा रम्ने ठाउँ
सिर्जनाको चौतारी हो हाम्रो नेचा गाउँ

पाउमै बग्छ दूधकोशी शिरमा पंचमी छ
सुन्दर देशका निर्माणकर्ता यही नेचा जन्माउँछ
सोलु तरी जाउँ हजुर सुन्दर नेचा गाउँ
भावनामा रम्ने ठाउँ
सँस्कृतिको चौतारी हो हाम्रो नेचा गाउँ

संगीतः जसिहाङ राई
स्वरः जसिहाङ राई/मुना राई


## हार्दिक शुभ-कामना

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको
चौधौ वर्ष पूरा गरी पन्ध्रौं वर्षमा प्रवेश गरेको सुअवसरमा प्रकाशन गर्न लागेको

**प्रवाह**

स्मारिकाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
साथै १५औं वार्षिकोत्सव तथा साधारण सभा भव्यताका साथ सफल रहोस् ।

**बाहिङ किरात मुलुखिम**

केन्द्रीय कार्यसमिति, काठमाडौं ।

# अन्तर्वार्ता

सोलुखुम्बुको बासामा २०१६ सालमा जन्मनु भएका निरू खालिङ राई मस्तिष्क भरी अनेक आकांक्षाहरू लिएर २० वर्षको अल्लारे उमेरमा राजधानी छिर्नुभयो ।राजधानी छिरेको पहिलो रातमै खुल्ला आकाशमुनि जिन्दगीको एक रात काट्नु पऱ्यो । ट्रेकिङ व्यवसायमा लागेका निरू खालिङ संघर्ष पछिको सफलताको अर्को नाम हो भन्दा फरक पर्दैन । उहाँ लामो समयको अथक प्रयास र सघंर्ष पछि पर्यटन क्षेत्रमा स्थापित हुनुभयो । Adventure Geo Treks company का प्रबन्ध निर्देशक निरू खालिङ राईसंग गरिएको अन्तरंग कुराकानी :



**तपाईंको बाल्यकाल कसरी बित्यो ?**

मेरो बाल्यकाल धेरै दुःख, कष्टहरू झेल्दै संघर्षमा बित्यो । गाँउमा कृषि गरेर जिविको पार्जन गर्नुपर्ने भएकोले घरमै आमा -बाबुलाई खेतीपाती लगाउन सघाईन्थ्यो, गोठाला घाँस दाउरा, मेलापात गरियो यसरी नै त हो ।

**काठमाण्डौ कहिले र कसरी आउनुभयो ?**

काठमाण्डौ चाँहि म २०३७ सालको अन्तिम तिर छिरेको हुँ । त्यही सालको मंसिरे पुर्णिमाका बेला म पहिलो पटक घरदेखि टाढाको यात्रामा भाकल फुकाउन बाबुसंग दोलखाको भिमसेनथान आएँ, भाकल फुकाएर लामोसाँघुंसम्म नुनतेल लिन झरियो, त्यहाँ विदेशीहरू नाम्चेसम्मको ट्रेकिङ हिडेका रहेछन्, उनीहरूले भरिया खोजिरहेका रहेछन्, हामी बाबुछोरा नुनतेल छोडेर उनीहरूको सामलतुमल र झोला लिएर ट्रेकिङ लाग्यौं । म सानै थिएँ, ट्रेकिङभरी चकलेट र केही पैसा कुईरेले दिए मन फुरूङ्ग भयो । पछि ट्रेकिङ गर्ने मनसाय लिएर काठमाण्डौ आएँ ।

**काठमाण्डौ छिर्दाको त्यो क्षणलाई कसरी सम्झिनुहुन्छ ?**

म पनि अरू झै केही आंकाक्षाहरू लिएर बासाबाट सपनाको सहर राजधानी काठमाण्डौ भित्रिएँ । तर पहिलो दिन नै खुल्ला आकाशमुनि सडकमा रात काट्नु पऱ्यो । तर रातभरीको तुषारोले आकाँक्षा र सपनाको मुनालाई अलिकति पनि असर गरेन । त्यसबेला अहिलेको जस्तो टेलिफोन र मोबाईलको कहाँ सुविधा हुनु त्यसैले कसैसंग सम्पर्क हुन नसक्दा पहिलो रात सडकमै काटियो । अहिले सम्झदा आफैले भोगेका ती क्षणहरू कुनै कथा झै लाग्छ ।

**राजधानी छिरेपछि ट्रेकिङ नै गर्नुभयो कि ?**

म काठमाण्डौमा पहिलो पटक लामसाँघुबाट ट्रेकिङ लैजाने एकजना शेर्पा समुदायका सरदारसंग सहयोगीको रूपमा शिवपुरी ट्रेक गएँ । केही समय उहाँसंगै बसेर काम गरेपछि छुटेर ट्रेकिङ क्षेत्रमा आफै संघर्ष गरें ।

**ट्रेकिङ् बाहेक अरू के-के कामहरू गर्नुभयो ?**

सुरूवातका दिनहरूमा ट्रेकिङ बाहेक पर्यटन क्षेत्रसंग सम्बन्धित सबै कामहरू गरे । होटेल, राफ्टिङ आदिमा पनि कामहरू गरियो । तर पछिल्लो समय चाँहि पूर्ण रूपमा ट्रेकिङ्मै सबै लगाएँ ।

**यसरी विभिन्न क्षेत्रमा क्रियाशील हुँदा**

**घटेका केही विर्सनै नसकिने क्षणहरू छन् ?**

२०४५ सालको भाईटीकाको राति मेरो जीवनमा एउटा घटना घट्न गयो । त्यो घटनाले अहिले पनि सम्झदा आङ सिरिङ्ग भएर आउँछ । केही विदेशी र नेपाली साथीहरू सहित सप्तकोशीमा राफ्टिङ गर्दैगर्दा अचानक बोटबाट म बाहिर उछिटिएँ । करिब ४ घण्टासम्म निरन्तर साथीहरू मेरो उद्धारको लागि बोटबाट खोजिरहे । मलाई चाहि छालले बगाउदै अझ टाढा लादै थियो रातिको समय भएकोले अत्यन्तै गह्रो भयो । तर राफ्टिङ गर्दा लगाईने विशेष खालको ज्याकेटले पानी माथि तैरिदै छालको बीचमा रहेको ढुंगा समाउन पुगें र बचाउको लागि गुहार माग्न थाले, आवाज सुनेर अन्दाजको भरमा मेरा नजिकमा साथीहरूले डोरी फाले र मेरो उद्धार गर्न साथीहरू सफल भए । यो घटना मैले बिर्सन चाहेर पनि सक्दिन ।

**Adventure Geo Treks company को स्थापना कहिले गर्नु भयो ?**

म निरन्तर पर्यटन व्यवसायमा धैर्यताका साथ लागी परे, नेपाल भ्रमणमा आउने केही विदेशी साथीहरूसंग सम्पर्क सम्बन्ध बढ्दै गयो । पछि क्रमशः आफैले सम्पर्क गरेर र आफूले पैदल भ्रमणमा लगेका ग्रुपका साथीहरूले सिफारिश गरेर पठाएका ग्रुपहरू आउन थाले । त्यसपछि उनीहरूकै सल्लाह र आफूले आवश्यक्ता महशुस गरी मैले वि.स. २०५९ सालमा Adventure Geo Treks को स्थापना गरेको हुँ ।

**यो कम्पनीबाट अन्दाजी कति जनाले रोजगारी पाइरहेका छन् ?**

अहिले यस ट्रेकिङ कम्पनीबाट नियमित र सिजनल गरी करिब २०० जनाको हाराहारीमा रोजगारी पाईराखेका छन् ।

**तपाईले आफ्नो व्यवसायको शिलसिलामा कुन-कुन देशको भ्रमण गर्नुभयो ?**

मैले आफ्नो व्यवसाय प्रबर्द्धनको क्रममा जर्मनी, अष्ट्रिया, डेनमार्क, भारत, चीन लगायत दर्जन भन्दा बढी देशको भ्रमण गरेको छु ।

**आफ्नो व्यवसायको अतिरिक्त अहिले के गर्नुहुन्छ ?**

म आफ्नो व्यवसाय संचालनको अतिरिक्त समाज सेवामा पनि लागिरहेको छु । आफूले धेरै औपचारिक शिक्षा हासिल गर्न नसकेकोले आफु जन्मेको गाउँका दलित र विपन्न गरिब परिवारका बालबालिकाहरूलाई गाउँमै सुलभ रूपमा शिक्षा दिनको लागि क्यानेडीयन संस्थाको सहकार्यमा २०५९ साल भाद्रबाट बासा-६ मा शिखर बाबुछिरी बालकुञ्जको स्थपाना गरेको छु । सुरुमा यस विद्यालयमा १०/१२ जना विद्यार्थी भर्ना भएकोमा अहिले १५० जनाभन्दा बढीले शिक्षा लिइरहे का छन् यी विद्यार्थीहरूलाई सोल हिमालय फ्रान्सको सौजन्यमा गाउँ तथा काठमाण्डौमा अध्ययन गर्ने मौका मिलाएको छु । गाँउको विद्यालयमा कम्प्युटर पुऱ्याउने देखि सीपमुलक तालिमहरू दिलाई स्थानीयलाई आयआर्जनमा लगाउने कामको अतिरिक्त सुधारिएको चुलो र बिजुली बाल्नको लागि पनि मैले केही सहयोग गरेको छु ।

**निरू खालिङको विचारमा मानिस कसरी सफल बन्न सक्छ ?**

जुनसुकै क्षेत्रमा किन नहोस सफलताको लागि निरन्तरता, लगानशीलता, धैर्यता, ईमान्दारिता र परिश्रमले काम गरेको हुन्छ । यी कुराहरूको उचित संयोजनबाट मात्रै मानिसले सफलताको उचाई कायम गर्न सक्छ । यद्यपि सटिक बाटोको प्रयोग अथवा कसैको आँखा छलेर प्राप्त भएको सफलता र सुख क्षण भरमा बिलाएर जान्छ, त्यो दीर्घकालका लागि रहँदैन ।

**तपाईले आफ्नो समुदाय र क्षेत्रको लागि कसरी सोच्नुभएको छ ?**

क्षेत्रगत र समुदाय दुवै रूपमा हाम्रो समाज अलि पछाडि छ । मैले मेरो समुदाय र क्षेत्रको आर्थिक र सामाजिक स्तर उन्नतिको लागि सकेसम्म योगदान गर्ने अठोट लिएको छु । जीवन पर्यन्त सकेसम्म सबैको लागि बाँच्नुपर्छ भन्ने म मा एक खालको आदर्श भावना छ । सबैलाई म आग्रह पनि गर्न चाहान्छु कि हामी सकेसम्म सबैको लागि बाँच्ने गरौं, जसले गर्दा सुन्दर समाज, देश र विश्वको निर्माण हुन्छ ।

**अन्तमा तपाईको जिमी (राई) उत्थान समाजसंग केही भन्नु छ की ?**

जिमी (राई) उत्थान समाज, सोलुले हाम्रो समुदाय र क्षेत्रको लागि धेरै उदाहरणीय कामहरू गरेको छ । जसले गर्दा विशेषत हाम्रो समुदायका कलिला भाई बहिनीहरूले न्यानोपन र उज्यालो पाएको अनुभुति गरेको हुनुपर्छ । यसलाई अझ परिमार्जित रूपमा यो संस्था सबैको लागि उज्यालो छर्ने र छहारी दिन सक्ने बन्न सकोस् भन्ने मेरो शुभेच्छा छ ।

प्रस्तुति : अबि राई

हार्दिक
**शुभकामना**

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको १४ औं वर्ष पुरा गरी १५ औं वर्ष प्रवेशको शुभ-अवसरमा

स्मारिका **प्रवाह**को पन्ध्रौं अङ्क प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ । प्रवाहले सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विविध जानकारीमूलक लेख, रचना सहितको ज्ञानबर्द्धक खुराक पस्कन सकोस् हार्दिक

**शुभकामना ।**

चक्रमणि राई
प्रिन्सिपल
**विश्व विद्या मन्दिर बोर्डिङ स्कूल, परिवार**
हरिसिद्धि–५, ललितपुर

कुनै पनि पत्र–पत्रिका, रेडियो तथा टेलिभिजनमा जुनसुकै कार्यालय, सघं/संस्था एवम् व्यक्तिगत प्रयोजनको सूचना/विज्ञापनहरू सुलभ मूल्यमा प्रकाशन/प्रसारण गर्न

**'ग्यालेक्सी एड कन्सर्न'**

लाई एकपटक अवश्य सम्झनुहोस् ।

**कृष्णकुमार राई**
प्रोप्राइटर

**ग्यालेक्सी एड कन्सर्न**
अनामनगर, काठमाडौं, फोनः ४२३१६६४
फ्याक्सः ४२५६९३६, मो.: ९८५१००२७०२
ईमेलः gadconcern@gmail.com

# अक्षयकोषदाता : जीत बहादुर राई



जिमी (राई) उत्थान समाज-सोलुले सोलुखुम्बुको विद्यमान भौगोलिक अवस्थिति माझ आफ्नो समुदायको उत्थान एवम् विकासमा महत्वपूर्ण योगदान गर्दै आएको तथ्य जगजाहेर छ । आफ्नो समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक विकास गर्दै जाने लक्ष्य अनुरूप शिक्षा, कला, साहित्य, कृषि, खेलकुद पत्रकारिता, स्वास्थ्य लगायत विविध क्षेत्रका लागि प्रोत्साहन एवम सहयोग प्रदान गर्न विभिन्न शीर्षकका १९ वटा अक्षयकोष स्थापना गरिसकेको छ । यसै क्रममा बीसौं अक्षयकोषका रूपमा 'धनसरी राई स्मृति मेडिकल ट्रष्ट' हालसालै मात्र स्थापना भएको छ । सल्यान-१, कुमाल गाउँ, सोलुखुम्बुका जीतबहादुर राईले आफ्नी स्वर्गीय आमा धनसरी राईको सम्झनामा अशक्त किराँतीहरूको सहयोगार्थ श्रीमती बीबी राईको साथमा उक्त अक्षयकोषको स्थापना गर्नुभएको हो ।

२०१५ साल माघ ११ मा जन्मनु भएका जीतबहादुर राईले गाउँकै चौतारा स्कूलबाट प्राथमिक शिक्षा पूरा गर्नुभयो भने सल्यान गा.वि.स.कै गुरुङे स्कूलमा (हाल महेन्द्रोदय उ.मा.वि.) मा कक्षा आठसम्म अध्ययन गर्नुभयो । अध्ययनकै क्रममा खेलकुदमा सक्रिय उहाँले आफ्ना साथीहरूसँगै बृटिश सेनाको छनोट प्रतियोगितामा भाग लिनुभयो । नभन्दै शारीरिक रूपमा पनि फिट रहनुभएका उहाँ वृटिश सेनामा छनोट हुनुभइ १९७८ मा लाहुरे भइँ जानुभयो । १९७९ squdron पल्टनमा रही तालिम पश्चात महत्वपूर्ण जिम्मेवारी पूरा गर्दै Corporal सम्म पुग्नुभयो । कुनै पनि लडाईँको मोर्चामा संलग्न हुनु नपरेका उहाँ सन् १९९३ मा पेन्सनमा से वानिवृत्त हुनुभयो ।

२०३२ सालतिर कृष्णकुमारी राईसँग विवाह गर्नुभएका उहाँले २०५० सालतिर वीवी राईसँग दोस्रो विवाह गर्न पुग्नुभयो । छोरा आशिष एवम् छोरी अमितालाई लिएर श्रीमती वीवी राई सहित बेलायतको Shipton Moine village को रमाइलो ग्रामीण वातावरणको स्थानिय बासिन्दाका रूपमा रहँदै आउनु भएका जीतबहादुर राईले पल्टनबाट निस्केपछि GRU अर्न्तगत Brunei मा कान्छा सरकारको पारिवारिक सुरक्षा बलमा १९९४ बाट १० वर्ष सेवा पनि गर्नुभएको छ । त्यस पश्चात् EUROPEAN Passenger ship मा ८ महिनासम्म काम गर्ने अवसर पनि उहाँले पाउनुभयो २००५ मा ।

वेलायतको शैक्षिक प्रणाली अनुरूप GCAC तहमा Scince / Math पढ्दै गरेका छोरा र School level मा अध्ययनरत छोरीलाई उच्चशिक्षा पश्चात स्वदेशमै काम गर्ने वातावरण मिलाउने कोशिस गर्ने मनसाय राखेका राई स्वदेशको माया एवम् आफ्नी स्व.आमाको आत्माले शान्ति पाओस् भनी यो अक्षयकोष खडा गरेको सगर्व बताउनुहुन्छ । कामको शिलशिलामा U.k., Canada, Brunei, Singapore, Hongkong लगायतका देश भ्रमण गर्नुभएको राई काम पश्चात् काम गर्ने क्रममा उत्तिकै सक्रियताका साथ पछिल्लो समय पनि एउटा निजी कम्पनीमा आबद्ध हुनुहुन्छ ।

विकसित देशका सफा र सुन्दर क्षेत्रहरूमा पुग्नुभएका राई आफ्नो देशमा पनि

त्यतिकै रूपमा  विकास हुन सकेको भएमा अत्यन्त गौरव हुन्थ्यो भन्ने विचार राख्नु हुन्छ  तथापि स्वदेशको अन्यौलपूर्ण वर्तमान अवस्थाले भने निराश तुल्याएको कुरा व्यक्त गर्नुहुन्छ। पछिल्लो समय वेलायती सरकारको आवासीय सुविधा मार्फत त्यहाँ स्थापित आम् नेपालीहरू जस्तै समान पेन्सन, समान सुविधा आफूहरूले पाउनु जायज हुने धारणा भएका राई आफ्नो समुदाय त्यहाँ स्थापित भएकोमा खुशी पनि मान्नुहुन्छ ।

झण्डै १२ वर्ष अगाडि प्रकाशित 'प्रवाह' स्मारिका एवं आफ्नो किरात राई समुदायका व्यक्तिहरू मार्फत जिमी (राई) उत्थान समाज-सोलु बारे जानकारी पाउनुभएका उहाँ हाल यू के शाखा अन्तरगंत सदस्यको रूपमा रहनुभएको छ भने आगामी दिनमा आफू संस्थासँग सक्रिय सम्बन्धमा रहने विचार राख्दै संस्थाले हालसम्म अत्यन्त महत्वपूर्ण कार्यहरू सम्पन्न गर्दै आइरहेको र भविष्यमा अझ सफलतापूर्वक विभिन्न कार्यहरू संस्थाले अगाडि बढाउँदै जाओस् भनी शुभकामना व्यक्त गर्नुहुन्छ। यस संस्था एवम् 'प्रवाह' स्मारिका प्रकाशन समितिको तर्फबाट पनि उहाँलाई स-परिवार सफलताको लागि हार्दिक शुभकामना ।

जिमी (राई) उत्थान समाज सोलुले
स्थापनाको चौधौं वर्ष पूरा गरी
पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा
प्रकाशित गर्न लागेको

**प्रवाह**

स्मारिकाको सफलताका लागि
हार्दिक शुभकामना

**थुलुङ राई सामा**
केन्द्रीय कार्य समिति, काठमाडौं

# गजल

गुञ्जन नाछिरिङ्ग
सल्लेरी–५, सोलु

पूँजी र आदर्शको अस्तित्व किन्छन् मान्छे यहाँ
बैमानीलाई इमान्दारी भनी चिन्छन् मान्छे यहाँ ।

टेबलमुनिबाट हातको सौगात थमाएर पछि मात्र
प्रफुल्ल नाम, काम, दाम लिन्छन् मान्छे यहाँ ।

अन्यायको आँखी झ्यालबाट यथार्थ नियाल्न खोज्दा
पीडा र यातनाको जाँतोले पिन्छन् मान्छे यहाँ ।

आफ्नो मर्यादा नभुली तोक्मा र ढाकर दुखाउँदा
थुइँया किराती भनी बात लगाईदिन्छन् मान्छे यहाँ ॥

# गजल

नीरव विन्दु 'अजम्बरी'
सल्यान १, सोलु

*संसारकै शिर भा'को मेरै सोलु राम्रो*
*हिउँ पर्ने भीर भा'को मेरै सोलु राम्रो ।*

*दूर–दुर्गम भूगोलैमा जति भए पनि*
*चोमोलुङ्मा थिर भा'को मेरै सोलु राम्रो ।*

*पासाङ ल्हामु, तेन्जिङ नोर्गे, 'सोलु' नाम आफैँ*
*विजय नजिर भा'को मेरै सोलु राम्रो ।*

*प्रकृति र सौन्दर्यको अजम्बरी गाथा*
*संसारमै चिर भा'को मेरै सोलु राम्रो ।*

*भूपालै र यसै अनि गोपालै, गोकर्ण*
*जिमी सपूत वीर भा'को मेरै सोलु राम्रो ।*

# समाजसेवी व्यक्तित्व
## पूर्व महासचिव शरणदेव राई

एकातिर जागिरे व्यस्तता, अर्कोतिर घरायसी व्यावहारिक जिम्मेवारी । यति हुँदाहुँदै पनि समाज सेवामा समर्पित व्यक्तित्वको नाम हो-शरणदेव राई । राजनीतिप्रति रूचि राख्नुहुने नेचा बतासे - ५ का उहाँ जिमी (राई) उत्थान समाज सोलुको महासचिवका रूपमा ३ कार्यकालसम्म निरन्तर रही आफ्नो समुदायको उत्थान र प्रगतिका निम्ति लगातार लागि रहनुभयो । २०२१ साल माघ १६ गतेका दिन माता पासाङ राई तथा पिता देशमान राईका जेठो छोराका रूपमा जन्मिनु भएका शरणदेव राईले नेचा क्षेत्रकै पूरानो भूमेस्थान प्रा.वि. मा कक्षा ३ सम्म अध्ययन गर्नुभयो । उहाँका आफ्नै बाजे नौहर्क राई तथा जनबहादुर मगर लगायतको प्रयासबाट स्थापित उक्त प्रा.वि. हाल मा.वि. बन्ने प्रयासमा छ । जहाँ पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले समेत कुनै समयमा शिक्षकका रूपमा काम गरेका थिए ।

शरणदेव राईले तत्कालिन् Middle स्कूल भनेर चिनिने हिमाल दर्शन नि.मा.वि.मा कक्षा ४-६ पढाई गरी कक्षा ७ देखि S.L.C. सम्म चाहिँ सदरमुकाम सल्लेरी स्थित ज.जा मा.वि.मा अध्ययन गर्नुभयो । ओखलढुंगा परीक्षा केन्द्रमा उहाँले २०३६ सालमा जाँच दिई S.L.C. पास गर्नुभयो । तत् पश्चात् हिमाल दर्शन तथा नेचा वेतघारीको केदार स्कूलमा गरी झण्डै २ वर्ष अस्थायी शिक्षकका रूपमा अध्ययपनमा समेत संलग्न हुनुभयो ।

उच्च शिक्षाको आकांक्षा लिएर राई २०३९ साल तिर राजधानी काठमाडौँतर्फ लाग्नु भयो । शंकरदेव क्याम्पसमा B.Com, पास गरी M.Com. अध्ययन गरे पनि पढाई पूरा हुन पाएन । अध्ययनकै क्रममा २०४१ देखि स्थानीय विकास मन्त्रालयमा ३ वर्ष जागीर खानुभयो । यसै क्रममा २०४५ मा तत्कालीन शाही नेपाल वायुसेवा निगमको काम गर्न पुग्नुभयो । ६ वर्ष अस्थायी कर्मचारीका रूपमा रहेका उहाँ २०५१ मा भने आन्तरिक प्रतिस्पर्धाबाट स्थायी कर्मचारी हुनुभयो । यस पश्चात देशमा बहुदलीय प्रजातान्त्रिक माहौल बनिसकेकाले पार्टीसँग affiliated युनियन स्थापना हुन पुग्यो, जसको विभागीय अध्यक्षका रूपमा उहाँ चुनिनुभयो । त्यस समयमा शाही नेपाल वायुसेवा निगमभित्र अनियमितता बढ्दो थियो । युनियनकै अग्रसरतामा बहुचर्चित लाउडा काण्डको छानबिन समेत गराइएको थियो । चलिराखेको २ वटा बोइङ कवाडीमा बेचेको र नयाँ जहाज नकिनी lease मा महंगो मूल्य तिर्ने गरी ल्याइएकोमा समेत युनियनले विरोध गरेको थियो । पूर्व बृटिश लाहुरे तथा समाजसेवी पिताका पुत्र शरणदेव राई स्कूले जीवनदेखि नै आफ्नो जाति, भाषा, संस्कृतिको संरक्षण र विकासका पक्षपाती हुनुभए पनि तत्काल सो कुरा उठाउन समेत अनुकुल नभएकोमा निराश हुनुहुन्थ्यो । संयोगवश २०५५ चैत्रमा प्रथम सम्मेलन सम्पन्न गरेको जि.(रा.) उ.स.सोलुले उहाँलाई महासचिवको रूपमा चयन गरेको थियो । यस अगाडि काम गर्न नसके पनि पछिल्लो समयमा राजनैतिक रूपमा पनि जातीय कुराले प्रष्फुटन हुने अवसर पाई आएकोमा आफूहरूले राखेका कुरा जायज थियो भन्नेमा गौरव

महशुष गर्नु हुन्छ । जि.रा.उ.स.सोलुले यसरी आफ्नो समुदायका पक्षमा काम सुरू गर्दाताका विभिन्न पक्षबाट आएका अनेकन् बाधा-अड्चनलाई एकत्रित शक्तिद्वारा पार लाउँदै आज यो संस्थालाई राष्ट्रिय रूपमै एउटा सक्षम संस्थाको रूपमा स्थापित हुन सफल भएको र संस्थामा आबद्ध नवयुवाहरू सहितको team ले नयाँ एवम् उत्कृष्ट vision का साथ अघि बढ्न जरूरी भएको उहाँ ठान्नु हुन्छ । गएको ऐतिहासिक संविधान सभा निर्वाचनमा संस्थाले सोचे बमोजिमको नतिजा हासिल भएकोमा खुशी व्यक्त गर्दै जिम्मेवारीका साथ आफ्नो कार्य सम्पादन गर्नु/नगर्नु चाहिँ विजयी सभासद्हरूको दायित्व हो भनी उहाँ बताउनु हुन्छ । देशलाई संघीय रूपमा लैजाने क्रममा पुरानै जिल्ला तथा गा.वि.स.को बनौटलाई कायम गरिनुपर्ने विचारसँगै सोलुखुम्बुका सम्पूर्ण बासिन्दाहरू अझ त्यसमा पनि सारा किरात जिमी समुदाय एउटै इकाई (राज्य)मा समेटिनु पर्ने उहाँको धारणामा रहेको छ ।

२०५४ सालमा सरिता राई सँग वैवाहिक सम्बन्धमा गासिनु भएका शुणदेव राई तीन भाईका परिवार सहित संयुक्त रूपमा एकै साथ रहिरहनु भएकोमा २०६५ सालमा पिताको देहावसान हुन पुग्यो भने २०६६ तिर स्वयम् आफू पनि मृगौलाको रोगले ग्रसित बन्नुभयो । भाग्यवश मृगौला प्रत्यारोपण गरेर पुनर्जीवन प्राप्त गर्नुभएका उहाँ खानपानमा उचित ध्यान दिनपर्ने र खाने बस्ने, सुत्ने, उठ्ने लगायत यावत कार्यहरू time-table मा गर्न सक्नुपर्ने तथ्य आफूले बुझेको कुरा व्यक्त गर्नुहुन्छ भने खर्च गर्न सकेमा जीवनको longevity बढ्ने रहेछ भनी बताउनुहुन्छ । उचित खानपान, exercise मा ध्यान दिई pressure लाई ठीक मात्रामा राख्न सक्नु नै kidney को लागि सही कार्य हुने उहाँको भनाइ छ ।

काठमाडौं महानगरपालिकामा कार्यरत श्रीमती सहित २ छोराका पिता शरणदेव राई संस्था सञ्चालनका क्रममा एकताका साथ लाग्दा धेरै प्रकारका कार्य गर्न सफल भएको सुखद पक्ष तथा सोचे अनुरूप छलफल तथा गृहकार्य गर्न नसक्दा सजिलोसँग काम गर्न नसक्नु चाहिँ दुःखको पक्ष भनी भन्नु हुन्छ । संस्थाले स्थापना गरेका विभिन्न शीर्षकका अक्षय कोषको रकमलाई एकत्रित गरी परिणाममुखी रूपमा प्रदान गर्न सके राम्रो हुने उहाँको विचार रहेको छ । आफ्ना बाजे तथा बुबा नै प्रेरणाका स्रोत रहेको बताउँदै कुराकानीकै क्रममा भावी जिमी सन्ततिलाई जिमीहरूको साझा यस संस्थाले उनीहरूको career निर्माण गर्नमा संस्थागत रूपमै टेवा एवं प्रोत्साहन गर्नुपर्ने आफ्नो विचार व्यक्त गर्नुहुन्छ ।

अन्तमा, जि.रा.उ.स.सोलुका पूर्व महासचिव शरणदेव राई आगामी दिनमा संस्थाका हर क्रियाकलापलाई सहयोग र समर्थन गर्दै जाने आफ्नो सोच रहेको कुरा व्यक्त गर्नुहुन्छ । संस्था एवम् स्मारिका प्रकाशन समितिको तर्फबाट पनि वहाँलाई धन्यवाद सहित सु-स्वास्थ्य एवम् प्रगतिको कामना ।


**सधैं सम्झनुहोस्**

**यहाँ तपाईलाई आवश्यक हरेक सामान सरल र सुपथ मूल्यमा उपलब्ध गराईन्छ ।**

**Surendra Rai**
**Manager**

**Pilgrim Trading Store**

**Thamel, Chaksibari, J.P. Road**

# विद्रोह

उत्तर कुवीर राई 'पर्वत'
लोखिम-४, सोलु

गर्नुपर्छ किरातीहरूले विद्रोह
जिउनुको अर्थ, जिउँदो रहनुमा हैन
ए अशिक्षित किरातीहरू हो
जीवन, बुझ्नु मात्र पनि हैन
म त भन्छु–
जिउनुको अर्थ जीवन फेर्नु हो
दुनियाँलाई बदल्नु हो

सायद तिमीहरू
जिउँदो रहनुलाई जीवन ठानिरहेका छौ
जीवन बुझ्नुलाई सफलता मानिरहेका छौ तिमीले
भनेको सत्य हो
हामी किराती साँच्चिकै पराक्रमी छौं
बेस्मारी परिश्रमी छौं
तर हाम्रो इतिहासको स्वाधीनता
र वर्तमानको पराधीनता
पढ्दा दुई शब्द
तर कत्रो विरोधाभाष
जीवन छ मृत्यू जस्तै
यतिखेर  पनि
किन आफ्नै स्वाधीनतालाई पराई सम्झिरहेका छौ ?
आफ्नै मूर्खतालाई वीरता ठानिरहेका छौ
के हामी  उपजाति किराती हौ ?
हैन भने
हाम्रो वीरता तलबमा बेचिएको छ किन ?
हाम्रो पराक्रम तक्मामा साटिएको किन ?
हामी शुद्ध किराती हौं भने
हाम्रो वीरता
हाम्रै स्वाधीनताको लागि हुनुपर्छ
मुक्ति र स्वतन्त्रताको लागि हुनुपर्छ
तर, शिक्षितको नाममा
किन काँपिरहेका छौं ?
जब कि समाजमा आक्रोशको आगो दन्किएको छ
र किन वीरको सन्तानभित्र विद्रोह जन्मेको छैन ??



# मृत्यू

कवि राई
बासा- ६, सोलुखुम्बु

मृत्यू  कत्ति भयावह कटु शब्द यो
जीव, जन्तु, प्राणी सवै सधैं डराउने
पृथ्वीकै सर्वेसर्वा आफू ठानिने
मानव जति बाँचुन सम्मान नगर्ने
जत्ति टाढा भागे पनि जस्तो बाँध हाले पनि
मृत्यू आफैंसँग समेटिएको छ
जीवन छ त मृत्यू छ
छैन जीवन मृत्यू पनि छैन
यो त सधैं आफैंसँग घुमिरहन्छ
मृत्यू-जीवन सँगै जन्मियो
अन्त्य पनि सँगै हुन्छ यो
रोग, भोक, शोक मृत्यू हो
रिस, राग, लोभ पनि मृत्यू हो
जीवन पनि त्यही हो, मृत्यू पनि त्यही हो
जीवन-मृत्यू सधैं जुधिरहन्छ
जीवन जिते प्राण रहन्छ
हारे हुन्छ मृत्यू सधैं-सधैंलाई

# हार्दिक शुभकामना



यस समाजका आजीवन सदस्य तथा उद्योग बाणिज्य संघ सोलुखुम्बुका अध्यक्ष जयप्रसाद राईका जेष्ठ सुपुत्र

**ज्ञानेश्वर राई**

ले वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट एम.वि.वि.एस. अध्ययन पूरा गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै वहाँको कार्य सफलताको हार्दिक शुभकामना ।

केशव राई
**माउन्ट एभरेष्ट इक्विप्मेन्ट**
ठमेल, काठमाडौं, नेपाल

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

# हार्दिक शुभकामना



सल्यान -१, सोलुखुम्बु निवासी श्री इन्द्र बाहिङ राई तथा श्रीमती ललिता साम्पाङका सुपुत्री **रोश्मा बाहिङ राई**ले दार्जीलिङको सदरमुकाम कालिम्पोङस्थित St. Philomina Higher Secondary Schoool बाट +2 सम्मको अध्ययन पूरा गरी दार्जीलिङकै St. Loreta College बाट Geograpy मा Graduation पश्चात् नेपालको त्रिभुवन विश्वविद्यालय T.U. बाट Sociolgy मा सर्वोत्कृष्ट अंकका साथ Master's Degree प्राप्त गर्नुभएकोमा बधाईसहित उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

# हार्दिक शुभकामना



यस समाजका आजीवन सदस्य **बुद्धवीर बाहिङ** नेपाल पत्रकार महासंघ शिक्षा मन्त्रालय तथा शिक्षा विभागले वर्षेनी प्रदान गर्दै आएको **राष्ट्रिय शिक्षा लेखनवृत्ति पत्रकारिता पुरस्कार २०६८** बाट पूर्वाञ्चल विकास क्षेत्रमा उत्कृष्ट हुँदै पुरस्कृतहुनु भएका नेपाल टेलीभिजनका टिभी जर्नालिष्ट, नेपाल समाचारपत्र दैनिकका समाचारदाता तथा बीएफबीएस गोर्खा रेडियो युकेका सम्वाददाता एवं किरात राई पत्रकार संघ जिल्ला शाखा सोलखुम्बुका अध्यक्षलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा अझै प्रगतिको कामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

# हार्दिक श्रद्धाञ्जली

जन्मः
भाद्र १९, २००१



स्वर्गारोहणः
फागनु २४, २०६८

तिङ्ला-१, सोलुखुम्बु निवासी यस समाजका आजीवन सदस्य हिमान सिं राईको ममतामयी आमा

**मसिनी राई**

को निधन भएकोमा वहाँको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक **श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

# राईवाद विरूद्धको संघर्ष र खम्बु (जिमी) एकता



दिलीपसिंह के. खम्बु
महाकुलुङ

किरात महासभ्यता अन्तर्गत भिन्न–भिन्न साँस्कृतिक तथा भाषिक जीवन बाचिरहेका किराती खम्बुहरू चोमोलुङ्मा आसपासका प्राचीन आदिवासी जातिहरू हुन्, जो आजसम्म राज्यको बर्बर दमनका बाबजुद आफ्नो पुर्खाको गौरवशाली ऐतिहासिक विरासत थाम्न सफल छन् । यी नै महासंस्कृतिका धनी चोमोलुङ्मा आसपासका किरातीहरू एकीकृत गर्ने सवालमा जिमी राई उत्थान समाज सोलुको भूमिका बढी महत्वको छ । तथापि हालसम्म आफ्नो भिन्न पहिचान र अस्तित्वका संरक्षणका खातिर बाहुनवादी राज्यसत्तासंग आन्दोलनरत किराती खम्बुहरूसंग जिमी राई उत्थान समाज सोलुको सामीप्यता स्थापना हुन नसक्नु दुखद नै भन्नु पर्ने हुन्छ । कतिपय किरातीहरूमा राईवाद हाबी भएकै कारण एकताको सन्देश प्रवाह हुन सकिरहेको देखिन्न ।

इतिहासको विभिन्न कालखण्डदेखि विश्वका ७० भन्दा बढी देशहरूमा न्यायप्रेमी, प्रकृतिप्रेमी, सामाजिक सहिष्णुताप्रेमी, राष्ट्रियताप्रेमी आदिवासीहरूको आप्रवासी प्राकृतिक शासकहरूको अन्यायिक, पूर्वाग्रही तथा पूर्ण असमावेशी राज्य संचालन नीति र प्रक्रियाको कारण उनीहरूको समग्र अवस्था दयनीय रहदै आएको छ। ती आप्रवासी कथित शासकहरूको पाशविक व्यवहारका कारण विश्वका हजारभन्दा बढी आदिवासी भाषाहरू, संस्कृतिहरू, पृथक अस्तित्वहरू हाल धरापमा छन् । त्यस्ता सरकारद्वारा विभिन्न भौतिक विकास तथा संरक्षित क्षेत्रका नाममा उत्पीडित आदिवासीहरूको हजारौ विघा पुर्खौली थातथलोहरू विना क्षतिपूर्ति अतिक्रमण गरिएका छन्। जसबाट विस्थापित भएका आदिवासीहरू आफ्नौ देशीय भूगोलभित्र शरणार्थी या दोस्रो दर्जाको नागरिक सरह नारकीय जीवन विताउन बाध्य भएका छन् । तसर्थ, आदिवासीहरूले जीउने जीवनहरू जर्जर अवस्थामा रहेका छन् ।

यस्ता अन्यायको विरूद्ध नेपालका किराती मूलका आदिवासीहरूले २०५७/२०५८ देखि चर्काउदै ल्याएको आन्दोलन विश्वकै उदाहरणीय बनेको छ । जुन आज पनि अथक रूपले अगाडि बढिरहेको छ । जसमा चोमुलुङ्माको काँखमा अवस्थित महाकुलुंङका आदिवासी भूमि सन्तान कुलुङहरूको उल्लेख्य भूमिका र सहभागिता रहदै आएको छ । तर, यी अस्तित्व र स्वभिमानको आन्दोलनमा तथाकथित राईको मुकुण्डोधारी संस्था किराया मुख्य तगारो बनेको छ । जसको व्यवहार एकल नश्लीय वाहुनवादभन्दा पनि अझ घृणित छ । जसबाट के बुझ्नु जरूरी छ भने सामन्तवादी किराया अन्तिम घढीमा छटपटाइ रहेको छ । आदिवासी खम्बुहरूमाथि गरेको जघन्य अपराधकै कारण उ पतनोन्मुखको दिशामा अगाडि बढिसकेको छ। तसर्थ, जुन किरायाको घृणित व्यवहार

उसको अन्तिम चित्कारको झन्कार भन्दा फरक नहोला ।

जिमी राई उत्थान समाज सोलुले किरायाको कुकृत्यमा ईट थप्ने कार्य गरिआएको छ । किरायाको जिल्ला अध्यायको रूपमा आदिवासी जनजाति महासंघमा आबद्ध भई अन्य सार्वभौम किराती खम्बुहरूलाई महासंघको समन्वय परिषदमा आबद्ध हुनबाट रोक्नुले प्रष्ट पार्दछ कि यसको उठबस कियायासंग छ । त्यै कारण, जिमी राईले गरेको कतिपय समाजिक सेवाका कामहरूप्रति कतिपय किराती खम्बुहरूको ऐक्यबद्धता रहदा-रहदै पनि नीतिगत रूपमा जिमी राई उत्थान समाज सोलुप्रति आकर्षित हुन सकिरहेका छैनन् ।

राईवाद आदिवासीवादसंग कुनै सम्बन्ध राख्दैन । केवल व्यक्तिगत स्वार्थवादमा आधारित अतिवादसंग यसको सम्बन्ध रहन्छ । 'राई' शब्दबारे दशकलामो स्वधीनता र स्वभिमानताको हाम्रो न्यायिक आन्दोलनले अजीवलाई समेत जीव बनाइसकेको छ । तसर्थ, दुनियाँ जानकारी राख्दछ कि 'राई' इतिहास बोकेको कुनै शब्दावली होइन । यसर्थ, 'राई' शब्दावलीप्रंति कसैले गर्व राख्दछ भने त्यो केवल कालिदास प्रवृत्ति बाहेक अरू केही हुन सक्दैन । किनकि 'राई' शब्द आदिवासीबोधक हुँदै होइन । राईलाई आदिवासी मान्ने हो भने राई पगरीदाता शासक वर्ग र त्यसका मतियारहरूलाई के मान्ने ? 'राई' भनिने अन्धभक्तहरूले सोच्नु जरूरी छ । बाहुबलको आधारमा राईधारी जलप बलजफ्ती सबैमा पोतिदैमा किरात राज्यको स्थापना कदापि सम्भव हुन्न ।

संयोगले जातिको रूपमा 'राई' सूचीमा रहन गएकै कारण बान्तवा इतरका सबै किराती खम्बुभाषीहरूको अस्तित्व धरापमा परिरहेका छन्, कतिको मौखिक इतिहासको एउटा पीडादायी पाटो बनिसकेको छ । 'राई' सूचीमा रहन गएकै कारण सामूहिक विकासको लागि राज्यबाट पाउनु पर्ने चकलेटी सहयोगबाट समेत किराती खम्बुहरू बञ्चित भइरहेका छन् । आन्तरिक उनिवेशवादको नाममा किराती खम्बु संस्कृतिको प्राचीनतम धरोहर भत्काउने र विलय गराउने कार्य किरायाद्वारा आफ्नो स्थापना कालदेखि जानाजान गरिएको छ । यो भन्दा ठूलो अपराध के हुन सक्दछ ? त्यसकारण, किराया जस्तो दुर्घन्धित संस्था र यसका आसेपासेसंग यथास्थितिमा कुनै पनि किसिमको सम्बन्ध स्थापना गर्न सकिन्न ।

किन राईवादमा आधारित खम्बुवान, लिम्बुवान, तमुवान, थारूवान मागिए जस्तो राईवान मागिन्न ? राईको पहरेदार मानिनेहरूले राईवानको मुखारविन्द किन गर्न सकिरहेका छैनन् ? किनकि यी बुज्रुकहरू नक्कली जगमा उभिएका छन् । 'नक्कली जोगीले खरानी धेरै धस्छ' भनेकै यही हो । राई वा राईवादको ऐतिहासिक धरातलै छैन, इतिहासमा हुदै नभएको 'राई' जाति आदिवासी हो भन्दै किरात राज्यको वकालती गर्नु किरात भूमिमा एकोहोरो शेर्पा राज्य स्थापना गर्न खोजिनु जस्तै हो । विना आधार कियायाले 'राई' आदिवासी हो भन्दै भ्रमको खेती गरिरहे को छ । आदिवासीसम्बन्धी नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, UNDRIP, २००७ र ILO Convention No. १६९ जस्ता कुनै पनि सर्वमान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानूनले प्रत्याभूत गरेका परिभाषा र मापदण्डले राई आदिवासी हो भनेर पुष्टि गर्दैन । पुष्टि होस् पनि कसरी ?

डलरे किरायाले केही युवायुवतीहरूलाई हात्तीबन-टुँडीखेलमा भेला गराई कम्मर

मर्काउन लाउन वाहेक अरू थप केही गरेको देखिन्न । किरायाले गरेको इतिहासकै सबैभन्दा ठूलो कार्य भनेको आजभन्दा ७ वर्ष अगाडि कुलुङ भाषामा निर्मित पाठ्यपुस्तक अवरूद्ध गर्नु हो । जसबाट प्रष्ट हुन्छ कि यी स्वार्थलिप्साका हिमायतीहरू किराती खम्बुहरूको अस्तित्व संरक्षणको विरूद्धमा लागी परेका छन् । पहिचानयुक्त संघीय राज्य अभ्यासको वध गर्ने पृथ्वीनारायण शाहले शोषण गर्न सजिलो होस् भनेर गुथाई दिएको 'राई' पगरीका पक्षपोषकहरू आज किराती खम्बुहरूको सामूहिक पहिचान स्थापनामा मुख्य बाधक बनिरहेको कुरा सबैले बुझ्नु जरूरी छ ।

कतिपय बेमेल र असहमतिका बाबजुद सोलु जिल्लाका किराती खम्बुहरूको बृहत्तर एकताको लागि जिमी राई उत्थान समाज सोलुको पहलकदमीप्रति अन्यथा लिनुको औचित्य नहोला । तर, बदलिदो वर्तमान परिस्थितिमा जिमी राई उत्थान समाज सोलुले कतिपय कुरामा त्यागी बन्नु जरूरी छ । हाम्रो अस्तित्वसंग जोडिएका, हाम्रा पुर्खाहरूले हजारौ वर्ष लगाएर आर्जन गरेका साझा सभ्यता, भाषा, संस्कृति, इतिहास आदि/इत्यादि कुराहरूलाई षड्यन्त्रपूर्वक विलय गराउने र कथित 'राई' जातिको नाममा हामीमाथिको आन्तरिक उपनिवेशवाद र प्रभुत्ववाद लाद्ने किरायासंगको स्थापित सम्बन्धमाथि जिमी राईले पुनर्विचार गरे हामी चोमोलुङमाका आदिवासी किराती खम्बुहरूबीचको एकता, सहकार्य,समन्वय निश्चित छ । जुन हामीबीचको आजको अनिवार्य आवश्यकता पनि हो ।

नोटः- प्रकाशित यस लेखका लागि लेखक स्वयं जिम्मेवार हुनुहुन्छ ।
– स्मारिका प्रकाशन समिति

# That day came.....



Melina Rai

When I woke up in the morning,
He was working hard to make me happy
I ran and huge him tightly
But that day came, which I didn't want to remember,
When he was not seen in front of me.

When I came back from my school
I usually used to say Grandpa I arrived
But that day came and make my ward vanished
Which I usually used to say.

We shared our happiness even in sad moment
and walked together in every way
I was holding his hand and moving forward
But that day came and separated us,
Which I didn't want to see.

I used to go here and there
I didn't want to say him good bye
Because I felt afraid to say
But that day came easily and compelled me to say.

I didn't want to lose my grandpa
I never thought about to lose him
I just wanted to see him in front of me forever
But that day came and took him away from me.

# अन्तर्वार्ता

जिमी (राई) उत्थान समाज सोलुका विशिष्ट सदस्य खड्गसिं राई तथा आङ्फुली राईकी ३ सन्तान मध्ये जेठी छोरी डा.मनिता राई जो सन् १९८८ अक्टोवर ३१ का दिन जन्मनुभएको थियो । पढाइको सुरूआत् आफ्नै गाउँ नेचा बेतघारी-१, फुर्केमा अवस्थित जालपा प्रा.वि.बाट सुरू गरेर काठमाण्डौं हुँदै चीनको SICHUAN UNIVERSITY, CHENGDU बाट MBBS सकाई स्वास्थ्य सम्बन्धि विभिन्न सामाजिक कार्यमा सरिक हुनुभएकी डा.मनिता राईसँग जि.उ.स.ले गरेको संक्षिप्त कुराकानी ।


डा. मनिता राई

➲ **हाल के गर्दै हुनुहुन्छ ?**

❒ अहिले केही दिन यता वीर अस्पतालमा गरिरहेको कामलाई स्थगित राखेर विश्राम गरिरहेकी छु ।

➲ **तपाईको अध्ययन कहाँ र कसरी सम्पन्न भयो ?**

❒ प्राथमिक शिक्षा आफ्नै गृह जिल्लाको नेचा वेतघारी-१, फुर्केमा अवस्थित जालपा प्रा.वि.मा कक्षा २ सम्म भयो तत्पश्चात् काठमाण्डौंको रिलायन्स स्कूलमा कक्षा १ देखि नै दोहोऱ्याएर कक्षा १० सम्म अध्ययन गरी + २ को अध्ययन चाहिँ HIMALAYAN WHITE HOUSE COLLEGE मा र MBBS को पढाई चाहिँ चाहनाको SICHUAN UNVICERSITY, CHENGDU मा 2005-2010 मा सम्पन्न भयो ।

➲ **पढाइको सिलसिलामा चीन जाँदा कस्तो अनुभव गर्नुभयो ?**

❒ सुरूको दिन अत्यन्तै कष्टकर महसुस गरेँ जस्तो कि म त्यस भन्दा पहिले कहिल्यै पनि परिवार छोडेर त्यसरी एक्लै हिडेकी थिइँन । घर परिवार छोडेर त्यो पनि एक्लै हिँड्नुपर्ने नचिनेको नजानेको ठाउँतिर लाग्दा मलाई अत्यन्तै गाह्रो महसुस भएको थियो । त्यसमाथि पनि मैले चढ्न लागेको जहाजमा एउटै पनि चिनेका अनुहार थिएनन् । चाइना त पुगियो तर खाना खाने बेलामा सबै खाना मेरो लागि नौलो भएकाले सबै खाना गनाउने मात्र लाग्थ्यो । अर्कातिर त्यहाँको स्थानीय भाषा चाइनिज नजान्दा अझै समस्या महसुस गरेँ । तर बिस्तारै चिनजान गर्दै जाँदा रहँदा-बस्दा त्यहाँको गनाउने खाना मिठो लाग्न थाल्यो भने सबैसँग परिचित भएपछि रमाइलो लाग्न थाल्यो । खानाको कुरा गर्दा त आज आएर अझै मलाई चाइनिज खाना मन पर्छ ।

➲ **तपाईलाई मन पर्ने चिनीयाँहरूको विशेषता भनौं या व्यवहार मुख्य गरेर के के हुन् ?**

❒ सबैलाई आदर-सम्मान गर्ने विशेष गरेर पाहुना तथा विदेशीलाई अति राम्रो मान्ने, कठोर परिश्रम, पाहुनाहरूको सेवा-सत्कार,

पैसाको सही सदुपयोग गर्ने आदि ।

➲ **तपाईलाई डाक्टर बन्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?**

❒ म सानै छँदा नै मलाई Medicine पढ्ने तीब्र इच्छा थियो सो कुरालाई मेरा अभिभावकहरूले पनि सहर्ष स्वीकार्दै सधैँ प्रोत्साहित गर्नुभयो ।

➲ **सन् २०१० मा MBBS अध्ययन सम्पन्न गर्नु भएपछि कहाँ कहाँ कस्तो सेवा गर्नु भयो ?**

❒ २०१० मा नेपाल आएपछि Internship लगायतलाई गणना गर्ने हो भने वीरेन्द्र सैनिक अस्पताल छाउनी, प्रसुती तथा स्त्री-रोग अस्पताल थापाथली, वीर अस्पताल जहाँ Emergency Department मा Medical officer र विभिन्न organizations ले आयोजना गरेको स्वास्थ्य शिविरहरूमा सहभागी भई कार्य गर्दै आइरहेकी छु ।

➲ **अब औपचारिक रूपमा डाक्टर बनि सक्नुभयो, अबको योजना ?**

❒ हेरौँ कुनै पनि अवसर मिल्यो भने नेपालमै रहेर नेपालीको सेवा गर्ने तर नेपालमा अस्वस्थ्य प्रतिस्पर्धाको कारण योग्य-अयोग्य हुन्छन् भने अयोग्य चाहिँ योग्यमा गनिन्छन् त्यसैले यस बारेमा सोच विचार गर्दैछु ।

➲ **तपाई जस्तै Medicine क्षेत्रमा आउन मन भएका भावी पिँढीलाई भनौ भाइ बहिनीहरुलाई के सन्देश दिन चाहानु हुन्छ ?**

❒ वास्तवमै जुनसुकै क्षेत्रमा लाग्नु पूर्व हरेक हिसाबले पूर्ण रूपले तयार हुनुहोस् । त्यही नियम लागू हुन्छ यो क्षेत्रमा पनि । सोचे, सम्झेजस्तो सजिलो कुनै पनि क्षेत्रमा छैन ।

➲ **अन्तमा अध्ययनको सिलसिलालाई पुनः जोडौं, अबको अध्ययन कुन विषयमा गर्ने सोचमा हुनुहुन्छ ?**

❒ मलाई मन परेको विषय Radiology हो त्यसैले त्यही पढ्ने सुरमा छु ।

➲ **जाँदा जाँदै जिमी (राई) उत्थान समाजबारे तपाईलाई लागेका कुराहरू ?**

❒ यस संस्थाले स्थापना कालदेखि नै विविध सामाजिक कार्य गर्दै आएको छ । जुन अत्यन्तै राम्रो छ र आगामी दिनहरूमा पनि यस्तो गतिविधि अघि बढिरहून शुभकामना ।

❒ जिमी (राई) उत्थान समाज पनि उहाँको सफलताको लागि हार्दिक बधाई तथा उहाँको Radiologist बन्ने सपना तथा नेपालीको सेवा गर्ने सपना पूर्ण होस्, शुभकामना व्यक्त गर्दछौ ।

**कविता**

# प्रकृति

हेमराज राई, सल्लेरी

*कति सुन्दर वातावरण त्यो सँगै बसूँ जस्तो*
*सँगै बसी कविता पनि रचूँ-रचूँ जस्तो ।*
*रङ्गीन रैछ गुलाफ फूल सधैँभरि फुल्ने*
*टपक्क टिपी कानैमा सिउरूँ-सिउरूँ जस्तो ।*
*हिमालहरू सेताम्य देखिन्छन् रहेछ राम्ररी*
*नजिक गएर नियाल्दै हिउँ खेलूँ जस्तो ।*
*वसन्तको त्यो पालुवा कहिल्यै हुन्छ*
*सँगै हाँस्दै, सँगै खेल्दै आफैँ बाचूँ जस्तो ।*
*कति मिठो कोइलीको स्वर*
*सँगै सँगै आफूले पनि गाऊँ-गाऊँ जस्तो ।*

# थुलुङ राई जातिहरूको केही सामाजिक संस्कारहरू

उत्रकुमार राई 'वियोग'
लोखिम-४ सोलु

'थु' भनेको आदिम मानव पुर्खा र 'लुङ' भनेको पूर्खाहरूले आश्रय लिएको ढुंगे गुफा अर्थात ओडार भन्ने अर्थबाट निर्मित थुलुङ राईहरूको पुर्ख्यौली मूल थलो माझ किरात- भोजपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु) भए पनि सेवा सुविधा र रोजगारीको खोजी गर्दै हाल देश-विदेशतिर छरिएर रहेको अवस्था छ। यस जातिको मूलथलो सोलुखुम्बु जिल्लाको मुक्ली गा.वि.स. "फुलिक देल" बाट बसाइँ-सराइको कारण हाल सोलुखुम्बुबाट ओखलढुंगा, खोटाङ, भोजपुर, धनकुटा, ताप्लेजुङ, पाँचथर, संखुवासभा, इलाम, झापा, उदयपुर, पोखरा लगायत भारतको सिक्किम, दार्जिलिङ, खर्साङ, कालिम्पोङ, सिंगापुर, ब्रुनाई, हङकङ, बेलायत आदि क्षेत्रमा पनि आंशिक रूपमा बसोबास गर्दै आइरहेको थुलुङ राई जातिको आफ्नै सामाजिक संस्कार संस्कृतिहरू रहेका छन् । उक्त संस्कार, संस्कृतिहरूलाई जीवन्त राख्ने उद्देश्यले केही प्रतिनिधिमूलक संस्कारहरूको उल्लेख गर्ने प्रयास तल गरिएको छ ।

**क) जन्म**

बच्चा जन्मेपछि अनुभवी आमाबाट मोहर ढ्याक पैसामा राखेर नाल काटिन्छ। उक्त नाल काटिसकेपछि छोरा भए भाले, छोरी भए पोथी कुखुराले आमाको दुध छुवाएर काटिन्छ। त्यसपछि उक्त नाललाई ढुंग्रोमा राखी दुध आउने बोट विरूवा - (खिरूवा, बडहर, दुधिलो, नवारो)मा झुण्ड्याउने गरिन्छ। त्यसपछि बच्चा र आमालाई सफा गरेर एउटा निश्चित ठाउँमा राख्ने गरिन्छ ।

**(ख) न्वारान (छोरा र छोरी )**

न्वारान गर्दा छोरा भए जन्मेको ६ दिनभित्र र छोरी भए ५ दिनभित्र गर्ने चलन छ। छोराको न्वारान गर्दा हलो, जुवा, धनुकाँड कुरिलो (प्वाक-प्रवाक) मछिनो (रिम्चो) भालेले गरिन्छ भने छोरीको न्वारान गर्दा सामाजुवा, काइँयो धागो, राशी कुरिलो पोथी कुखुरा आदि सामानहरू चाहिन्छ । सबै सामानको व्यवस्था भैसकेपछि बच्चाको आमाले राम्ररी सरसफाई गरेर धागोको डोरी कम्मर नाडी, गला र खुट्टामा बाँधिदिनुपर्छ । त्यसपछि कुरिलोको घाँसलाई बाँधेर मुठा बनाई बाँसको चिम दियालो बालेर बच्चालाई एकजना कन्या केटो वा केटीलाई कोक्रोमा बोकाई एक जना पुर्खाले बाँधेको कुरिलोको मुठो देब्रे हातमा र दाहिने हातमा दियालोले कुरिलोको मूढोलाई पोल्दै तीन फन्को बगेना (चुलो) घुमाई आमालाई बच्चा दिइन्छ । त्यसपछि जेठोपाको पुर्खाहरूबाट पात्रो हेरेर नाम राख्ने चलन छ। नाम जुराइसकेपछि गहुँत पानी छर्कँदै घर चोख्याइन्छ । त्यसपछि तयार भएको खानेकुराहरू काँसे बटुकोमा पूरा खाना

पस्की कुखुराको घाँटीमाथिको भाग टाउको र खुट्टा खानामा ठाडो पारी गाडी राख्ने त्यो टाउको र खुट्टा बच्चा बोक्ने कन्या केटा वा केटीलाई खान दिने चलन छ । लगत्तै जम्मा भएका सम्पूर्ण आफन्त नर नाताहरूले खाना खाएर छुट्ने चलन छ ।

**ग) पास्नी**

छोरा-छोरीको पास्नी गर्दा छोराको भए ६ महिना र छोरीको भए ५ महिनामा गर्ने चलन छ । छोराको लागि दौरा-सुरूवाल, टोपी, चाँदीको बाला आदि र छोराको लागि जामा, चाँदीको बाला, दियो-कलश, अक्षता, दही, दुवो, तितेपाती फूल तयार गरी टिका लगाई दिएर आमाबाट मोहर वा ढ्याक पैसाले बच्चालाई भात खुवाउने चलन छ । यस कार्यक्रममा सबै आफन्तहरूलाई निमन्त्रण गरिएको हुन्छ त्यहाँ उपस्थित नाताहरूले आ-आफ्नो हैसियत अनुसार कपडा दक्षिणा ल्याई दिई टिका लगाइदिने चलन छ ।

**घ) छेवर (केश काट्ने)**

छोरा कम्तीमा ६ वर्षको भएपछि छेवर गरिन्छ । छेवर गर्दा एक किसिमको राम्रो साइत जुराएर कन्या केटीलाई टपरीमा केश थाप्न लगाई मावलीको ज्वाइँ चेलो वा मामा-भान्जाबाट केश काट्न लगाउने चलन छ । केश कटाउने कार्य सकेपछि नयाँ दौरा-सुरूवाल लगाइदिने चलन छ । लगत्तै घर-परिवार लगायत अन्य उपस्थित मान्यजनहरूबाट टिका लगाई दक्षिणा दिने चलन छ । त्यसपछि भोजभतेरसँगै सम्पूर्ण कार्य पूरा हुन्छ ।

**ङ) गुन्युचोली दिने (छोरीलाई)**

छोरी पाँच वर्ष पुगेपछि गुन्युचोली दिने चलन छ । गुन्यु चोलो दिंदा एक किसिमको राम्रो साइत जुराएर दिने चलन छ । उक्त कार्यको लागि गुन्यु-चोली, मजेत्रो, पटुकी तयार गरी नाङ्लोमा राखेर बाजागाजा समेत बजाउन लगाई दियो, कलश र अक्षताले पुजेर कन्या केटीलाई लगाउन दिइन्छ । पहिलो पटक आमा-बुबाले टिका लगाइदिएर दक्षिणा दिन्छन् । त्यस क्रमसँगै अन्य आफन्तजनहरूले पनि टिका लगाई दक्षिणा दिन्छन् ।

**च) सगुन (केटी भित्र्याउने )**

सगुन भनेको नवदुलहीलाई दुलाहाको घरमा भित्र्याउने दिन विधिवत रूपमा गरिने कार्य हो । सगुनको दिन नवदुलहीलाई केटा पक्षको घर-चुलोमा समावेश गर्ने वा भित्र्याउने दिन हो । विवाहपूर्व सगुन गर्नुपर्ने चलन छ । त्यसदिन थुलुङ मुन्धुमद्वारा 'देवा' थुलुङको पुरोहितले विधिवत रूपमा नवदुलहीलाई दुलाहाको चुलो वा पितृमा छोर्स्यो (छोस्यो) गरेर समावेश गर्ने गर्दछ । सगुन सकिएछि दुलाहा पक्षबाट सुँगुरको फिला र आवश्यकता अनुसार रक्सी सहित दुलहीको घरमा दुलाहा दुलही जाने चलन छ । सगुनको दिन दुलाहाको घरमा सामान्य भोजभतेर गरेर आफन्त छिमेकीहरूलाई खुवाउने चलन छ । आफ्नो सम्पूर्ण आफन्तहरूलाई निम्तो गरेर जम्मा हुने चलन पनि छ ।

**छ) विवाह**

थुलुङ राई जातिको विवाह मुख्य गरेर मागी विवाह र चोरी विवाह (मिली विवाह) गरी दुई प्रकारको हुन्छ । मागी विवाहमा केटीको टुंगो लागिसकेपछि आफ्नो नर-नातामा नपर्ने केटा र केटीको पाछा मिल्ने विवाह गर्दा कुनै किसिमको बाधा अप्ठ्यारो नपर्ने घर-परिवारमा सल्लाह गरी सोही बमोजिम विधिवत रूपमा केटीपट्टिको परिवारसँग कुरा चलाइन्छ । यस कार्यमा सारते वा कलिया (लमी)

को महत्वपूर्ण भूमिका हुन्छ । सारते वा कलिया चाहिँ केटा र केटी दुवै तर्फबाट सम्बन्धित व्यक्तिलाई बनाइन्छ । पहिलो पटक केटीको सोधनीमा जाँदा दुई कठुवा रक्सी लिएर गइन्छ। एक कठुवा सारते वा लमीको शिर उभ्याउने भनी उसैलाई दिइन्छ र एक कठुवाचाहिँ लमी पक्रेर केटीको कुरा चलाउनका लागि लगिन्छ। केटीको बाबुआमा स्वयम् केटीको कुरामा मञ्जुरी भएमा छोरीलाई बोलाई केटातर्फबाट आएका सारतेलाई मञ्जुरी दिई कठुवाको रक्सी सबैले बाँडेर खाने चलन छ। त्यसपछि विधिवत रूपमा अरू बाँकी कार्यक्रमहरू अगाडि बढ्ने क्रममा तल उल्लेखित सामानहरू आवश्यक पर्दछ ।

क) बाबुआमाका लागि २ कठुवा रक्सी र पाँच मोहर पैसा ।

ख) दाजुभाइका लागि २ कठुवा रक्सी, साइमुन्द्री, चिनो थैलीभित्र सिँदूर, सुपारी, पैसा आदि ।

ग) मावलीका लागि शिर उभ्याउनीका लागि २ कठुवा रक्सी आदि ।

विवाह सम्पन्न गर्नको लागि केटा पक्षको एकजना अभिभावक र केटा स्वयम् कुनै चाडपर्व जस्तै दशैँ तिहार माघे-सङ्क्रान्ति जस्तो पर्वमा विवाह गर्ने चलन छ । चोरी विवाहको लागि भने केटाकेटी भागेर गर्छ फर्कि सकेपछि केटा पक्षबाट चोरको स्वर स्वरूप २ कठुवा रक्सीका साथ हामीबाट गल्ती भयो माफी पाऊँ भनी केटातर्फले गल्ती गरेबापत केटी पक्षको शिर उभ्याउनको लागि दिने चलन छ । बाँकी सबै विवाहको विधि अनुसार नै हुने चलन छ ।

**ज) मृत्यू**

थुलुङ राई जातिको मृत्यू संस्कार २ प्रकारका हुन्छन् । जो विरामी परेर आफ्नै काल गत्तिले मर्छ त्यसलाई कुलमा लगिन्छ भने जो अचानक लडेर वा कुनै कारणबाट अल्पआयुमा मृत्यू हुन्छ त्यसलाई कुलमा नलगेर छुट्टै तरिकाले संस्कार गर्ने चलन छ । दिन पुगेर आफ्नै कालगतिले मृत्यू भएको व्यक्ति यदि कुलको वा देवा नै भएमा मरेकै दिन सात-आठ तलाको चिहान बनाई गाडेर त्यही दिन कुनै जनावर (रागो, सुँगुर, भेडा) चार्वा काटेर चिनो-चौतारो बनाई देवाबाटै विधिवत रूपमा कुलमा लाने चलन छ । सर्वसाधारण जो-सुकै भए पनि मरेको मान्छेको सम्झना स्वरूप चिनो-चौतारो, फूल तार्ने चलन छ । लडेर मरे को, दैवी प्रकोपमा परेर मृत्यू भएको शवलाई बारीमा नराखी जंगलमा लगेर गाड्ने चलन छ । त्यसको काजक्रिया गर्दा कुलमा नलगेर धामीद्वारा चिन्ता गरेर जसको भूत मार्ने बाटो देखाउने आदि चलन छ ।

लेखकः जिमी (राई) उत्थान समाज सोलु(स्थानीय समिति) साहित्यिक विभागका संयोजक हुनुहुन्छ ।

# गजल

दिना थुलुङ राई
मुक्ली ३, देप्कु, सोलु

थाहा पाएँ माया मारेछौ धेरै रोएँ कान्छा
अन्तै पो बसाई सारेछौ धेरै रोएँ कान्छा ।

फुलाऊँ भनी रोपेकाथ्यौँ प्रेम बोट हाम्ले
कोपिलामै टिपी झारेछौ धेरै रोएँ कान्छा ।

सधैँ खुल्ला नै हुन्छ भन्थ्यौ त्यो दिलको ढोका
काँडे तार हाली बारेछौ रोएँ कान्छा ।

यो वियोगको पीडा सही मर्नु कि म बाँच्नु
दोसाँधमा आज पारेछौ, धेरै रोएँ कान्छा ॥

# सोलुमा विकासको सम्भावना

भीमराज राई
नेचा बतासे–६, सोलु

सोलुखुम्बु मधेसदेखि सर्वोच्च शिखर सगरमाथासम्मको हावापानी पाईने हिमाली जिल्ला हो । विभिन्न प्रजातिका वन जंगलदेखि अन्न बाली र फलफूल उत्पादन हुनु यस जिल्लाका प्रमुख विशेषता हो । बहुजातीय, बहुभाषिक, बहुधार्मिक र साँस्कृतिक प्रचलन भएर पनि सबै समुदाय बीच सामाजिक सदभाव र आपसी सहिष्णुता कायम रहनु यस जिल्लाको मौलिक सम्पदा हुन् । अन्य समुदायको साथै जिल्लाभित्र बसोबास गर्ने पाँचै थरी किराँत राई समुदाय भित्र समेत आ–आफ्नै भाषा, संस्कृति र संस्कार हुनु सामाजिक विविधताको एक अनुपम नमुना हो ।

यो जिल्ला भौगोलिक हिसाबले मुख्यत : खुम्बु र सोलु गरी २ क्षेत्रमा विभाजित छ । खुम्बु क्षेत्रले जिल्लाको उच्च हिमाली भेगलाई समेट्छ भने सोलु क्षेत्रले दक्षिणी मध्य तथा उच्च-पहाडी भूभागलाई ओगट्छ । खुम्बु क्षेत्र फस्टाउदो पर्यटन व्यवसायको कारण आर्थिक वृद्धि भई जीवनस्तर राम्रो छ । सोलु क्षेत्र तुलनात्मक रूपमा उर्वर भूमिले ढाकिएको हुँदा अन्न उत्पादन, फलफूल खेती, पशुपालनको दृष्टिले महत्वपूर्ण भएर पनि आर्थिक रूपमा खुम्बु जति विकसित र मजबुत छैन । प्राकृतिक स्रोत र मावनस्रोत साधनले भरिपूर्ण भएर पनि आर्थिक रूपमा गरिबी र पछौटेपन व्याप्त छ ।

सामाजिक विकासको मुख्य आधार कृषि उत्पादनमा वृद्धि हुनु हो । यहाँको समुदायको जीवनस्तरमा आशातित सुधार भएको छैन । समाजशास्त्रीय रूपमा यो क्षेत्र भाषा, कला, साहित्य र जातीय पहिचानको सवालमा सचेत देखिन्छ । तर उपलब्ध स्रोत साधनलाई सदुपयोग गर्दै आर्थिक सुधार गर्ने मामिलामा भने पछि परेको छ । कृषि योग्य जमिन, वन जंगल र पर्तिजग्गा, जडिबुटी तथा लघु वन पैदावर, नदी, खोला नाला, फलफूल खेतीको लागि उपयुक्त हावापानी, ग्रामीण पर्यटनको लागि संभावित क्षेत्रहरू र मानव संसाधन हामीसँग भएका स्थायी आम्दानी र उत्पादनका स्रोतहरू हुन् ।

आधुनिक कृषि प्रविधिको प्रयोग नगरी परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा निर्भर हुनाले आर्थिक विकास भएको छैन । यो क्षेत्र कृषि, वन, पर्यटन र भौतिक पूर्वाधार विकासमा प्रचुर संभावना भएर विकासमा पछि नै परेको छ । यी सबैको विकास नभई कुनै पनि समुदायको जीविकोपार्जनमा सुधार हुँदैन । वर्षैभरि उत्पादन हुने मौसमी फलफूल, तरकारी, विकास र विस्तारको अवस्थामा रहेको सडक निर्माण र कायम हुँदै गरेको गाउँ-सहरको सम्बन्धले हाम्रो क्षेत्रको भविष्य उज्ज्वल देखिन्छ ।

विकासमा पछि किन : विकास सम्बन्धमा संसारभर समान बुझाइ पाईंदैन । खासमा विकास एक व्यापक अवधारणा हो यसले भौतिक संरचनाको मात्र नभई मानव समाजको बहुपक्षीय विकास जस्तै आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, प्राविधिक, स्वास्थ्य तथा व्यवस्थापकीय क्षेत्रमा विकास गर्दछ । विकास परिवर्तन र निरन्तर चलिरहने गतिशील प्रक्रिया हो र यसको

कहिल्यै अन्त्य हुँदैन । विकास मानव जीवनको एक अपरिहार्य परिवर्तन हो । परम्परागत समाज र कृषि प्रणालीलाई नयाँ प्रविधियुक्त विकास र विस्तारले आधुनिकतातर्फ रूपान्तरण गर्न सकिन्छ । यस्तो रूपान्तरण नै विकास हो जसले मानव समुदायको भौतिक, आर्थिक, सामाजिक, शैक्षिक र स्वास्थ्य जस्ता यावत पक्षमा समूल र सकारात्मक परिवर्तन हुन सक्छ । हाम्रो जस्तो अशिक्षा, गरिबी र दुर्गम वस्तीहरूमा हरेक क्षेत्रको विकास र परिवर्तन एकै पटक संभव पनि छैन ।

विकासमा पछि पर्नुमा सरकारी कार्यक्रममा मात्र भर पर्नु र योजना निर्माण गर्दा स्थानीय समुदायसँग उचित विचार, स्पष्ट दृष्टिकोण नहुनु हो । साथै उपलब्ध स्रोत साधनको सही व्यववस्थापन गर्ने क्षमताको अभाव हुनु पनि हो । स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन नुहुनु, विषयगत प्राविधिक विशेषज्ञहरू नहुनु, ग्रामीण समुदायका प्रवुद्ध वर्ग शहरमुखी हुनु वा गाउँबाट पलायन हुनु, अधिकांश उत्पादनशील युवा वर्ग वैदेशिक रोजगारीमा जानुले पनि यस क्षेत्रको विकासले गति लिएको देखिंदैन ।

विकास योजना र सञ्चालन : सोलुको विकास गर्न उपलब्ध स्रोतहरूको दीर्घकालीन तथा अल्पकालीन योजनाहरूको तर्जुमा
गर्ने र प्रभावकारी कार्यान्वयन गर्नु नै सबैभन्दा उत्तम उपाय हो । कृषि क्षेत्रको विकास गर्न एकातिर स्थानीय वा रैथाने प्रजाति (Native species) को बालीलाई पनि संरक्षण र प्रवर्द्धन गर्दै अर्कोतिर अधिकतम अन्न उत्पादन गरी खाद्यान्न अभावलाई परिपूर्ति गर्न उन्नत जातका बालीनाली लगाई कृषिमा विविधिकरण गर्नुपर्छ । ठाउँ सुहाउदो र बजारको मागलाई मध्यनजर गर्दै बेमौसमी प्रांगारिक तरकारी तथा कृषि उत्पादनमा जोड दिन पर्छ । विनाश हुदै गएको वन जंगललाई संरक्षण गर्ने र खाली जग्गामा वृक्षारोपाण गरी वातावरणको संरक्षण गर्नु पर्छ । सामुदायिक वनलाई प्रवर्द्धन र वन तथा निजी जग्गाहरूमा जडिबुटी खेती एवं लघुवन पैदावर उत्पादनमा जोड दिनुपर्छ । उत्पादन भईरहेको साना जलविद्युतलाई प्राविधिक रूपमा अझ बलियो बनाई ऊर्जा उपभोग सहज बनाउनु पर्छ । ठूला नदीहरूबाट स्थानीय जनता आफैंले विद्युत निकाल्न पहल गर्नु पर्छ । सिंचाई कुलोको निर्माण गरी मौसम र वर्षामा मात्र निर्भर किसानलाई खाद्यान्न उत्पादनमा सक्षम बनाउनु पर्छ ।

आँप, कटहर, लिची, अम्बा, सुन्तला, नास्पाती देखि स्याउ खेती उत्पादन हुने वागबानी फारम (Horticulture Farm) निर्माण गरी वैज्ञाानिक प्रविधिबाट सञ्चालन गर्नु पर्छ । ग्रामीण सडक निर्माणलाई सक्दो छिटो सम्पन्न गर्नुपर्छ । हिमाली पर्यटन (Mountain Tourism) लाई तल्लो क्षेत्रमा पनि विस्तार गर्नु पर्छ । जसबाट साँस्कृतिक तथा कृषि पर्यटनलाई प्रवर्द्धन गर्न मद्दत पुग्दछ । विकासको लागि स्थानीय जनता स्वयं सहभागी भई अल्पकालीन र दीर्घकालीन ठोस कार्यक्रम निर्माण र प्रभावकारी एवं पारदर्शी तरिकाले कार्यान्वयन गर्नुपर्छ ।

प्रतिफल पाउने विकासमा स्थानीय समुदायको संलग्नता र सक्रियता अपरिहार्य हुन्छ । त्यस्ता योजनमा मात्रै समुदायले अपनत्व ग्रहण गर्न सक्छन् । हामीमा सबै योजना र कार्यक्रमहरू सरकारले गरिदेओस् वा अरू कुनै निकायले गरिदेओस् भन्ने चाहना हुन्छ । यस्तो परनिर्भरता नै विकासको प्रमुख वाधक हो । टिकाउ र जनहितकारी विकासको लागि सरकारको मुख नताकी आफ्नो क्षेत्रको सर्वपक्षीय विकासमा आफैं लाग्नु पर्छ । कुनै योजना व्यक्तिगत तवरले गरेरमात्र हुंदैन सबै समुदायलाई सामुहिक र व्यापक रूपमा

सहभागी गराई सञ्चालन गरिएमा मात्र नतिजा देखिने गरी विकास हुन सक्छ ।

सरकारी निकायका विभिन्न पक्षहरू जस्तै गाउँ विकास समिति, जिल्ला विकास समिति, जिल्ला स्तरका विभिन्न सरकारी कार्यालयहरू र अन्य दातृ निकायसंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ । योजनाहरू सम्बन्धी विस्तृत परियोजना प्रस्ताव तयार गरी सरोकारवाला निकायमा पेश गर्ने र वजेटको व्यवस्था मिलाउनु पर्छ । विकासको लागि शहर बस्ने वर्ग र ग्रामीण समुदायबीच अन्तरसम्बन्ध हुन जरूरी छ । यसको साथै तयार भएको शैक्षिक र प्राविधिक जनशक्ति निश्चित समयको लागि भए पनि आफ्नो गाउँ फर्केर दक्षता अनुसार विकास कार्यक्रममा सहभागी हुनुपर्छ । देश, परदेश, विदेश जहाँ बसेपनि आफ्नो ज्ञान सीप, अनुभवलाई गाउँको विकासमा लगाए हाम्रो गाउँ ठाउँको विकास फुल्नेछ र फल्नेछ ।



# गजल

किशोर बाहिङ राई 'किरूवा'
सल्यान-५, सोलु

चोखोमा चोखो गासौँन यही जुनीमा पिरती
सोझोमा सोझो निष्कपट मनको हुँ नि म  किराती

पाउन्नौ सायद संसारमा कुनै मान्छेको त्यो जात
पुर्खाको नासो राखेर चासो रूनी म किराती

कोहीँ छैन ठुलो प्रकृतिभन्दा बुझ्केै होला नि
प्रकृति पुज्ने संसार बुझ्ने गुनी म किराती

सुरम्य सम्भ्ह संसारमा संस्कृति मध्येमा
सृष्टिको कथा मुन्धुमको गाथा हुँ नि म किराती ॥

काठमाण्डौको कुनै पनि क्षेत्रमा घर जग्गा
खरिद/बिक्री गर्नु परेमा तथा भाडामा लिनुदिनु परेमा
**हामीलाई सम्झनुहोस् ।**



**CHOMOLUNGMA DEVELOPERS GROUP PVT. LTD.**

Keshab Rai
9841221535

J.B. Maila
9851064995

Souman Rai
9851014451



तिलक (लक) राई
काँकु-६, सोलु

# शिक्षाको चुनौति

"शिक्षा नै जीवनको ज्योति हो" हाम्रो मूलुकमा आधुनिक शिक्षा विकासको इतिहास त्यति लामो छैन । वि. सं. २००७ सालपछि मात्र आधुनिक शिक्षासम्बन्धी चेतना राष्ट्रव्यापी रूपमा विस्तार भएको हो । यसभन्दा अगाडि विद्यालय स्थापना र सञ्चालन गर्नको लागि सरकार को पूर्वस्वीकृती लिनुपर्दथ्यो । राणा शासकहरू स्वःस्फूर्त रूपमा आधुनिक शिक्षा सर्वसाधारण जनताहरूलाई दिलाउने पक्षमा थिएनन् तर राणा परिवारका व्यक्तिहरू भने देशबाहिर गई शिक्षा हासिल गर्ने गर्दथे । देशमा प्रजातन्त्रको सुरुवात पश्चात् मात्र गाउँ, बस्ती र समाजमा उनीहरूकै पहलमा "आधुनिक शिक्षा भए मात्र विकास सम्भव छ" भन्ने चेतनाका कारण विद्यालयहरू सुस्त-सुस्त रूपमा स्थापना हुन थाले । जुनबेला जनताको विकासको प्राथमिकता नै आधुनिक शिक्षाप्रति थियो । अतः हाम्रो देशमा आधुनिक शिक्षाको विकास क्रममा सरकार र समाज दुवैको साझा भूमिका अत्यावश्यक रहेको पाइन्छ ।

२१औं शताब्दीको यो परिवेशमा हाम्रो लागि कस्तो किसिमको शिक्षा आवश्यक छ ? यस सन्दर्भमा शिक्षाविद्हरूले शिक्षाको बारेमा जे जस्तोसुकै धारणा व्यक्त गरेको भएतापनि शिक्षाको मूलभूत आदर्शहरू शान्ति, स्वतन्त्रता र सामाजिक न्याय भएकोले शिक्षाले सामाजिक परिवर्तन र व्यक्तिगत विकासका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्दछ भन्ने हामीले बिर्सनु हुँदैन । शिक्षा प्रणाली समयानुकुल भएन भने यसमा व्यापक परिवर्तन गरिनुपर्दछ । किनभने समाजको भावना विपरित शिक्षाको विकास हुन सक्दैन । शिक्षा परिवर्तनका कुरागर्दा त्यसमा परिवर्तन गर्नु पर्ने के हो त ? पाठ्यपुस्तक राम्रो लागेन, परिक्षाप्रणाली ठिक लागेन, शिक्षकको योग्यता ठिक भएन, व्यवस्थापन ठिक भएन अथवा समाज सुहाउँदो शैक्षिक वातावरण हुनु पर्दछ भन्ने हो ? यसको चुनौतिको लागि समाजको आवश्यकताअनुसारको जनशक्ति उत्पादन गर्ने शिक्षा नीति निर्माण गर्नु पर्दछ । अन्यथा त्यो चुनौति सामना गर्न सक्ने जनशक्ति हामीले उत्पादन गर्न सक्दैनौ ।

समाजको आवश्यकता नै शिक्षानीतिको मूल आदर्श हुन्छ । आज विज्ञान र प्रविधिको विकासको कारणले विश्व अत्यन्त साघुँरिएको छ । हामीले हाम्रो समाज भनेर कुरा गर्दा अब विश्वको बारेमा सोच्नुपर्ने समय आएको छ । त्यसैले २१औ शताव्दीको लागि शिक्षाको कुरा गर्दा विश्वलाई हेरेर गर्नुपर्ने हुन्छ । शिक्षामा आजको आवश्यकता र वास्तविकता भनेकै हामीले अन्य मुलुकसँग प्रतिस्पर्धा गर्नु हो । यस्तो वास्तविकतालाई ध्यानमा राखेर हाम्रो अध्ययन प्रणालीलाई विकास गर्न सक्यौ भने मात्र हामीले सबैसँग प्रतिस्पर्धा गर्न सक्दछौ ।

नेपालमा सैद्धान्तिक विषयहरू बढी समाविष्ट गरिएको शिक्षा व्यवस्थाले गर्दा विद्यालय,

महाविद्यालय तथा विश्वविद्यालयबाट उत्पादित श्रमशक्ति समाजमा उत्पादन र उत्पादकत्व बढाउन सक्षम रहेको छैन । श्रम, सीप, दक्ष शिक्षा दिने व्यवस्था नगन्य मात्र छ । हाम्रा गाउँ घरहरूमा पढेलेखेका युवाहरूले हलो, कुटो, कोदालो गर्दै हातमा तोक्मा पीठ्यूँमा भारी बोकी जीवन गुजार्नुपर्ने बाध्यता छ । यस्तो खालको वर्तमान शिक्षा व्यवस्थाका कारणले अहिले हजारौं युवायुवतीको जमात जागिर तथा अन्य अवसरको खोजीमा सहरमा थुप्रो लाग्ने प्रवृत्तिले सहरमा बेरोजगारीको चाप बढिरहेको छ । सहरी क्षेत्रहरू खास गरी राजधानीमा सबै सुविधा केन्द्रित भइदिनाले दक्ष एवं सक्षम जनशक्तिहरू सहरमुखी बनेको छ र गाउँघरमा पढेलेखेका सीप, दक्षता भएका युवाहरूको अभाव छ । हाम्रो शिक्षा व्यवस्थालाई समाजको आवश्यकतासँग गाँसेर लैजान नसक्ने हो भने देशमा आगामी वर्षहरूमा शैक्षिक बेरोजगारीको थुप्रो गुणात्मक रूपमा बढ्ने निश्चित छ ।

यस्तो खालको विडम्बना र चुनौतिपूर्ण शिक्षाको अध्ययन गरी शिक्षालाई रोजगार मूलक बनाउनु पर्दछ । शिक्षा रोजगार मूलक भयो भने हाम्रो वेरोजगारको समस्या समाधान हुन्छ तर शिक्षा भने आफैमा रोजगार मूलक हुँदैन । सबै डाक्टर, पाइलट र ईन्जिनियरको मात्र उत्पादन गरेर वेरोजगारीको समस्या समाधान हुँदैन यिनीहरू पनि त कतिपय वेरोजगार हुन्छन् । शिक्षाको काम वेरोजगारलाई रोजगार दिलाउनु हो । रोजगारी दिलाउन निकायहरूलाई चाहिने गुणस्तर युक्त जनशक्तिको उत्पादन गर्ने भनेकै शिक्षा हो । त्यसकारण अहिले हाम्रो आवश्यकता रोजगारमूलक शिक्षा होईन गुणस्तरयुक्त शिक्षा हो ।

नेपालको शिक्षा अरू मुलुकको भन्दा खासै फरक नभए तापनि हामीले अपेक्षा गरे अुनसारको शिक्षामा प्राप्त गर्न सकिराखेका छैनौ । अहिलेको सन्दर्भमा विद्यालय जिल्लाको हरेक ठाउँ-ठाउँमा विभिन्न निकायबाट खुले तापनि त्यसमा आवश्यक भौतिक पूर्वधारहरूको अवस्था अत्यन्त दु:खद पाइन्छ । त्यस्तै विद्यालयको संचालक समितिदेखि लिएर शिक्षकहरूलाई राजनैतिक दलहरूको समाचार वाहकको रूपमा लिएको पाईन्छ ।

यसरी शिक्षण संस्थाहरूलाई राजनैतिक प्रभावबाट मुक्त गरेर शैक्षिक वातावरण सृजना गर्न सकियो भने शिक्षामा गुणात्मक सुधार हुन सक्दछ । यसप्रकारको परिस्थितिमा शिक्षाको व्यावहारिक कार्यमूलक, रोजगारमूलक, वैज्ञानिक र समय सापेक्ष शिक्षा नीतिको निर्माण गरी राष्ट्रिय विकासमा लाग्नु नै अहिलेको शिक्षाको चुनौतिका रूपमा रहेको छ ।

*अन्धकारमा बत्ती बाली उज्यालो छर्न खोज्दैछु ।*
*तर म आफैंभित्र हराइरहेको छु ।*
*२१औं शताब्दीमा पनि शिक्षा खोजी हिंड्दैछु ।*
*तर कुन शिक्षा लिनुपर्ने त्यही अलमलिइरहेछु । ....*

**designer_laka@yahoo.com**

# कविता

ओसन कुलुङ 'विराश'
गुदेल-५, सोलुखुम्बु

प्रेममय भावसागर जानेर नै मार्‍यौ
दिलको त्यो वन्धनले वानेर नै मार्‍यौ,
चन्द्रामा भैँ हँसिलो त्यो मुहार तिम्रो
ती मोहनी नजरले हानेर नै मार्‍यौ,
प्यास छैन भोक छैन पागल भएँ म
ढुक्क ढुक्क ढुकढुकी छामेर नै मार्‍यौ,
कति रहेछ मनको भकारीमा माया पनि
हरपल मिठो माया मानेर नै मार्‍यौ ॥

# पानीबारे केही महत्वपूर्ण जानकारी

थिरराज राई

स्वादहीन, गन्धहीन, रंगहीन शुद्ध तरल पदार्थ हो पानी । यसका बारेमा केही जानकारी राख्नु उपयुक्त हुन्छ तसर्थ पानी बारेमा बुँदागत रूपमा छोटो चर्चा गरौं ।

- ❖ पृथ्वीको ७०.९% पानीले ढोकेको छ तर त्यस मध्ये २.५% मात्र पानी पिउन योग्य छ ।
- ❖ सबै वस्तुलाई तताउँदा आयतन बढ्ने हुन्छ भने पानी त्यस्तो वस्तु हो जसको तापक्रम ४$^{o}$C हुँदा यो अधिकतम खुम्चने हुन्छ भने त्यो भन्दा तल या माथि तापक्रम हुँदा यसको आयतन बढ्ने गर्दछ ।
- ❖ डा. डोनाल्ड रोबर्टसद्वारा लिखित "THE SNOWBIRD DIET" पुस्तकमा उल्लेख गर्नुहुन्छ कि पानीको सही मात्रा नपुग्दा हाम्रो शारीरिक अंगले राम्ररी कार्य गर्न सक्दैनन् । धेरै मोटा मानिसको शरीर लाई सन्तुलनमा ल्याउन प्रशस्त पानी पिउनु पर्दछ । मान्छेको शरीरमा ५५% देखि ७८% सम्म पानीको मात्रा भएका अंगहरू हुने गर्दछन्
- ❖ हाम्रा मस्तिष्क (Brain) झन्डै ७८% अर्थात् सबैभन्दा बढी पानीको मात्रा भएको अंग भएको हुनाले शरीरमा थोरै मात्र पानीको मात्रा कम हुनु भनेको सोझै मस्तिष्कमा असर पर्नु हो । तसर्थ थोरै मात्र पनि पानीको मात्रा कम गर्नु भनेको प्रथमतः मानसिक हिसाबले खराब हो भने शारीरिक हिसाबले पनि । तसर्थ विश्वका धेरै विद्यालयहरूमा विद्यार्थीहरूलाई पानीको बोतल अनिवार्य गरिएको छ ।
- ❖ शरीरलाई सुख्खा (Dehydration) बाट बचाउन एक वयस्कले प्रतिदिन सरदर १ देखि ७ लिटरसम्म पानी पिउनु पर्दछ । (हामीले लिने हरेक खानामा भएको पानी सहित गणना गर्दा ) ।
- ❖ Institute Medicine (U.S.) ले चाहिँ एक वयस्क पुरूषलाई सामान्य अवस्थामा प्रति दिन ३ लिटर, महिलालाई २.२ लिटर भने गर्भवती महिलालाई २.४ लिटर र दुध खुवाउने महिलालाई प्रतिदिन ३ लिटर शुद्ध पानी पिउन सिफारिस गरेको छ ।
- ❖ हामीले खाएको खानाले सरदर २०% मात्र पानीके मात्रा पूर्ति गर्दछ ।
- ❖ हामीले लिएको अक्सिजनको २०-५०% भाग मस्तिष्कले मात्र प्रयोग गर्ने गर्छ जसको स्रोत पानी पनि भएको हुनाले पानीको मात्रा कहिल्यै पनि कम गर्नु हुन्न ।
- ❖ विश्वमा हाल १,००,००,००,००० (एक अरब) मान्छे उचित मात्रामा पानी पिउनबाट बञ्चित छन् ।

उपरोक्त जानकारीहरू पानीको महत्वबारे आफैँमा पूर्ण छैनन् तथापि थोरै मात्रामा भए पनि जानकारी दिन खोजिएको छ । विशेष गरी मानसिक कार्य जस्तैः पढने, पढाउने, जटिल समस्या हल गर्ने त्यसै गरी कडा शारीरिक परिश्रम गरी धेरै पसिना बहाउने जसको शरीरलाई पानीको माग भइरहेको हुन्छ तर आपूर्ति हुन्न । त्यसको नकारात्मक असर स्वास्थ्यमा पर्ने गर्दछ । तसर्थ सकेसम्म पानी पिउने बानीको विकास गरौं, स्वाथ्य बनौं ।



धन बहादुर (निजमे) ख्याःल्
टाक्सिन्डो-तुः, सालखम्बु
dhungetar1@hotmail.com

# पुर्खाहरूको आशिष लागोस्

आउँदैछ विजया दशमी र दीपावली
ल्याउदैछ घर-घरमा खुशीहरू यसैपाली
सुख शान्ति समृद्धिको आशिष लिएर
प्राणी मात्रका लागि खुशीहरू लिएर

स्वच्छ मौसम अनि मनमोहक ती रङ्गहरू
शरदको सुनौलो किरण अनि खुशीका तरङ्गहरू
आहा कत्ति घमाईलो छ, कत्ति रमाईलो छ
बारीका गराहरूमा झुलेका बालीहरू
घरका आँगनहरूमा फुलेका फूलहरू
आहा कत्ति रमाईलो छ, कत्ति घमाईलो छ

मग्मगाउँदो बाबरी अनि गोदावरी
ढक्मकाउँदो सयपत्री घरका वरिपरि
जहाँ जो जसरी रहे पनि
यतिन्जेल भोगेका दुःखहरू भुल्न सकोस्
सदा-सर्वदा सुखको अनुभूति मिलोस्
जगमगाउदो जौँको जमरा
स्नेह, सदभाव र सहिष्णुताको लागि
आयुदारी आशिषले ओतप्रोत अक्षता
दहीसँग निधारमा लछप्पै जमोस्
पुर्खाहरूको आशिष साँच्चै लागोस्
विजया दशमीको आशिर्वाद लागोस्
नयाँ नेपालको नक्शा कोर्न लागेको बेला
नयाँ संविधान बनाउन लागेको बेला

नौलो छ व्यक्ति नौलै छ विचार
नौलो छ शक्ति नौलै छ सरकार

हिंसा रहित, सद्भावसहित बनोस् नयाँ नेपाल
वातावरणीय सचेतना सहितको शिक्षा मिलोस्
हावापानी सुहाउँदो व्यावहारिक शिक्षा मिलोस
साँच्चै विचारमा क्रान्ति र व्यवहारमा शान्ति मिलोस्

को राम्रो हुने हैन, कसरी राम्रो बनाउने
आफू मात्र उठ्ने हैन, देशलाई माथि उठाउने
आफ्नो लागि मात्र हैन, सबको लागि बनाउने
आज मात्र हैन, सदाको लागि बनाउने
अरूले हेर्नलाई हैन, आफ्नै लागि सजाउने
सबै जाति, सबै साथी यही धरतीमाथि रमाउने

हिंजोको घटनाबाट सिक्ने जुगौंसम्म टिक्ने
जग बनाउने शुभ साइत मिलोस्
म उसलाई दुखाउँदिन ताकि
उसले पनि मलाई नदुखोस्

शुभ दिनहरूले शक्तिशाली व्यक्ति हैन
असल मानिसहरू जन्माउन सकोस्
यो देश र नागरिकको लागि मात्र हैन
संसारकै असल नागरिक हुर्काउन सकोस्

दशैंले सदाबहार शरद ल्याउन सकोस्
शरदले संमृद्धिको दशैं ल्याउन सकोस्
आयुदारी आशिषले ओतप्रोत अक्षता
दहीसँग निधारमा लछप्पै जमोस्
पुर्खाहरूको आशिष साँच्चै लागोस्
शुभदिनको पावन अवसरमा
हार्दिक मंगलमय शुभकामना ॥

# कस्तो छ नेपालको हिमश्रृङ्खला



प्रकाश 'उपहार' राई, सोलु
अध्ययन स्नातक दोस्रो वर्ष

मानव एक विश्वकै सर्वश्रेष्ठ प्राणी हो । जो आफू आफैँमा निर्भर रहन सक्ने क्षमता हुन्छ । मानवहरू आ-आफ्नो आवश्यक्त परिपूर्तिका निमित्त भौगोलिक बनावट अनुरूप विभिन्न देशमा वर्गिकरण गरिएको पाइन्छ । जसमध्ये नेपाल पनि एक छुट्टै देशको रूपमा स्थापित रहेको छ ।

जो भू-मध्ये रेखा २६ देखि ३० उत्तरी अक्षांशमा पर्दछ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटरसम्म फैलिएको छ । नेपालभित्र धेरै प्रकारका भौगोलिकता अनुसार हिमश्रृङ्खलाहरू पर्दछन् । जो नेपालको मुख्य प्रतीकको रूपमा रहेको छ । नेपालभित्र ८ हजार मि. भन्दा अग्ला हिमालहरू अध्ययन गर्ने हो भने :

- सगरमाथा हिमाल ८,८४८ मि. सोलुखुम्बु
- कञ्चनजंगा हिमाल ८,५८६ मि. ताप्लेजुङ
- ल्होत्से हिमाल ८,५१६ मि. सोलुखुम्बु
- मकालु हिमाल ८४६३ मि. संखुवासभा
- चोयु हिमाल ८,२०१ मि. सोलुखुम्बु
- मनासलु हिमाल ८,१६३ मि. गोर्खा
- अन्नपूर्ण हिमाल प्रथम ८,०९१ मि. मनाङ
- धवलागिरी प्रथम हिमाल ८,१६७ मि. म्याग्दीमा रहेको छ । जो नेपालको हिमश्रृङ्खलाहरू मध्ये उचाइमा रहेका पनि अन्य धेरै प्रकरको हिम श्रृङ्खलाहरू पाइन्छ । नेपालको सबैभन्दा अग्लो हिमाल सगरमाथा ८,८४८ मि. हो भने नेपालको सबै भन्दा होचो भाग ७० मिटर उचाई रहेको पाउँदछौ ।

जुन हिमश्रृङ्खलाहरूको दृष्य हेर्नका निम्ति हजारौँ विदेशी पर्यटकहरू यही नेपालमा भित्रने गर्दछन् । जुन विदेशी नागरिकहरू नेपालमा आइ कतिपयले हिमाल आरोहण गर्नको निम्ति विदेशी नागरिकहरू करोडौ रूपैया खर्च गरी हिमाल आरोहण गर्न आउन हुन पहिलो सगरमाथामा आरोहण गर्ने विदेशी नागरिक एडमन्ड हिलारी र नेपाली तेन्जिङ नोर्गे शेर्पा हुन् भने महिला प्रथम आरोही पासाङ ल्हामु शेर्पा हुन् । साथमा सगरमाथा आरोहण गर्ने पहिलो अन्धा व्यक्ति एरिक वाइन मेयर हुन् ।

वास्तवमा यसै हाम्रो देश नेपालमा यात्राको क्रममा आउने क्रममा विदेशी नागरिकहरूले जति मात्रामा खान, बस्न, यात्रा गर्न, सरकारलाई कर बुझाएको सम्पूर्ण खर्च नेपालको मुख्य आयस्रोत पनि हो । जसको आयबाट नेपालीहरू नेपालको विकासमा लगानी गर्दछौँ भने हजारौँ नेपाली नागरिकहरू पनि त्यही विदेशी नागरिकहरूको चाकरमा लाग्ने भएकोले आफ्नो त्यही पेशाका लागी पर्दै आइरहेका छन् ।

त्यसैले हामी सारा नेपालीहरूले देशभरका प्राकृतिक देवलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सक्यौ भने रोजगार यही पाउँदछौँ । हामी सारा नेपालीले हाम्रो नेपाल आमाको रक्षा गर्नु हाम्रो मुख्य दायित्व हो । त्यसैले म यसलाई यसरी म भन्न चाहान्छु ।

आमाप्रतिको मेरो हेराई, शिक्षित हामी शिक्षाले हुन्छौ रूप रङ्ग हेर्दैनौं, प्रयास बिना सपना देखे सफल हुँदैनौ ।

घाम र पानी भन्दिनन् आमा, सन्तान पाल्नलाई
सदैव सप्ना बुनिरहन्छिन्, भोको पेट टार्नलाई ।
भोको पेट काम गर्छिन् आमा, जीवन बाँच्नलाई ॥

# गीत

रचना - टीका चाम्लिङ

सृष्टिको पहिलो अनन्त विहान
पारूहँ-सुम्निमा
छरिए लाखौं लमन्त जीवन
यही प्यारो भूमिमा

खोस्रेर माटो आवादी बनाइ दरसन्तान बचाउँदैं
रोपेर कपास बुनेर खाँडी घरसंसार सजाउँदैं
माइतीको श्रममा सभ्यता थप्ने
तयामा-खियामा
छरिए लाखौं लभन्त जीवन
यही प्यारो भूमिमा

विरानो ठाउँमा हराए छाम्नू शिरैमा छ शिरबन्दी
नखाई हरेश चढ्नेको निम्ति भीरमै छ जिन्दगी
खोली झैँ आँशु पुछेर आउनु
ए ! नाना थिबिमा
छरिए लाखौं लमन्त जीवन
यही प्यारो भूमिमा



# गीत

रचनाः मानु खालिङ
संगीत, स्वरः भानु भक्त ढकाल

आरू फुल्दा ए मेरी माया माइतीलाई सम्झनु
पैंयू फुले ए मेरी माया घरबार सम्हाल्नु
तिमीलाई भेट्न आउँदैछु फर्की
परदेशी उनले विर्स्यो नभन्नु......

कोइलीले गाउने त्यो रनबन डढेलो नलागोस्
वसन्त फुल्ने डाँडापाखा पहिरोले नपुरोस्
न्याउली रूँदा कहिल्यै नरूनु
गुरासै फुले शिरैमा सिउरिनु भन्छन्
विरह चल्दा परदेशी उनले विर्स्यो नि नभन्नु
भन्छन् विर्स्यो नि नभन्नु..........

दैवको दशा नलागोस् भन्छन् लागोस् रे साहुकै ऋण
गरीबको पनि सुखको घडी आउँछ रे कुनै दिन
चाडपर्व आए गुजारा चलाउनु
विपत्ति परे दैवलाई सम्झनु भन्छन्
विरह चल्दा परदेशी उनले भुल्यो नि नभन्नु
भन्छन् भुल्यो नि नभन्नु.......

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको चौधौं वर्ष पूरा गरी
पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा प्रकाशित गर्न लागेको **प्रवाह**
स्मारिकाको सफलताका लागि हार्दिक शुभकामना

**साहित्य, संगीत मन कला विभाग**
**किरात खालिङ राई उत्थान संघ**
केन्द्रीय कार्यसमिति, काठमाडौं ।

# हार्दिक शुभ-कामना

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको चौधौं वर्ष पूरा गरी पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा प्रकाशित गर्न लागेको

## प्रवाह

स्मारिकाको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## ICE-LAND TREKKING-SHOP

Thamel, Kathmandu, Nepal P.O. Box: No.: 12936
Tel: 9851089886, Email: tejrai40@hotmail.com

*We buy, well & rentalservice for all kinds of Trekking equipments*



# हार्दिक शुभ-कामना

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको चौधौं वर्ष पूरा गरी पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा प्रकाशित गर्न लागेको

## प्रवाह

स्मारिकाको सफलताका लागि हार्दिक शुभकामना

## अखिल क्रान्तिकारी

जिल्ला समिति, सोलुखुम्बु

# संस्कृति बचाउन युवाको भूमिका



महेश खालिङ राई
काँकु-७, सोलुखुम्बु

हाम्रो देश नेपाल विभिन्न जातजाति भाषा-भाषीका बोल्ने समुदाय भएको देश हो । यो विविध संस्कृति, रहन-सहन, चालचलन, परम्पराको धनी देश मानिन्छ । एउटा समुदायले अर्को समुदायलाई सद्भावपूर्ण सम्मान गर्दै आएका छौं । हजारौं फूलहरूका एउटा फुलबारीको रूपमा विश्वमा चिनिएको कुरामा दुई मतै छैन ।

आदिमकाल देखिनै हामी किरातीहरूले गौरवशाली काम कर्तव्यलाई पालना गरिंदै आए तापनि यसको विभिन्न किसिमको आरोह अवरोहहरूले किराती समुदायभित्र केही, जटिलताहरू ल्याएको महसुस भएको छ । जस्तै : एउटा बाबुको छोराले आफ्नो बुवालाई नै तपाई मेरो बुवा होइन । मेरो जन्म दिने बुबा अर्कै हो भन्न थाल्यो भने , त्यस अवस्थामा के हुन सक्छ ? यस्ता विषयमा अहिलेनै सोच्न जरूरी छ ।

हामी जिमी पुर्खाहरूसँग महान मन्यता छ । हामीले माटोलाई पुज्नु पर्छ किनभने माटो बिना जीवित प्राणीहरूको अस्तीत्त्व सम्भव छैन । त्यसैले माटोलाई सम्मान गर्नु भनेको प्रकृतिलाई पुज्दै ल्याउनु हो । हामी त्यही माटोमा जन्मन्छौं, हुर्कन्छौं त्यही माटोबाट उब्जेका खाद्यान्न, लत्ताकपडाले जीवन गुजारा चलाउँछौ । अन्त्यमा त्यही माटोमा मिल्दछौं ।

हामीसँग आ-आफ्नै विचार र मान्यताहरू छन् मेरो विचारसँग अरूको नमिल्नु स्वभाविक हो । तर पनि एउटा साझा र सही धारणालाई अगाडि ल्याउन नितान्त आवश्यक छ । यसै सर्न्दभमा जिमी समुदायमा भएको भाषा, धर्म, संस्कृति, भेषभुषाको महत्व बुझ्न युवा जागरूक हुनुपर्छ । हाम्रा महान् पुर्खाहरूले एउटा 'क' नचिनी कति महान् काम गर्नु भएको छ तर हामीले 'क' देखि 'ज्ञ' सम्म र A देखि Z सम्म जानेर पनि हाम्रो पहिचानको निम्ति बोल्न समेत लजाउने भएका छौं । हामी कस्ता छौं भने पराईले दिएको रोटी अमृत ठान्छौं तर आफ्नै हातले बनाएको रोटीलाई कम महत्त्व दिन्छौं ।

हामी सबै नेपाली हौं । विदेशीले बोलेको, गरेको सबै काम ठीक तर आफैंले गरेका सबै काम बेठिक । त्यसैले त होला आज हामी आफ्नै संस्कृति-संस्कारलाई लात हान्दै विदेशी रहन-सहनमा फस्न थालेका छौं । आफ्नै भाषा, धर्म,संस्कृतिको कतिले अध्ययन अनुसन्धान गरेका छैनौं । विदेशीले हाम्रो भाषा संस्कृतिमा शोध वा अध्ययन गरेर आफ्नो नाम उच्च बनाउन सफल हुँदा हामी गौरव मान्छौं । कति सम्मको निरीह भएको छौं आजको किराती युवाहरू ।

किरातीभित्र पनि समस्याको पोका निकाल्नेहरू पनि त्यति नै सक्रिय हुन सक्छन् तर समयमा नै चनाखो हुनुपर्दछ । आफ्नो अतिस्तत्त्वका लागि आज देखिनै लागी पर्नु पर्छ । हाम्रो पुर्खाहरूको महानता बिर्सेर गयौं भने हामी किराती सन्तती हौं भनेर गौरव नगरे हुन्छ । यदि किराती हुन मन छ भने भाषा, धर्म, संस्कृति भेषभुषा सहित पहिचान बोकेको व्यक्तिलाई मात्रा किरातीको सन्तानको दर्जा दिनु पर्छ । त्यसैले उपरोक्त ४ वटा शब्दलाई हामी धेरैले पढेका हौंला, हामी थोरै पढेका हौंला, हामी गरीब देशमा हौंला, हामी विदेशमा जहाँ गए पनि जहाँ भए पनि जे भए पनि यो महत्वपूर्ण कुरा कहिल्यै बिर्सिन हुन्न । यदि बिर्सिएर गएमा आफ्नै समाप्त भएको कुरा बुझिराखे हुन्छ ।

# हार्दिक श्रद्धाञ्जली

जन्मः
मङ्सिर १३, १९८४



स्वर्गारोहणः
भाद्र ११, २०६९

सल्यान-१, सोलुखुम्बु घर भई हाल सिद्धिपुर-४, ललितपुरका बासिन्दा जि.रा.उ.स.का आजीवन सदस्य चक्रमणि राई, यस समाजका महासचिव केशर बहादुर राई तथा समाजका यू.के. शाखा सचिव मूलीवीर राईका पिता **नाङ्छी राई** को निधन भएकोमा वहाँको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक **श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

**चोमोलुङ्मा बचत तथा ऋण सहकारी संस्था लि.**
बानेश्वर, काठमाडौं

**चोमोलुङ्मा प्रतिष्ठान नेपाल**
केन्द्रीय कार्य समिति, काठमाडौं

# हार्दिक श्रद्धाञ्जली



सल्यान-१, सोलुखुम्बु निवासी यस समाजका अक्षय कोषदाता जीतबहादुर राईकी ममतामयी आमा **धनसरी राई** को निधन भएकोमा वहाँको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक **श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

जिमी (राई) उत्थान समाज सोलुले
स्थापनाको चौधौं वर्ष पूरा गरी
पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा
प्रकाशित गर्न लागेको

**प्रवाह**

स्मारिकाको सफलताका लागि
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

**सिरानदेल युवा परिवार**
नेचा वेतघारी-५, सोलुखुम्बु

जिमी (राई) उत्थान समाज सोलुले
स्थापनाको चौधौं वर्ष पूरा गरी
पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा
प्रकाशित गर्न लागेको

**प्रवाह**

स्मारिकाको सफलताका लागि
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

**सूर्योदय शपिङ्ग सेन्टर**
शान्तिनगर, काठमाडौं ।

हाम्रा आयुष्मान सुपुत्र
सुरेन्द्र राई
को सिद्धार्थनगर - ६ रूपन्देही निवासी त्रिरत्न बज्राचार्य
तथा मधुमति बज्राचार्यका सुपुत्री **सृजना बज्राचार्य**
सँग २०६९ असार १५ का दिन

# शुभविवाह

सम्पन्न भएकोमा छोराबुहारीमा बधाई ज्ञापन गर्दै
सफल दाम्पत्य जीवनका लागि **हार्दिक शुभकामना**
व्यक्त गर्दछौं ।

**बुबाः भगिवन्त राई**
**आमा : नुनिया राई**
बसाहा-९, उदयपुर

# मेरो जन्मभूमि

तोमराज मगर
श्री ज.जा.उ.मा.वि.,सल्लेरी

सुन्दर शान्त प्रकृति, विभिन्न किसिमका स.स्कृति, भेषभूषा, भाषा, जातजाति एवम् रीतिरिवाजले भरिउको देश हो । मेरो जन्मभूमि । मेरो जन्मभूमि सुन्दर प्रकृति तथा हिराझैँ तल्कने हिमालले सजिएको छ । विश्व प्रशिद्ध हिम शिखर तथा अमूलय प्राकृतिक सम्पत्तिले भरिपूर्ण ।

विश्वमा शान्तिको सन्देश फैलाउने राष्ट्र हो नेपाल । यहाँ अनेकौँ जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् । मानिसहरूको जात, धर्म, भाषा तथा संस्कृति फरक भए पनि हजारौँ फूलका थुङ्गाको एउटा माला जस्तो भएर रहेको । आफ्नै संस्कृतिबाट देशको पहिचानलाई संसारमा नै फैलाउन चाहन्छ । सम्पूर्ण जातजातिका मानिसहरू र सम्पूर्ण प्राणीलाई समान व्यहवार गर्ने गर्दछ । प्राणीलाई दुःख दिनु भनेको पाप गर्नु हो भन्ने ठान्दछन् । यसरी हजारौँ फरक भए तापनि एउटै लक्ष्य बोकेको देश, धार्मिक सहिष्णुता भएको देश एवम् चारैतिर रङ्गीचङ्गी भेषभूषाले घेरिएको देश नेपाल मेरो जन्मभूमि ।

मेरो जन्मभूमि एक भूपरिवेष्ठित राष्ट्र हो । यहाँ विभिन्न किसिमका विकास निर्मणका कार्यहरू अवलम्बन गर्न सकिन्छ । प्राकृतिक सम्पदाहरू अनगिन्ती छरिएर रहेका छन् । आजको पर्यटन विकासको आधार बनेको छ सुन्दर प्रकृति विश्वमा नपाइने दुर्लभ प्राणी पनि यही पाइन्छ । जब वसन्त ऋतुको समय आउँछ । सम्पूर्ण प्राणीको हृदय हर्षित हुन पुग्दछ । उनीहरू जोशजाँगरका साथ नयाँ नयाँ कुराहरू सृजना गर्नेतिर लाग्दछन् । दुःखको दिनहरू बिर्सन पुग्दछन् । यसरी मानिसको मन नै परिवर्तन गरिदिने प्रकृतिले भरिएको छ मेरो जन्मभूमि ।

# गजल

नेलिदा राई 'आकाङ्क्षा'
सल्यान- ४, दोदी

*बेहाल यो हेर्दा हेर्दै जूनतारा दुखिसके*
*मेचीकाली, हिमाल, पहाड, मधेस दुखिसके ।*

*जनताको व्यथा उस्तै पीडा अझ गहिरिंदा*
*रुकुमदेखि हापुरे र सोलु, खारा दुखिसके ।*

*जतिसुकै जोगी आए सबै उही कानचिरा*
*धोका पनि बारबार दिल सारा दुखिसके ।*

*अझै पनि निर्दोष ती गला रेट्ने छेकछन्दले*
*बुद्ध धर्ती भन्नु मात्र शान्ति नारा दुखिसके ।*

*गौरवको धरोहरै हिमालचुली रोएपछि*
*दुधैकुण्ड, तिलिचो र फेवा, रारा दुखिसके ॥*

# मिति २०६९ साल भाद्र १ गतेदेखि लागु हुने व्याजदर

## मुद्दति खाता

| अवधि | वार्षिक व्याजदर | | |
|---|---|---|---|
| महिना/वर्ष | मासिक व्याज भुक्तानी | त्रैमासिक व्याज भुक्तानी | एकमुष्ट व्याज भुक्तानी |
| ३ महिना | – | ९.७५% | ९.७५% |
| ६ महिना | ९.७५% | १०% | १०.२५% |
| १ वर्ष | १०.७५% | ११% | ११.२५% |
| २ वर्ष | ११% | ११.२५% | ११.५% |

खुत्रुके मद्दतिः ११% (एक वर्षे) कर्पोरेट खाता ५%–१०%

## बचत खाता

| बचत खाताको प्रकार | व्याजदर | बचत खाताको प्रकार | व्याजदर |
|---|---|---|---|
| समृद्धि बचत खाता | १०% | नारी बचत खाता | ९% |
| शेयरधनी बचत खाता | १०% | सगरमाथा बचत खाता | ९% |
| जेष्ठ नागरिक बचत खाता | १०% | खुत्रुके बचत खाता | ९% |
| कर्मचारी बचत खाता | १०% | युवा बचत खाता | ८.५% |
| स्वर्णीम बचत खाता | ९% | बाल बचत खाता | ८.५% |

सुरक्षित बचत
आकर्षक व्याजदर

सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड
पोष्ट बक्स नं. ८९७५, इपिसि २७९० मानभवन, ललितपुर
फोन: ५५४७८४१, ५५३५१५८, फ्याक्स: ५५३५४१९
Email: info@smb.com.np
Website: www.smb.com.np

**शाखा कार्यालयहरू :**
बिर्तामोड शाखा: भद्रपुर रोड, फोन:४५०५५७, दमक शाखा: दमक चोक, फोन: ५८५४१८,धरान शाखा: भानुचोक, फोन: ५३३९३८
विराटनगर शाखा: महेन्द्रचोक, फोन: ४४०८६४, इटहरी शाखा: धरान रोड, इटहरी, फोन: ५८७३२४, सल्लेरी शाखा: सोलु सल्लेरी

सन्ध्याकालीन काउन्टर
आइतबार-बिहीबार, ४ बजेदेखि ६:३०
शुक्रबार २ बजेदेखि ४:३०

# सञ्चार र सुचनाको हक



गणेश कुमार राई
gmkcrai@gmail.com

'सञ्चार' शब्दसँग सामान्यतया हामी सबै परिचित छौं । 'सञ्चार'का बारेमा हामीलाई सामान्य जानकारी भए पनि मुलतः सञ्चार के हो ? भन्ने विषयमा हामीले केही जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।

वक्ता र श्रोताबीच संकेत, चिन्ह, हाउभाउ, बोलीचालीको सहायताले सूचना आदान-प्रदान गर्ने कार्य नै सञ्चार हो । संसारका सम्पूर्ण प्राणीहरू आ–आफ्नै ढंगले एक अर्काबीच सूचना सञ्चार गर्दछन् । मानव जातिको अलावा पशुपंक्षी, कीटपतङ्गहरूले पनि आफ्नै अनुकूलतामा सञ्चार गर्ने प्रक्रियाको विकास गरेका हुन्छन् । परन्तु मानव जातिले मात्रै युगौंदेखि व्यवस्थित र विस्तृत रूपले सञ्चार प्रक्रियाको उपयोग गर्न सकेको छ ।

सामाजिकीकरणको प्रक्रियामा मानिसलाई समाहित गर्ने मूल तत्व पनि सञ्चार नै हो । विश्वको कुनै पनि ब्यक्ति सञ्चारबाट अलग भएर बस्न सक्नु असम्भव कुरा हो । सञ्चारको क्रमबद्ध विकास नभएको भए सायद आम मानिस अहिले पनि लाखौं वर्ष अघिको जंगली युगमै भौतारिरहेका हुने थिए होलान् ।

अहिलेको बिश्वले यस युगलाई सञ्चारको युगको रूपमा ग्रहण गरेको छ । 'सञ्चार' शब्द अंग्रेजी भाषा 'Communication' को नेपाली रूपान्तरण हो । तसर्थ सञ्चारको अर्थ के हो ? भनी ज्ञान हासिल गर्नका निम्ति 'Communication' को अर्थ बुझ्नु अपरिहार्य हुन्छ ।

अंग्रेजी शब्दको 'Communication' शब्द 'Latin' भाषाको 'Communis' शब्दबाट बनेको विद्वानहरूको मान्यता रहिआएको छ, जस्को अर्थ- साझा, साझेपन वा साझेदारी भन्ने हुन्छ । Latin भाषाको 'Communicare' शब्दलाई पनि 'Communication' को मूल शब्दका रूपमा लिने गरिएको छ, जस्को अर्थ साझा बनाउनु भन्ने हुन्छ । कतिपय विद्वानहरूका अनुसार अंग्रेजी भाषाको 'Community' लाई पनि 'Communication' शब्दको मूलका रूपमा लिन सकिन्छ, जस्को अर्थ- समुदाय भन्ने हुन्छ ।

सञ्चारको परिभाषा दिंदै Mc. Quail ले भनेका छन्- 'Communication is a process of increasing commonality or sharing between participants on the basis of sending and receiving message.'

त्यस्तै Need and Brown ले भनेका छन्- 'Communication is defined as the transformission or exchange of information or ideas or feelings by means of sounds, signs and symbols'

यसर्थ हामी के भन्न सक्छौं भने हामीभित्रका विचार, भावना, उद्देश्य, प्रवृत्ति आदिलाई व्यक्त गर्न बोलीको सहायता लिन्छौं र हामीभित्रको हरेक कुरालाई सञ्चार गर्दछौं । सञ्चारकै कारण हामी संसारका घटनालाई व्यक्त गर्न सक्दछौं र सञ्चारले नै हाम्रो भावना, बिचार, अनुभूति र सोंचहरूलाई अरूसँग आदान-प्रदान गर्नमा सहयोग गर्दछ । त्यसैले आजको

युगमा सञ्चारको आवश्यक्ता आम मानिसका लागी ईच्छा र बाध्यता मात्रै नभएर अपरिहार्य नै बनेको छ । यसै कारण नेपाल सरकारले अहिले आम नागरिकका लागी मौलिक अधिकारका रूपमा सूचनाको हकलाई संविधानमै उल्लेख गरेको छ । कुनै पनि व्यक्तिको व्यक्तित्व विकासका लागी अधिकारको आवश्यक्ता पर्दछ । व्यक्ति अधिकारबाट बञ्चित भयो भने उसले कहिल्यै पनि सर्वाङ्गीण विकास गर्न सक्दैन । त्यस कारण सामाजिक जीवन व्यतित गर्ने जुनसुकै व्यक्तिका लागी पनि अधिकार प्रमुख तत्व हो । प्रत्यक राष्ट्रका प्रत्यक नागरिकले अधिकारबिना व्यक्तित्व विकास गर्न सक्दैनन् । त्यसै हुनाले एकाध बाहेक हरेक राज्यले आफ्नो नागरिकलाई उपयोग गर्न पाउने गरी निश्चित अधिकार वा अवसर प्रदान गरी संविधानमै उल्लेख गरेका हुन्छन् । त्यसैलाई मौलिक हक वा अधिकार भनिन्छ ।

राज्यले मौलिक हक वा अधिकारलाई राज्यको सर्वोच्च कानून संविधानमै उल्लेख गरी आफ्नो नागरिकलाई प्रदान गरेको हुन्छ । मौलिक हक वा अधिकारको संरक्षकका रूपमा अदालत रहने भएकाले कसैबाट कसैको मौलिक हक वा अधिकारको हनन् भएको खण्डमा त्यसको प्रभावकारी विकल्पको अवलम्बन गर्न सकिन्छ ।

एउटा राज्यले आफ्नो नागरिकलाई त्यस राज्यको सापेक्षतामा निश्चित मौलिक हक वा अधिकार प्रदान गरेको हुन्छ । नेपालमा पनि 'नेपालको अन्तरिम संविधान-२०६३' मा भाग- ३ अन्तर्गतको धारा १२ देखि ३२ सम्म नेपाली नागरिकहरूका लागी निश्चित मौलिक हक वा अधिकारहरू उल्लेख गरिएको छ । जसमध्ये 'नेपालको अन्तरिम संविधान-२०६३' मा भाग-३ अन्तर्गत धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ ।

सूचनाको हक अन्तर्गत निम्न कुरालाई उल्लेख गरिएको छ - "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने वा पाउने हक हुने छ । तर, कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।"

"सूचनाको हक" भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो । जुन शब्दले सार्वजनिक निकायमा रहेको लिखत सामाग्री वा उक्त निकायको कामकार्बाही अध्ययन अवलोकन गर्ने, कुनै सामाग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्न पाउने अधिकारलाई समेत जनाउँदछ ।

राष्ट्रिय सूचना आयोगले जारी गरेको "सूचनाको हक कार्यान्वयन निर्देशिका" अनुसार कुनै पनि नागरिकले सार्वजनिक निकायबाट आफूले चाहेको सूचना प्राप्त गर्नका निम्ति कारणसहित सम्बन्धित निकायको सूचना अधिकारी समक्ष निवेदन पेश गर्नुपर्दछ । सूचना मागकर्ताहरू देशका नागरिक र मालिक भएका कारण सूचना अधिकारीले उनीहरूसँग विनम्र व्यवहार गर्नुपर्दछ र सूचना मागकर्ताहरूलाई सदभावपूर्ण सहयोग प्रदान गर्नुपर्दछ । यदि सार्वजनिक निकायको व्यक्ति वा सूचना अधिकारीले सूचना मागकर्ताहरूलाई कुनै पनि कारणबिना सूचना दिन ईन्कार गरे, आंशिक वा गलत सूचना दिए वा सूचना नष्ट गरे, सूचना उपलब्ध गराउन ढिलाई गरे सार्वजनिक निकायका त्यस्ता प्रमुख वा सूचना अधिकारीलाई कार्वाही हुन सक्दछ ।

सूचनाकै कारण आज सारा विश्व एउटा सानो गाउँको संरचनामा परिणत भैसकेको छ । विश्वको कुनै पनि ठाउँमा हुने घट्नाको जानकारी तत्काल प्राप्त गर्न सकिन्छ । अहिले हरेक नागरिकले सूचना प्राप्त गर्ने अधिकार पाएका छन् । प्राप्त अधिकारको सहि सदुपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हो ।



# मेरो राई समुदाय

शेखर श्रेष्ठ

मलाई राम्रोसँग थाहा छ, निस्कपट, निस्छल अनि परिश्रमी राई दाजुभाईहरूको समुदाय र त्यहि समुदायमा बामे सर्दै हिड्न र कुद्न सक्ने भएको हु म। अझ भन्नु पर्दा हिड्न सिक्दा जती लडे सबै चोटहरूमा राई समुदाय छ र सवै मलम पनि राई समुदायमै भयो। राई गाँउको विचमा एउटा मात्र नेवारको परिवार भयो। त्यसैले पनि मेरो प्रायः उठवस मेरो परिवारसँग भन्दा पनि अर्को समाजसँग बन्यो। जुन वाहिङ राई समाज र त्यही समुदाय बन्यो। त्याहाबाट शिक्षा लिने पवित्र मन्दिर विद्यालय, खेल्नको लागी रंगशाला, कबडहल लगायत शौचालयको पनि सम्पुर्ण अनुभव र अनुभुतीहरू गर्न पाईयो।

अझै पनि भुलेको छैन सानो छदा बोलेको राई भाषाहरू व्याकरणले पुर्ण त नहोला तर पनि वेला बेलामा उच्चारण गर्ने जागर चलेर आउँछ। भाषाको कुरो गर्दा, नँया भाषा सिक्न कती असजीलो रहेछ तर मलाई राई भाषा सिकाउने ती मेरा मेरा वालापनका गुरूहरू वा मेरो सहपाठी साथीहरू साँच्चिकै गुरू रहेछन्। किन कि त्यस वेला मलाई राई भाषा सिक्ने कुनै कक्षा लिन परेन न त किताब, कलम र कापीकै साहारा लिन पऱ्यो। हुन त धेरै राई भाषाको विचमा एउटा भाषा बोल्दैमा राई भाषा बोल्छु भन्न अन्याय हुन सक्छ। तर पनि आज गर्व लाग्छ मलाई अर्को मातृभाषा केहि साथीहरूसँग सम्वाद गर्न पाउदा, अनि त आतुर हुन्छु राई साथी वनाउन र उनिहरूकै भाषामा कुरा गर्न।

सोलुखुम्बुको नेचामा रहेको बाहिङ राई मेरो पाठशाला जाने आउने साथीहरू थिए। विद्यालय मात्र होईन डोको बोकेर घाँस, दाउरा, पत्करमा गुलेली बोकेर कालीज र ढुकुर खोज्न अनि काण्डे बनाएर ओखरको खोपी खेल्न, गीटीको गट्टा खेल्न, काठको डन्डीवियो, ढुङ्गाको पील बनाएर निमान माग्ने गेम, टालोको बलमा भाङ्जा गोल, एक खुट्टाले भाले जुधाई र केरावारी खेल्ने सबै साथी राईनै हुन्थो। मलाई भाषा सिकाउने मेरो गुरूहरू चौथिमा काँक्रा चोर्ने साथी पनि बन्थे। मेरो गुरूहरू तिहारको देउसीमा मारूनी नाच्ने देखि सयपत्रि र मखमलीको माला लगाउने चेलीहरू पनि हुन्थे। यति लामो संगत र मातृभाषाको कारणले थर जुराईने हो भने मेरो थर राई हुन्थे होला किन कि मलाई नेवारी भाषाको कति पनि ज्ञान छैन।

मलाई कुनै समयमा राईनै हुँ कि ? जस्तो लाग्थ्यो। गोठाला गर्ने साईला मामासँग राई भाषामा कुरा गर्न पर्ने, कोदो रोप्दा माम्तोङमासँग गाउँदा पनि राई भाषाकै प्रयोग गर्न पर्ने। त्यसैले पनि होला आज बोल्दा राई भाषाको शैलि भयो भन्ने प्रतिकृया बारम्वार खपिरहनु परेको छ। तर पनि यो शैलि छोड्न सक्दिन किन कि त्यहि शैलि सिकाउने समाजले मलाई बोल्न सिकायो र यती लेख्न पनि सिकायो। यानिकी अर्को भाषा र शैलि सिक्न अर्को समाजमा त्यतीनै समय खर्चनु पर्छ, त्यो समय ममा छैन अब।

मैले अनुभव गरेको तयो राई समाज विशेष गरी साँस्कृतिक रुपमा यति धनी छ कि

जस्को बयान गर्न शब्दपुञ्जहरूले मात्र काफी नहोला । विवाह, मेला, चाडपर्व जस्ता उधौली उभौली पर्वहरू वाहेक पनि वेर्वा, नाग्ले, सेग्रो शिली जस्ता परमपरागत रितीरिवाज भित्रको कथालाई केलाउने हो भने पुस्तकका कयौ ठेलीहरू वन्न सक्छ । इतिहाँस भुलेका छैनन् यी समुदायले, पुर्खाले दिएको अमुल्य सम्पतीलाई निरन्तर बचाई राखेका छन् । परिवर्तनशील समाजको लागी ती रीतिरिवाज र संस्कारहरू सवै सहि र अपरिवर्तनीय भने पक्कै पनि नहुन सक्छ ।

मैले आज भोली सोच्न थालेको छु, त्यो मेरो बस्तीका राई समाजले अथितिको आदार सत्कार राम्रौसँगले गर्छन र गर्नु पर्छ भन्ने भावनाको छन् । घरमा आउने पाहुनालाई डबका भरी जाँड र र क्सिले स्वागत......। मेरो त्यो समुदायप्रति राम्रो ज्ञान छ त्यो विषयमा, किन कि धेरै शिक्षीत मान्छु म त्यो राई समुदायलाई तर पनि यो प्रथा आजसम्म पनि भैरहेको निरन्तरतालाई म कसरी बुझौ । प्रत्येक रीतिरिवाज र पर्वसँग मध्यपानलाई प्रमुख सञ्चार(भेटघाट)को माध्यम बनाईएको हुन्छ । त्यसका कारण समाजमा सकरात्मक मात्र नभएर नकरात्मक प्रवित्ती, द्वन्द्व, हिम्सा जस्ता घटनाहरू निम्तिने गरेको पाईन्छ । जुन शान्त समाजको लागी कहिले कहि घातक पनि हुन पुग्छ । हुनत मैले राई समुदायको विरोध गर्न खोजेको पटक्कै होईन । मात्र त्यो प्रथाको कुरो गर्न मन लागेर हो । मेरो त्यो समाज शिक्षीत छ, गर्वका साथ यासो भन्न मन लाग्छ तर अलि मुर्ख पनि छ भन्न सक्दिन । किन भने त्यही समाजले डोऱ्याएको एउटा मुर्ख म पनि गनिनु पर्छ । अनि स्विकारनु पर्छ एउटा प्रथा र परम्पराको विषयमा प्रश्न गर्ने म मुर्ख मात्र होईन माहामुर्ख भन्नु पर्छ ।

यसरी राई समुदायमा लामो समय विताएर पनि त्यसै समाजको सवै कुरा मन नपराउनु मेरो लागी दुर्भाग्य ठानेको छु । आज मेरो परीवारको वसाई त्यो समुदाय भन्दा टाढा छ तर पनि म त्यस समुदायमा भेटघाट र केहि गरौ भन्ने सोचाईले १ वा २ वर्षको अन्तरालमा पुग्ने गरेको छु । म त्यो समाजका रहदा आफै संलग्न भई परिवर्तनको लागी भनि स्थापना गरिएको सामाजीक परिवारका वर्तमान सदस्यहरूसँग समस्याहरू र समाधानको उपयाको सम्वन्धमा भलाकुसारी गर्ने गर्छु । समय परिवर्तनसँगै समाज परिवर्तनको बाटो हेर्छु । आफ्नो समुदाय नयाँ परिवेशको कल्पना गर्छु ।

मैले अघिल्लो हरफहरूमा पनि विविध प्रकारको राई र फरक-फरक समुदायको बारेमा कुरो उठाउन खोजेको थिए । प्रत्येक समुदायले आफ्नै पहिचान बोकेको हुन्छ । आ-आफ्नै परम्परा र संस्कृती बोकेको हुन्छ । जुन आफ्नो ठाउँमा आफ्नै विशेषतासंग जोडीएको हुन्छ । त्यसैले पनि सबै समाजलाई समयानुसार परिवर्तन गर्नै पर्छ भन्ने मान्यता गलत हुन सक्छ तर पनि अब सम्पूर्ण राई समुदायमा परम्परा रितिरीवाजको सहि मुल्याङ्कन गर्ने जिम्मा अबको पीढीको हो । जुन काम जिमी (राई) उत्थान समाजमा पनि निहित छ ।

नेचा बतासे-४ सोलुखुम्बु (हाल ईटहरी-८ सुनसरी)


जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको चौधौं वर्ष पूरा गरी पन्ध्रौं वर्ष प्रवेशका सुअवसरमा प्रकाशित गर्न लागेको

**प्रवाह**

स्मारिकाको सफलताका लागि हार्दिक शुभकामना

प्रो. मुना राई

**सिविमा फेन्सी**

नखीपोट, फोनः ०१ ५५२९२१०

द.नं. १७९/०५५/०५६

# जिमी (राई) उत्थान समाज, सोलु

JIMEE (RAI) UPLIFTMENT SOCIETY, SOLU

Local Committee

प.सं. मिति :..................................................

च.नं.

श्रीमान अध्यक्ष ज्यू,
जिमी (राई) उत्थान समाज
केन्द्रीय समिति, काठमाडौं ।

विषय : प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा जिमी (राई) उत्थान समाज स्थानीय समिति सोलुखुम्बुको २०६७ साल मंसिर २५ र २६ गते सम्पन्न सम्मेलनबाट जिम्मेवारी हस्तान्तरण पछि जिमी तथा गैर जिमी दाजुभाई दिदी बहिनीहरू र केन्द्रिय कार्य समितिको निरन्तर सहयोगबाट हालसम्म भएका प्रगति प्रतिवेदन बुँदागत रूपमा तपसिल बमोजिम पेश गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. विभिन्न गा.वि.स.हरूमा संगठन विस्तार गर्ने क्रममा गा.वि.स. कमिटि गठन सम्पन्न भएको,
२. जनगणना २०६८ मा किराँत राईहरूको यथार्थ तथ्याङ्क प्राप्त गर्न र एकतालाई जोड दिदै चेतनामुलक कार्यक्रम सम्पन्न गरिएको,
३. सदरमुकाम सल्लेरीमा पहिलो पटक साकेला उभौली पर्व २०६८ भव्य रूपमा मनाईयो, उधौली र उभौली पर्व निरन्तर रूपमा मनाउँदै आईरहेको,
४. सदरमुकाम सल्लेरीमा भुमेस्थान निर्माण गरिएको,
५. कार्यालय भवन व्यवस्थापनमा सम्पूर्ण काम सम्पन्न गरिएको,
६. केन्द्रिय कार्य समितिको आर्थिक सहयोगमा Sound System को व्यवस्थापन भएको,
७. देउसीभैलो कार्यक्रमलाई निरन्तरता दिइएको,
८. लोकसेवा आयोग सम्बन्धी अभिमुखी कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको,
९. किरात राई यायोक्खाको आर्थिक सहयोगमा संविधान निर्माणमा प्रगति विषयक अन्तरक्रिया कार्यक्रम पूर्व मन्त्रि गोपाल किरातीको प्रमुख आतिथ्यमा भव्य रूपमा सम्पन्न गरिएको,
१०. जि.वि.स.बाट प्राप्त रकमबाट चर्पी निर्माण तथा पहिरो रोकथाम गरिएको,
११. उभौली पर्व २०६९ को अवसरमा जिल्लाका अगुवा जिमी(राई)हरू बीच प्रथम पटक शुभकामना आदान-प्रदान कार्यक्रम गरिएको,
१२. कार्यालय भवन तथा भुमेस्थान परिसरमा वृक्षरोपण कार्य गरियो,
१३. सोलुखुम्बुवासी विभिन्न महानुभावहरूको सहयोगमा संग्राहलय कुरूवा घर निर्माण गरिएको,
१४. परम्परागत संस्कार, संस्कृति पर्व उत्सवमा आवश्यक सामग्रीहरू खरिद गरिएको,
१५. तेस्रो स्थानीय सम्मेलनबाट सर्वसम्मत निर्वाचित सदस्यहरू सुजन राई, ज्ञानिता राई, निश्क्रियताको कारण ओमभक्त राई व्यक्तिगत कारण र प्रकाश राई अध्ययनको कारणले स-सम्मान विदाई गर्दै उक्त रिक्त सदस्य पदहरूमा उत्रकुमार

राई, तिव्वत राई, रण बहादुर राई र चन्द्र बहादुर राईलाई मनोनित गरियो,

१६. समाजको जिम्मेवारी बाडफाडको क्रममा साहित्य विभाग अन्तर्गत उत्त्र कुमार राईको संयोजकत्वमा ७ सदस्यीय औपचारिक साहित्य विभाग गठन गरियो ।

धन्यवाद ज्ञापन

१. समाजलाई निरन्तर रूपमा अगाडी बढाउनको लागि आर्थिक सहयोग गर्नुहुने केन्द्रिय कार्यसमिति, काठमाडौं, जिल्ला विकास समिति सोलुखुम्बु, गा.वि.स. सचिव ज्यूहरू, विभिन्न विद्यालयका प्रधानाध्यापक ज्यूहरू, समाजसेवी, राजनीतिकर्मी, व्यवसायीहरूलाई स्थानीय समिति धन्यवाद ज्ञापन गर्दछ ।

२. सदरमुकाम सल्लेरीमा भुमेस्थान निर्माणको लागि रू.५०,०००।– (पचास हजार) सहयोग गर्नुहुने सुर्य बहादुर राई लगायत अन्य सम्पूर्ण सहयोग गर्नुहुने महानुभावहरूमा स्थानीय समिति हार्दिकताका साथ धन्यवाद ज्ञापन गर्दछ ।

३. पूर्व सभासद गोकर्ण राई ज्यूबाट भुमेस्थान निर्माणार्थ संसद कोषबाट रू.१,००,०००।– (रू. एक लाख) सहयोग गर्नु भएकोमा उहाँलाई स्थानीय समिति हार्दिकताका साथ धन्यवाद ज्ञापन गर्दछ ।

४. कार्यालय भवन फिनिसिङ गर्न महत्वपूर्ण भूमिका खेल्नु हुने उत्तर कुमार राई लगायत अन्य सदस्यहरूलाई स्थानीय समिति धन्यवाद ज्ञापन गर्दछ ।

५. भुमेस्थान निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने श्री डाक बहादुर राई लगायत अन्य सदस्यहरूलाई स्थानीय समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

६. शौचालय निर्माणमा महत्वपूर्ण भूमिका खेल्नु हुने तिव्वत राई, रण बहादुर राई र सुनमाया राईलाई स्थानीय समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

७. समाजलाई विभिन्न कार्यहरूमा निरन्तर रूपमा सकारात्मक सहयोग गर्नुहुने ज.जा.उ.मा.वि.का प्राचार्य श्री प्रेमकुमार राई, संस्थापक महासचिव श्री महेश किराँती, सल्लाहकार समिति सह–संयोजक श्री दिनेश कुमार राई, सल्लाहकार समिति सचिव श्री चित्रकुमार राई, सल्लाहकार समिति सदस्य राम संघर्ष किराँती, भरूमान राई, प्रतिमान राई, तोन्जे राई, ख्याम बहादुर राई, पञ्च बहादुर राई, बुद्धवीर बाहिङलाई स्थानीय समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

८. किरात संग्राहलय कुरूवा घर निर्माणका लागि आर्थिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

९. जिल्ला कार्य समितिका पूर्व सदस्य ओमभक्त राईले खोटाङ ऐसेलुखर्क देखि सांस्कृतिक घैटो खरिद गरी आवश्यक व्यवस्थापन गरी सल्लेरीसम्म निःशुल्क ढुवानी र साकेला थानमा विरूवा (सिमल र लाकुरी) वासा काँकुदेखि सल्लेरीसम्म निःशुल्क ढुवानी गर्ने वासा ५ का पासाङ राई, काँकु २ का बसन्त राई वाकु ३ का हस्तमाया राई र देउसा देखि सल्लेरीसम्म निःशुल्क विरूवा ढुवानी गर्नुहुने देउसा ३ का पञ्च बहादुर राईलाई स्थानीय समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

भावी योजना

१. कार्यालय भवन र साकेला थानको पूर्व तथा पश्चिम दुवै भाग तर्फ व्यवस्थित ग्याविन पर्खाल लगाउने,

२. समाजको कार्यालय भवनको पूर्व तर्फको जग्गामा व्यवस्थित र भव्य किराँत संग्राहलय निर्माण गर्ने ।

बुद्धिकिरण राई
अध्यक्ष
जिमी (राई) उत्थान समाज
स्थानीय समिति सोलु

# जिमी (राई) उत्थान समाज ,सोलु

स्थानीय जिल्ला समिति सोलुखुम्बु

३१ असार ०६९ को

## वासलात

(Balacne Sheet)

| पुंजी र दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| गत वर्षको बचत | १४०५७७.३२ | बैक मौज्दात | २०७६१.०६ |
| चालु वर्षको बचत | ४४७१४४.३९ | जगद मौज्दात | ११२४२.०० |
| स्थिर पुंजी | १८५३१५०.०० | फर्निचर (अनुसूची १) | ५७६००.०० |
| दायित्व :– | | अन्य सम्पत्ति (अनुसूची १) | ६८८००.०० |
| केन्द्रिय कार्यालय | १०००००.०० | भवन " | १२०११०७.८० |
| भवन निर्माण तर्फ | १०१०००.०० | कुरुवा भवन " | ६५०७३३.८५ |
| भूमेस्थान, किराँती संघ, अन्य | ३३९३७३.०० | जग्गा जमिन " | ९७७०००.०० |
| ले.प. शुल्क | ६०००.०० | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | २९८७२४४.७१ | जम्मा | २९८७२४४.७१ |

| | | | |
|---|---|---|---|
| शोभा राई | शिवप्रसाद राई | | बुद्धिकिरण राई |
| कोषाध्यक्ष | सचिव | लेखापरीक्षक | अध्यक्ष |

# जिमी (राई) उत्थान समाज ,सोलु

स्थानीय जिल्ला समिति सोलुखुम्बु

मिति ०६७/०४/०१ देखि ०६९ असार मसान्त सम्मको

## आम्दानी र खर्च खाता

(Income & Expenditure A/C)

| खर्च | रकम | आम्दानी | रकम |
|---|---|---|---|
| सम्मेलन खर्च | १०४५११.०० | सदस्यता शुल्क | ६६२७०.०० |
| उधौली उभौली पर्व | ८१३६२.०० | सहयोग तथा विज्ञापन | १९६९६४.०० |
| वार्षिक उत्सव | ५८५१०.०० | केन्द्रिय कार्य समितिबाट | ३३८२५०.०० |
| देउसी भैलो | २३००.०० | संघ संस्थाबाट | ४६३०००.०० |
| अतिथि सत्कार | ८२००.०० | ढुङ्गाबाट | २७००००.०० |
| अन्य | ४९०९८.०० | उधौली उभौली पर्वबाट | २२८६५.०० |
| ह्रास खर्च | १२१०६५.३५ | देउसी भैलोबाट | ५७२१०.०० |
| तिर्न बाँकी दायित्व :– | | बैक ब्याज | ३४९९.७४ |
| केन्द्रिय कार्यालय | १०००००.०० | अन्य | ५०५.०० |
| भवन निर्माण | १०१०००.०० | | |
| भुमेस्थान किराँती संघ र अन्य विल | ३३९३७३.०० | | |
| ले.प. शुल्क | ६०००.०० | | |
| बचत | ४४७१४४.३९ | | |
| | | | |
| **जम्मा** | १४१८५६३.७४ | **जम्मा** | १४१८५६३.७४ |

| | | | |
|---|---|---|---|
| शोभा राई | शिवप्रसाद राई | लेखापरीक्षक | बुद्धिकिरण राई |
| कोषाध्यक्ष | सचिव | | अध्यक्ष |

# जिमी (राई) उत्थान समाज ,सोलु

स्थानीय जिल्ला समिति सोलुखुम्बु

मिति ०६७/०४/०१ देखि ०६९ असार मसान्त सम्मको

## प्राप्ति र भुक्तानी खाता

**(Receipts & Pyments A/C)**

| नगद प्राप्ति | रकम | नगद भुक्तानी | रकम |
|---|---|---|---|
| शूरु मौज्दात | १४०५७७.३२ | सम्मेलन खर्च | १०४५११.०० |
| सदस्यता शुल्क | ६६२७०.०० | उधौली उभौली | ८१३६२.०० |
| सहयोग तथा विज्ञापन | १९६९६४.०० | ढोल | ३५००.०० |
| केन्द्रीय कार्य समितिबाट | ३३८२५०.०० | वार्षिक उत्सव | ५८५१०.०० |
| संघसंस्थाबाट | ४६३०००.०० | निर्माण | १२१९६५७.०० |
| ढुङगाबाट | २७००००.०० | देउसी भैलो कार्यक्रम | २३००.०० |
| उधौली उभौली वर्ष | २२८६५.०० | अतिथि सत्कार | ८२००.०० |
| देउसी भैलो | ५७२१०.०० | अन्य | ४९०९८.०० |
| बैक व्याज | ३४९९.७४ | बाँकी मौज्दात | ३२००३.०६ |
| अन्य | ५०५.०० | बैक २०७६१.०६।- | |
| | | नगद ११२४२।- | |
| जम्मा | १५५९१४१.०६ | | १५५९१४१.०६ |

| | | | |
|---|---|---|---|
| शोभा राई | शिवप्रसाद राई | | बुद्धिकिरण राई |
| कोषाध्यक्ष | सचिव | लेखापरीक्षक | अध्यक्ष |

अनुसूची १

# जिमी (राई) उत्थान समाज ,सोलु

स्थानीय जिल्ला समिति सोलुखुम्बु

**३१ असार २०६९ को सम्पत्ति विवरण**

| सि.नं. | विवरण | इकाई | परिमाण | परल मोल | गत वर्ष | यस वर्षको | ह्रास कट्टी दर | ह्रास कट्टी रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा ५ कित्ता | व.मी. | १०३४५.७५ | ९७७०००.०० | ९७७००० | | | | ९७७०००.०० |
| १ | कार्यालय भवन | संख्या | १ | १२६४३२४.०० | ७२९६५० | ५३४६७४.०० | ५% | ६३२१६.२० | १२०११०७.८० |
| १ | कुरुवा भवन | संख्या | १ | ६८४९८३.०० | | ६८४९८३.०० | ५% | ३४२४९.१५ | ६५०७३३.८५ |
| | फर्निचर | | | | | | | | |
| १ | काठको दराज | गोटा | २ | १००००.०० | १००००.०० | | १०% | १००० | ९०००.०० |
| २ | काठको कुर्सी | गोटा | १८ | १८०००.०० | १८०००.०० | | १०% | १८०० | १६२००.०० |
| ३ | प्लास्टिक कुर्सी | गोटा | २० | १६०००.०० | १६०००.०० | | १०% | १६०० | १४४००.०० |
| ४ | टेबल ठूलो | गोटा | १ | १००००.०० | १००००.०० | | १०% | १००० | ९०००.०० |
| ५ | कम्प्युटर टेबल | गोटा | १ | ८०००.०० | ८०००.०० | | १०% | ८०० | ७२००.०० |
| ६ | साइनबोर्ड | गोटा | १ | २०००.०० | २०००.०० | | १०% | २०० | १८००.०० |
| | जम्मा | | | ६४०००.०० | ६४०००.०० | | | ६४०० | ५७६००.०० |
| | अन्य सम्पत्ति | | | | | | | | |
| १ | भाडा ठूलो डेक्ची | गोटा | २ | १२०००.०० | १२०००.०० | | २०% | २४०० | ९६००.०० |
| २ | स्टिल थाल | गोटा | ७५ | १००००.०० | १००००.०० | | २०% | २००० | ८०००.०० |
| ३ | सुपबोल | गोटा | ७५ | ९०००.०० | ९०००.०० | | २०% | १८०० | ७२००.०० |
| ४ | किट्ली | गोटा | १ | १०००.०० | १०००.०० | | २०% | २०० | ८००.०० |
| ५ | वासिमबोल | गोटा | १ | ५००.०० | ५००.०० | | २०% | १०० | ४००.०० |
| ६ | कम्प्युटर | सेट | १ | ५००००.०० | ५००००.०० | | २०% | १०००० | ४००००.०० |
| ७ | ढोल | गोटा | १ | ३५००.०० | | ३५००.०० | २०% | ७०० | २८००.०० |
| | जम्मा | | | ८६०००.०० | ८२५००.०० | ३५००.०० | | १७२०० | ६८८००.०० |
| | कुल जम्मा | | | ३०७६३०७.०० | १८५३१५०.०० | १२२३१५७.०० | | १२१०६५.३५ | २९५५२४१.६५ |

शोभा राई

शिवप्रसाद राई

बुद्धिकिरण राई

# जिमी राई उत्थान समाज, सोलु

## स्थानीय समिति

२०६८ सालको तिहारमा जिमी (राई) उत्थान समाज सोलु स्थानीय समितिले आयोजना गरेको देउसी भैलो कार्यक्रममा सहयोग गर्नुहुने महानुभावहरूको नामावली यस प्रकार छ ।

| नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|
| सूर्य बहादुर राई | सल्लेरी - २, सोलु | ५००- |
| इन्द्र बहादुर राई | सल्लेरी - ५, सोलु | ५००- |
| बुद्धिकिरण राई | बासा - ५, सोलु | १०००- |
| शिव प्रसाद राई | जुबू - ४, सोलु | १०००- |
| तिलक माया राई | सल्लेरी -५, सोलु | ५००- |
| नर बहादुर राई | सल्लेरी -५, सोलु | ५००- |
| सौमाया राई | फाप्लु, सोलु | ६१०- |
| गणेश राई | सल्लेरी - २, फाप्लु | ५०५- |
| नन्द कुमारी राई | सल्लेरी - २, फाप्लु | ५००- |
| राममाया राई | सल्लेरी - २, फाप्लु | ५००- |
| प्रेम कुमार राई | ज.जा.उ.मा.वि. | २००२- |
| मनदत्त राई | वसन्त बजार, सोलुखुम्बु | ५५०- |
| प्रेम कुमारी राई | सल्लेरी-५, सोलुखुम्बु | २००- |
| पञ्च बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | १००५- |
| भरूमान राई | सल्लेरी-५, सोलुखुम्बु | १०५०- |
| राम संघर्ष किराँती | सल्लेरी-५, सोलुखुम्बु | १०५०- |
| अशोक राई+प्रेमध्वज राई कस्मिक कम्प्यूटर सिस्टम | | ११०५- |
| कनुरे राई | सल्लेरी-५, सोलुखुम्बु | १००५- |
| मञ्जु राई | सल्लेरी-५, सोलुखुम्बु | ५००- |
| चन्द्र कुमार राई | सल्लेरी-५, सोलुखुम्बु | ७००- |
| प्रेम बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | ५००- |
| गोरख बहादुर राई | सल्लेरी-२, सोलुखुम्बु | ७५०- |
| मनसे राई | सल्लेरी-२, सोलुखुम्बु | ५००- |
| ईसा राई | सल्लेरी-२, सोलुखुम्बु | ५००- |
| जित बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | ७५०- |
| जित्न कुविर राई | सल्लेरी, सोलुखुम्बु | १००५- |
| प्रेम सिं राई | सल्लेरी ५, सोलुखुम्बु | ५०५- |

| नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|
| गीता राई | रामेछाप, भण्डार | ५१०- |
| रास बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | २५०- |
| मन्तु राई | नयाँ बजार -७ सोलुखुम्बु | ११०- |
| टीकाराम राई | नयाँ बजार -७ सोलुखुम्बु | ११०- |
| भूपालध्वज राई | नयाँ बजार -७ सोलुखुम्बु | ११०- |
| कमला राई | नयाँ बजार -७ सोलुखुम्बु | ११०- |
| महेस राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| भगवती राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| चतुरमान राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| प्रभा राई | नयाँ बजार -७ सोलुखुम्बु | ५००- |
| सुसीला/मनिता/देवि राईनयाँ बजार -७ सोलुखुम्बु | | ६५५- |
| प्रतिमान राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| लिलानाथ राई | सल्लेरी-५, सोलुखुम्बु | ५०५- |
| टेक कुमारी राई | नयाँ बजार -७ सोलुखुम्बु | ५१०- |
| आसमाया राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| उमादेवी राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| राजु राई | सल्लेरी-५, सोलुखुम्बु | ५०५- |
| नौमाया राई | नयाँ बजार -७ सोलुखुम्बु | ५०५- |
| कान्छी राई | नयाँ बजार -७ सोलुखुम्बु | ५००- |
| जनमाया राई | नयाँ बजार -७ सोलुखुम्बु | ७०- |
| नन्द बहादुर राई | नयाँ बजार -७ सोलुखुम्बु | १०२०- |
| तेज कुमार राई | नयाँ बजार -७ सोलुखुम्बु | ५००- |
| मौलिधन राई | सल्लेरी-५, सोलुखुम्बु | ५५०- |
| तोन्जे राई | सल्लेरी-५ | ५५०- |
| बद्री राज राई | सल्लेरी-५ | १६५०- |
| | कूल जम्मा | ३२०४२- |

# जिमी राई स्थानीय समितिका पदाधिकारीहरू


श्री बुद्धिकिरण राई
अध्यक्ष


जित्न कुबिर राई
उपाध्यक्ष


शिवप्रसाद राई
सचिव

दुर्लभ राई
सह सचिव


शोभा राई
कोषाध्यक्ष

चन्द्रबहादुर राई
सदस्य


प्रदीप राई
सदस्य


तिब्बत राई
सदस्य


उत्रकुमार राई
सदस्य

रणबहादुर राई
सदस्य

सञ्जमाया राई
सदस्य

ङिमाडोमा राई
सदस्य

सरिता राई
सदस्य

सिम्सन राई
सदस्य

लक्ष्मी राई
सदस्य

# जिमी राई उत्थान समाज, सोलु

## स्थानीय समिति

### यस संस्थाको संग्रहालनेर कुरूवा घर निर्माणार्थ रकम सङ्कलनमा सहयोग गर्ने महानुभावहरूको नामावली

| नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|
| चन्द्र बहादुर राई | फाप्लु - सोलु | १५००– |
| सूर्य बहादुर राई | फाप्लु - सोलु | १०००– |
| एकाराज राई | फाप्लु - सोलु | ५००– |
| सन्त कुमार राई | फाप्लु - सोलु | १०००– |
| कनुरे राई | फाप्लु - सोलु | १०००– |
| भै बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | ५००– |
| मौलिधन राई | काँकु सोलुखुम्बु | ५००– |
| सगुजित राई | सल्लेरी-५, सोलुखुम्बु | ५००– |
| मीन बहादुर कार्की | वाकु -२,सोलुखुम्बु | ५००– |
| अमर राई | वाकु-१, सोलुखुम्बु | १०००– |
| उत्तर कुमार राई | सल्लेरी-५, सोलुखुम्बु | १०००– |
| भरूमान राई | सल्लेरी-५, सोलुखुम्बु | २०००– |
| राम सघंर्ष किराँती | वसन्तबजार सोलुखुम्बु | २०००– |
| चतुरमान राई | वसन्तबजार सोलुखुम्बु | ५१०– |
| विचारमान राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| रमेश राई | नयाँ बजार सोलुखुम्बु | ५५०– |
| महेश राई | नयाँ बजार सोलुखुम्बु | १०००– |
| नौमाया राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| पदम बहादुर राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| तेजकुमार राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| जयप्रसाद राई | नयाँ बजार सोलुखुम्बु | ६००– |
| प्रतिमान राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| प्यारीमाया राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| भूपालध्वज राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| बुद्धवीर राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| योगेश्वर राईं | नयाँ बजार सोलुखुम्बु | ५००– |
| कृष्ण राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| कुल बहादुर राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| शोभा राई | नयाँ बजार सोलुखुम्बु | ५००– |
| ख्याम बहादुर राई | सल्यान-१ , सोलुखुम्बु | ५००– |
| बुद्धिकिरण राई | बासा-५, सोलुखुम्बु | ५१०– |
| शिवप्रशाद राई | जुवु - ४, सोलुखुम्बु | ५००– |
| तिब्बत राई | सल्यान -१, सोलुखुम्बु | ५००– |
| | जम्मा | २३६७०– |


# हार्दिक शुभ-कामना

जिमी (राई) उत्थान समाज सोलुले
स्थापनाको १४ औं वर्ष पूरा गरी १५ औं वर्ष प्रवेश गरेको शुभ-अवसरमा
स्मारिका **प्रवाह**को पन्ध्रौं अङ्क प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ ।
**प्रवाह**ले सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विविध जानकारीमूलक
लेख, रचना, सहितको ज्ञानबर्द्धक खुराक पस्कन सकोस्
यही हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

**प्रो. भीमकुमार राई**
तथा
**के. एल. रेष्टुरेन्ट एण्ड फास्टफूड, परिवार**
कुपन्डोल, ललितपुर, फोनः ०१-५५५०९९१

# जिमी राई उत्थान समाज, सोलु

## स्थानीय समिति

**यस समाजको सल्लेरी-५,अवस्थित सामुदायिक जग्गामा भुमेथान (साकेलाथान) निर्माणार्थ सहयोग गर्ने महानुभावहरूको नामावली यसप्रकार छ ।**

| नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|
| सूर्य बहादुर राई | सल्लेरी-२, सोलुखुम्बु | ५००००- |
| अङ्ते राई | काँकु-६, सोलुखुम्बु | १०००- |
| चन्द्र प्रसाद आचार्य | नेचा-बतासे-१, सोलुखुम्बु | १०००- |
| लोकजीत कार्की | बासा-१ सोलुखुम्बु | १०००- |
| नारायनकाजी कार्की | बासा-२, सोलुखुम्बु | १०००- |
| एकराज राई | सल्लेरी-२, फाप्लु सोलुखुम्बु | २०००- |
| सौमाया राई | सल्लेरी-२, फाप्लु सोलुखुम्बु | १०००- |
| चन्द्र बहादुर राई | सल्लेरी-२, फाप्लु सोलुखुम्बु | १०००- |
| ईरना राई | सल्लेरी-२, फाप्लु सोलुखुम्बु | १००० |
| ईन्द्र कुमारी राई | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| मौलीधन राई | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| मानबीर राई | बासा-९ सोलुखुम्बु | १०००- |
| कनुरे राई | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| मङ्गल बहादुर तामाङ | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| जित बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| पर्खिधन राई | बुङ-१, सोलुखुम्बु | १०००- |
| रामकुमारी राई | सल्लेरी-२, सोलुखुम्बु | १०००- |
| राम बहादुर राई | बासा-८, सोलुखुम्बु | १०००- |
| कस्मिक कम्प्यूटर सेन्टर | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| बद्रीराज राई | सल्लेरी-५ सोलुखुम्बु | ३०००- |
| दिल कुमारी नाछिरिङ | पावै-८, सोलुखुम्बु | ११२०- |
| लिलानाथ राई | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| उत्तर कुमार राई | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| प्रकाश राई | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| देवी कुमारी राई | काँकु -२ सोलुखुम्बु | १५०५- |
| नवराज राई | काँकु -२ सोलुखुम्बु | १०००- |
| अकबर राई | काँकु -२ सोलुखुम्बु | १०००- |
| प्रभा राई | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| नर बहादुर राई | सल्लेरी-५ सोलुखुम्बु | १०००- |
| महेश खालिङ | नयाँ बजार सल्लेरी | १००५- |

| नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|
| योगेश्वर बाहिङ | काठमाण्डौं | १००५- |
| प्यारी देवी राई | नयाँ बजार सल्लेरी | १०२०- |
| जयप्रसाद राई | नयाँ बजार सल्लेरी | १०००- |
| चतुरमान राई | नयाँ बजार सल्लेरी | १००५- |
| हिराकाजी राई | ओखलढुङ्गा- मोली ३ | १०५०- |
| तेजनारायण राजभण्डारी | नयाँ बजार- ७ सोलुखुम्बु | १०५०- |
| रमेश कुमार थुलुङ | नयाँ बजार- ७ सोलुखुम्बु | १००५- |
| डाक बहादुर राई | सल्लेरी-५, सोलुखुम्बु | १०००- |
| मनदत्त राई | सल्लेरी-५, सोलुखुम्बु | १०१०- |
| तिब्बत राई | सल्यान-१, सोलुखुम्बु | १००५- |
| ख्याम बहादुर राई | सल्यान-१, सोलुखुम्बु | १००५- |
| शिव प्रसाद राई | बासा-५, सोलुखुम्बु | १००५- |
| बुद्धिकिरण राई | काँकु-१, सोलुखुम्बु | १००५- |
| भवनाथ ढुंगाना | सल्लेरी-५, सोलुखुम्बु | १५०- |
| दान बहादुर थापा | सल्लेरी-५, सोलुखुम्बु | १५०- |
| पञ्च बहादुर थापा | लोखिम-२ सोलुखुम्बु | १००- |
| सत्येन्द्र राई | सल्लेरी-५, सोलुखुम्बु | १००- |
| टंकराम राई | सल्लेरी-५, सोलुखुम्बु | १००- |
| मैना बहादुर तामाङ | लोखिम-१, सोलुखुम्बु | १००- |
| रासे राई | काँकु-१, सोलुखुम्बु | २००- |
| ईन्द्र बहादुर राई | काँकु-७, सोलुखुम्बु | ५००- |
| पर्खिधन वि.क. | काँकु-१, सोलुखुम्बु | ५०- |
| सपना राई | नयाँ बजार -७, सोलुखुम्बु | २०- |
| सुमित्री राई | सल्लेरी-५, सोलुखुम्बु | ३०- |
| याक्पु शेर्पा | काँकु-४, सोलुखुम्बु | १०५- |
| नौवरी राई | काँकु-९, सोलुखुम्बु | १५५- |
| रण बहादुर राई | काँकु-८, सोलुखुम्बु | ५००- |
| आङ बाबु शेर्पा | काँकु-५, सोलुखुम्बु | ५०- |
| दिल बहादुर राई | काँकु-५, सोलुखुम्बु | १०१०- |
| दिल बहादुर राई | काँकु- सोलुखुम्बु | ५००- |
| बिसुकला राई | काँकु- सोलुखुम्बु | ११०- |

| नाम | ठेगाना | सहयोग रू. | नाम | ठेगाना | सहयोग रू. |
|---|---|---|---|---|---|
| कमला राई | कॉंकु- सोलुखुम्बु | १५०– | भूपालध्वज राई | नयाँ बजार ७ सोलुखुम्बु | ५०५– |
| हाकिमध्वज राई | कॉंकु-४, सोलुखुम्बु | १५०– | कृष्ण राई | नयाँ बजार ७ सोलुखुम्बु | १०५– |
| सन्तमान राई | कॉंकु- १,सोलुखुम्बु | ५०– | प्रतिमान राई | नयाँ बजार ७ सोलुखुम्बु | २०५– |
| गेल्जे राई | कॉंकु-२, सोलुखुम्बु | ५०– | हर्क बहादुर राई | नयाँ बजार ७ सोलुखुम्बु | १२०– |
| शंख बहादुर राई | कॉंकु-७,सोलुखुम्बु | १५०– | असुरधन राई | नयाँ बजार ७ सोलुखुम्बु | १०५– |
| सत्यमान राई | कॉंकु-८ सोलुखुम्बु | २००– | पदम बहादुर राई | नयाँ बजार ७ सोलुखुम्बु | २०५– |
| चिना कार्की | दियाले ओखलढुङ्गा | १०५– | नौमाया राई | नयाँ बजार ७ सोलुखुम्बु | १५०– |
| शिवमाया राई | कॉंकु- ८, सोलुखुम्बु | १०५– | नन्दराज राई | नयाँ बजार ७ सोलुखुम्बु | १०५– |
| सूर्य बहादुर राई | कॉंकु- ८, सोलुखुम्बु | ५०– | आसमाया राई | नयाँ बजार ७ सोलुखुम्बु | १००– |
| आसबीर राई | कॉंकु- २, सोलुखुम्बु | १५०– | भगवती राई | नयाँ बजार ७ सोलुखुम्बु | १०५– |
| उत्तम राई | बासा -५, सोलुखुम्बु | ३००– | उमादेवी राई | नयाँ बजार ७ सोलुखुम्बु | १५०– |
| तारदेन शेर्पा | सल्लेरी-५ सोलुखुम्बु | ५००– | प्रेम कुमारी राई | नयाँ बजार ७ सोलुखुम्बु | १०५ |
| जाम प्रसाद भट्टराई | दुधकोशी प्रा.वि. कॉंकु | ५००– | टीकामाया राई | बासा-४, सोलुखुम्बु | १००– |
| डबल सिं राई | कॉंकु -२, सोलुखुम्बु | ५००– | टेक कुमारी राई | नयाँ बजार | १०५– |
| डुक कुमार वास्तोला | नेचावेतघारी ९, सोलुखुम्बु | २००– | प्रेम कुमारी राई | बसन्त बजार | ५००– |
| होम बहादुर सुनुवार | ओखलढुङ्गा खिजीकाँती -३ | ५५०– | प्रेम कुमारी राई | नयाँ बजार | १००– |
| मान बहादुर कार्की | सल्लेरी-५ सोलुखुम्बु | २००– | धनमाया राई | नयाँ बजार | ५००– |
| कुमार मगर | सल्लेरी-५ सोलुखुम्बु | २००– | प्रकाश राई | नयाँ बजार | १२०– |
| केशव कुलुङ | छेस्काम -८, सोलुखुम्बु | २००– | दिनेश राई | सल्लेरी-५ | १५०००– |
| तिलक राई | कॉंकु-६, सोलुखुम्बु | ५००– | पञ्च बहादुर राई | सल्लेरी -५ | ६०००– |
| कान्छी राई | नयाँ बजार ७ सोलुखुम्बु | १२०– | गोकर्ण थुलुङ्ग (संसदकोषबाट)काठमाडौं | | १००००० |
| बुद्धबीर राई | नयाँ बजार ७ सोलुखुम्बु | २५०– | | जम्मा | २,२८,८९० |


# हार्दिक शुभ-कामना

जिमी (राई) उत्थान समाज सोलुले
स्थापनाको १४ औं वर्ष पूरा गरी १५ औं वर्ष प्रवेश गरेको
शुभ-अवसरमा प्रकाशन गर्न लागेको **प्रवाह** स्मारिकाको
सफलताका लागि हार्दिक शुभकामना ।

**कुलरत्न राई**
प्रोप्राइटर

**लोटस रग एण्ड ह्याण्डी क्र्याफ्टस्**
धापासी, काठमाडौं, **फोन : ४३५४०११**



# हार्दिक शुभकामना

काँकु-१, सोलुखुम्बु निवासी श्री अर्थबहादुर राई तथा स्व. श्रीमती रुपा राईका आयुष्मती सुपुत्री गोपी राईको काँकु-१, सोलुखुम्बु छविरमान राई तथा आमा नापु राईको सुपुत्र एवं यस समाजका आजीवन सदस्यद्धय गोपी राई तथा विसन राई विवाह-वन्धनमा बाँधिनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दैं सफल दाम्पत्य जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं



# हार्दिक शुभकामना

जुबु-४, सोलुखुम्बु निवासी सूर्यबहादुर राई तथा प्रमिता राईका सुपुत्र एवं यस समाजका केन्द्रीय सदस्य **राजकुमार राई** तथा इन्द्रपुर-१, मोरङ निवासी बलबहादुर राई तथा लालकुमारी राईका सुपुत्री **नविना राई विवाह-बन्धन**मा बाँधिनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दैं सफल दाम्पत्य जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जिमी (राई) उत्थान समाज, सोलु**
केन्द्रीय समिति, काठमाडौं

# हार्दिक श्रद्धाञ्जली



जन्मः
मङ्सिर १३, १९८४





स्वर्गारोहणः
भाद्र ११, २०६९

हाम्रा पूज्यनीय पिता **नाङ्छी राई** को
८६औं वर्षमा निधन भएको यस दुःखद घडीमा वहाँको आत्माको
चीर शान्तिको कामना गर्दै हार्दिक **श्रद्धाञ्जली** अर्पण गर्दछौं।
साथै हामी प्रति समवेदना प्रकट गर्नुहुने सबैप्रति
हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीहरूः**

चक्रमणि राई
मैलक्ष्मी राई

केशर बहादुर राई
देवकुमारी राई

मूलिवीर राई
टिका राई

**नाती/नातिनीहरूः**

कुञ्जनी राई
टोपजंग राई
आकृता राई

एलिना राई
मेलिना राई
सलिना राई

स्मृति राई

सिद्धिपुर-५, ललितपुर

## कविता

रामकुमार राई
लोखिम-४, सोलुखुम्बु

# म

कुलतमा फस्नेहरूको सरदार म
फटाहाहरूको भीड माझको अध्यक्ष म

नर पिसाचहरूको हुलभित्रको नाइके म
चोरहरूको समूहभित्रको निर्देशक हुँ म

कंलकहरूको माझको प्रमुख हुँ म
रडाको मच्याउने कामको ठेकेदारी हुँ म

भट्टीहरू धाएर दिनचर्या गर्ने योजनाकार म
साहिली र माहिलीको दोकान चहार्ने डिजाइनर म

धोक्राएको सुरमा बुढियालाई बेस्सरी पिट्ने नायक म
कहिले कहीं श्रीमतीकै मुक्का खाइदिने खलनायक म

सधैँ चोक अनि गल्ली चहार्ने नवआगन्तुक म
खहरे खोलामा फड्के साँघु हाल्ने इन्जिनियर म

आफ्नै आँगनमा धाराको कल फेर्न नसक्ने प्राविधिक म
सधैँ सुर्तीको सर्का उडाएर हिंड्ने नामुद डाक्टर म

जिन्दगीमा कहिल्यै क देखि ज्ञ नचिनेको
कुशल शिक्षक म
रक्सीसँग अलिकति सुकुटी पनि चाहिन्छ भन्ने
कुराको अनुसन्धान गर्ने महान् वैज्ञानिक हुँ म

सधैँ चोर्ने, ठग्ने, लुट्ने, पिट्ने अनि गुन्डागर्दीको
मात्र कुरा गर्ने महान् बकमफुसे निर्देशक हुँ म ॥

## कविता

# स्वच्छ र हराभरा नेपाल



उमाकला कुलुङ
गुदेल-५, वाफुदो टोल, सोलुखुम्बु

कहाँबाट कसरी भयो यसको उत्पति
सुन्दरतामा केही छैन यो देशको आपत्ति
मेरो यो देशको वर्णन गर्न सकिदैन कहेर
गर्व छ मलाई यो देशको व्यक्ति नेपाली भएर ।

हराभरा र स्वच्छ राम्रो नीलो आकाश राम्रो
घाम राम्रो, दिन राम्रो वातावरण भनै राम्रो
प्रकृतिको काखमा लडिबुडी खेलाउने स्वर्गको
सुन्दरताको धनी देश नेपाल हो हाम्रो ।

हिमालदेखि पहाड र तराई क्या राम्रो मिलेको
विचित्र रूप देखेर यसको परी नि टोलाको
रूखकै हो आखिर शिशिरी हावा बहेको
स्वच्छ र सुन्दर हराभरा नेपाल सधैँ नै जितेको ।

वसन्त ऋतु लागे त भनै फूलैको विछ्यौना
दृश्यको प्यास लाग्नेहरूको मेटिन्छ तिर्सना
सगरमाथा शिरमा टोपी मुहार छन् हरिया
सुहाएको हजुर लाउँदा भनै तराईको फरिया ॥

# 'यशोदा' लिएर नेपाली सांगीतिक आकाशमा यशोदाको आगमन

नेपालमा जन्मेर विश्वका विभिन्न मुलुकमा वसोवास गर्दै नेपाललाई नै माया गरिरहने नेपालीहरू लाखौं छन् । तिनै लाखौं मध्ये एक हुन् यशोदा खालिङ राई । अमेरीकाको तिजमा कम्मर मर्काएर होस् या बिभिन्न कार्यक्रमहरूमा नेपाली गीत गाएर होस् कुनै न कुनै रूपले यशोदा आफ्नो मातृभूमिलाई सम्झिरहेकै हुन्छिन् । त्यसै सन्दर्भमा उनले नेपालप्रतिको प्रगाढ मायालाई व्यक्त गर्दै 'यशोदा' नामक पहिलो गीति एल्वम बजारमा ल्याएकी छिन् । सानै उमेरदेखि संगीत क्षेत्रमा झुकाव राख्ने यशोदा अब नेपाली सांगीतिक आकाशको फाँटमा एक चम्किलो ताराको रूपमा उदाएकी छिन् ।




केही वर्ष भयो उनले अमेरीकामै बसोबास गर्न थालेको । सुन्दर जिल्ला सोलुखुम्बुको जुभिङ (ज्युब्यु) मा जन्मिएकी यशोदाले लोकआधुनिक शैलीका गीतहरूको संग्रह "यशोदा" लिएर नेपाली संगीतका श्रोतामाझ आएकी छिन् ।

'बिजमलाल'को तिर्सनाले सताएको छ उनलाई अमेरीकामा र बिर्सेका छन् अमेरीकालाई 'बिजमलाल'को सम्झनामा–

*'गाई सँगै माया चरा'को हेल्कु झलझली*
*ऐसेलु सँगै पिरति टिपको प्वास्कु झलझली'*

एल्वममा 'तिम्रै हुँ भन्थ्यौ', 'तिमीलाई यी आँखाले', 'बिजमलाल', 'जिन्दगीमा नसोचेको', 'यो मन भुल्यो', 'तिम्रो नाम खोपेँ मैले', 'घाम होईन मेरो जीवन', 'कसले बतायो', गरी जम्मा आठ गीतहरू संग्रहित छन् ।

